नव दर्पण

२०८१

प्रकाशक

उपराष्ट्रपतिको कार्यालय

हरितगृह, लैनचौर, काठमाडौं

राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

नव दर्पण

नवौं संस्करण आ.व. २०७९/०८० - आ.व. २०८०/०८१

प्रकाशक

श्री उपराष्ट्रपतिको कार्यालय

हरितगृह, लैनचौर, काठमाडौं, नेपाल

नव दर्पण

नवौं संस्करण

संरक्षक
सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव

निर्देशन समिति
सचिव श्री राधिका अर्याल
प्रमुख स्वकीय सचिव श्री आनन्द कुमार यादव
सहसचिव श्री विजुकुमार श्रेष्ठ
सह स्वकीय सचिव श्री नन्द किशोर यादव

प्रमुख सम्पादन
प्रेष संयोजक श्री दिनेश यादव

सम्पादन समूह
उपसचिव श्री कृष्णप्रसाद बस्याल
उपसचिव श्री प्रविण पौडेल
स्वकीय उपसचिव शत्रुधन यादव
शाखा अधिकृत श्री सान्नानी अधिकारी
शाखा अधिकृत श्री गोविन्द बहादुर थापा
लेखा अधिकृत श्री दिपक बाबु पन्त

सम्पादन सहयोगी
ना.सु.श्री राजनप्रसाद पौडेल
ना.सु. श्री देवकला अर्याल
ना.सु. श्री सृष्टि शाक्य
क.अ. श्री राजेश खनाल
क.अ. श्री शेषकान्त सेढाई

फोटोग्राफर
श्री राधेश्याम विश्वकर्मा

प्रकाशक
श्री उपराष्ट्रपतिको कार्यालय
उपराष्ट्रपति भवन, हरितगृह
लैनचौर, काठमाडौं
फोन नं.: ४५४६३१३
फ्याक्स: ४५४६४१७, ४५४५९१६
ईमेल : mailadmin@vpn.gov.np
वेवसाइट : www.vpn.gov.np

ले-आउट/डिजाइन
गोविन्द खनाल

मुद्रण
सदिक्षा अपसेट प्रेस प्रा.लि.
बिजुलीबजार, काठमाडौं

विषय-सूची

सम्पादकीय

शुभकामना मन्तव्य

नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था १

सम्माननीय उपराष्ट्रपतिको जीवनी ३

सम्बोधन तथा शुभकामना खण्ड

सम्माननीय उपराष्ट्रपतिको महत्वपूर्ण सम्बोधन ७

सम्माननीय उपराष्ट्रपतिबाट विशेष दिवसका अवसरमा दिनुभएको शुभकामना सन्देश ४३

फोटो संग्रह खण्ड

औपचारिक समारोहमा सम्माननीय उपराष्ट्रपति ६८

सम्माननीय उपराष्ट्रपतिसंग कूटनीतिक नियोगका पदाधिकारीहरुको शिष्टाचार भेट ७३

नेपालस्थित विभिन्न मित्र राष्ट्रहरुका महामहिम राजदूतहरुले गर्नुभएको शिष्टाचार भेट ७६

अन्य विविध तस्विरहरु ८२

चीन भ्रमणका तस्विरहरु ८४

विवरण खण्ड

सम्माननीय उपराष्ट्रपति प्रमुख अतिथि हुनुभएका कार्यक्रमहरु ८८

सम्माननीय उपराष्ट्रपति कूटनीतिक नियोगका समारोहमा सहभागी कार्यक्रम ९५

विविध खण्ड

पूर्व उपराष्ट्रपतिसंग सम्बन्धित सामग्रीहरु १०१

पूर्व उपराष्ट्रपतिको विदाई समारोह १०६

उपराष्ट्रपतिको कार्यालयको बजेट खर्च विवरण १०७

उपराष्ट्रपतिको कार्यालयबाट सम्पादित मुख्य मुख्य कार्यहरु १०७

उपराष्ट्रपतिको कार्यालयको संगठन संरचना १०८

उपराष्ट्रपतिको कार्यालयको दरबन्दी तेरिज १०८

उपराष्ट्रपतिको निजी सचिवालयका कर्मचारीको विवरण १०९

हाल सम्मका सचिवहरुको विवरणहरु ११०

सम्मानननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव

कार्यकाल शुभारम्भ : २०७९-१२-०६

सम्पादकीय

लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आमनागरिक शक्तिशाली हुन्छन् । राज्यका संवैधानिक अंग, सरकारी तथा सार्वजनिक निकाय आमनागरिकप्रति उत्तरदायी हुनु लोकतन्त्रको मूल मर्म नै हो । सार्वजनिक निकायले गर्ने काम र कर्तव्य बारे आमनागरिक सु-सूचित भए मात्रै राज्यका निकायहरु उनीहरुप्रति जवाफदेही र पारदर्शी रहेको ठहरिन्छ । यसले सुशासनमा योगदान पुग्नुको साथै राष्ट्रिय आकांक्षालाई मूर्त रुप दिन पनि सहयोग पुग्दछ ।

राष्ट्रिय एकताको प्रवर्धक, संविधानको पालन र संरक्षकत्व, राष्ट्रको अविभावकत्व तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रतीकका रुपमा उपराष्ट्रपति रहने संवैधानिक व्यवस्था छ । संविधानले निर्दिष्ट गरेका क्षेत्राधिकार भित्र रही सम्माननीय उपराष्ट्रपतिले सबै जातजाति, भाषाभाषी, धर्म, संस्कृति, क्षेत्र र भूगोलका आम नागरिकलाई एकताबद्ध बनाउँदै देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र नागरिकको स्वतन्त्रतालाई बलियो बनाउन महत्वपूर्ण अविभावकीय भूमिका निर्वाह गरिरहनु भएको छ ।

सम्माननीय उपराष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयले आफ्नो कार्य सम्पादनमा सधैं आमनागरिकप्रतिको जवाफदेहिता र पारदर्शितालाई प्राथमिकतामा राखेको छ । सम्माननीय उपराष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयबाट भएका सबै कामहरु प्रत्येक नागरिकले थाहा पाउनु पर्दछ । नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाभित्र रही सम्माननीय उपराष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयबाट भएका कामलाई संग्रह गर्ने तथा व्यवस्थित तरिकाले नागरिकमा सूचना प्रवाह गर्न '**नव दर्पण**' प्रकाशित हुँदै आएको छ ।

२०७९ श्रावणदेखि २०८१ असार सम्मका सम्माननीय उपराष्ट्रपतिबाट भएका भ्रमण, कूटनीतिक भेटघाट, कूटनीतिक नियोगका विशेष समारोह र विभिन्न कार्यक्रममा सहभागीता तथा त्यसक्रममा अभिव्यक्त विचारका साथै कार्यालयसंग सम्बन्धित महत्वपूर्ण विषयहरु समावेश गरिएको '**नव दर्पण**'को नवौं संस्करण एउटा महत्वपूर्ण संग्रह र दस्तावेज बन्ने विश्वास हामीले लिएका छौं । यसले आमनागरिकको सार्वजनिक र संवैधानिक निकायले गर्ने सार्वजनिक महत्वका कामहरुबारे सुसूचित हुने अधिकारको पृष्ठपोषण गर्नेछ ।

अन्त्यमा, 'नव दर्पण' को नवौं संस्करणका लागि शुभकामना सन्देश दिनु हुने सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव र उपराष्ट्रपतिको कार्यालयका सचिव राधिका अर्यालप्रति आभार व्यक्त गर्दछौं । साथै यो प्रकाशनमा महत्वपूर्ण निर्देशन र सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारी तथा निजी सचिवालयका पदाधिकारीहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छौं ।

२०८१ असार

उपराष्ट्रपति

काठमाडौं, नेपाल

शुभकामना मन्तव्य

उपराष्ट्रपतिको कार्यालयको प्रकाशन **'नव दर्पण'** को नवौं संस्करण प्रकाशन हुन लागेकोमा खुशी लागेको छ । यो प्रकाशनको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यो प्रकाशन मार्फत् उपराष्ट्रपतिको कार्यालयबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम र गतिविधि सम्बन्धी लिखित एवं उपयोगी जानकारी आम नागरिकलाई प्राप्त हुने पूर्ण विश्वास लिएको छु । साथै, उपराष्ट्रपतिको कार्यालय अन्तर्गत सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई **'नव दर्पण'** मार्फत् थप सजिलो, सरल र सहज बनाउने छ । यो प्रकाशन नागरिकको सुसूचित हुने हकको प्रत्याभूति गराउन कोशेढुंगा बन्नमा पूर्ण सफल होस् ।

मुलुकको संविधान, ऐन र कानूनको अधिनमा रहेर प्रकाशित हुने कुनै पनि प्रकाशन आफैमा एउटा महत्वपूर्ण दस्तावेज र सूचना एवं जानकारीको संवाहक पनि हो । अझ शिक्षा, ज्ञान, सूचना र जानकारी प्राप्त गर्ने उत्कट चाहना राख्नेहरुका लागि यी र यस्ता प्रकाशनहरु झनै महत्वपूर्ण सामग्री हुने गर्दछ । यसले दस्तावेजिकरणमा सहयोग गर्दै इतिहासलाई अभिलेखिकरण गर्नमा अतुलनीय योगदान पुऱ्याउँदछ ।

यो जनसम्पर्कको सर्वोत्तम माध्यम पनि भएकाले अघिल्ला वर्षहरुमा जस्तै **'नव दर्पण'** को प्रकाशन उपराष्ट्रपतिको कार्यालयको आधिकारिक गतिविधि, सूचना र जानकारी आम नागरिकसम्म पुग्ने एउटा उत्कृष्ट एवं संग्रहणीय दस्तावेज बनोस् ।

उपराष्ट्रपतिको कार्यालयका सबै अधिकारी तथा कर्मचारीहरुको दृढसंकल्प, कार्यकुशलता, सत्यनिष्ठा एवं कठिन परिश्रमको परिणामले नै यो प्रकाशन सम्भव भएको हो । यो प्रकाशनसंग जोडिएका र सहयोग गर्ने सम्पूर्ण अधिकारी, कर्मचारी तथा निजी सचिवालयका पदाधिकारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यो संस्करण सबैका लागि पठनीय, जानकारीमुलक र संग्रहणीय बन्ने विश्वास व्यक्त गर्दै **'नव दर्पण'** प्रकाशन आफ्नो उद्देश्यमा सफल बनोस्, म असीम शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ असार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं, नेपाल

शुभकामना

उपराष्ट्रपतिको कार्यालयबाट निरन्तर रुपमा प्रकाशन हुँदै आएको नव दर्पणको नवौं संस्करण प्रकाशन हुन लागेकोमा खुसी लागेको छ । सम्माननीय उपराष्ट्रपतिको संरक्षकत्वमा यस कार्यालयबाट सम्पादन भएका गतिविधिहरुको झलक सहित प्रकाशन हुने नवौं संस्करण प्रकाशनको सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधानको धारा ६७ एवं धारा ७३ को प्रावधान अनुसार स्थापित उपराष्ट्रपतिको कार्यालयले स्थापनाकालदेखि नै सम्माननीय उपराष्ट्रपतिको संविधान र कानून बमोजिमका कार्यसम्पादनमा सहयोगी भूमिका निर्वाह गरिरहेको छ । यस संस्करणमा २०७९ श्रावणदेखि २०८१ असारसम्म सम्माननीय उपराष्ट्रपति सहभागी हुनुभएका राष्ट्रिय, अन्तर्राष्ट्रिय भ्रमण तथा यस कार्यालयबाट सम्पादन भएका कामहरुको जानकारीसहितको विवरण समावेश गरिएको छ ।

यो प्रकाशनले सम्माननीय उपराष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालयबाट सम्पादन गरिएका कामहरुको बिषयमा जानकारी दिने विश्वास लिएको छ ।

नव दर्पणको नवौं संस्करण प्रकाशनको लागि अनवरत खटिई कार्यसम्पादन गर्नुहुने सम्पादन मण्डल तथा अन्य राष्ट्रसेवक प्रति आभार प्रकट गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

२०८१ असार ।

राधिका अर्याल
सचिव

टेलिफोन: ५५४६५१८, ५५४६३१३, ५५४६५१६ फ्याक्स: ५५५२११६, ५५४६५१७ वेबसाईट: www.vpo.gov.np

नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था

६१ **राष्ट्रपति :** (१) नेपालमा एक राष्ट्रपति रहनेछ ।

(२) राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछ । निजले यस संविधान र संघीय कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्नेछ ।

(३) राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्धन गर्नेछ ।

(४) संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ ।

६२ **राष्ट्रपतिको निर्वाचन :** (१) राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार संघीय कानून बमोजिम फरक हुनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश सभाको निर्वाचन नभएका कारणले मात्र राष्ट्रपतिको निर्वाचन प्रयोजनका लागि निर्वाचक मण्डल गठन गर्न बाधा परेको मानिने छैन ।

(३) उपधारा (१) बमोजिमको निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुनेछ ।

(४) उपधारा (३) बमोजिम कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरु बीच मतदान हुनेछ र त्यस्तो मतदानमा कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुनेछ ।

(५) उपधारा (४) बमोजिमको मतदानबाट समेत कुनै उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनः मतदान हुनेछ । त्यस्तो मतदानमा खसेको कुल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुनेछ ।

(६) निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको व्यक्ति यस धारा बमोजिम राष्ट्रपति निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।

(७) राष्ट्रपतिको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

६३ **राष्ट्रपतिको पदावधि** : (१) राष्ट्रपतिको पदावधि निर्वाचित भएको पाँच बर्षको हुनेछ ।

(२) उपधारा (१) बमोजिमको पदावधि समाप्त भएको राष्ट्रपतिले अर्को निर्वाचित राष्ट्रपतिले पदभार नसम्हालेसम्म यस संविधान बमोजिम कार्य सम्पादन गर्नेछ ।

६४ **राष्ट्रपतिको योग्यता** : (१) देहायको योग्यता भएको व्यक्ति राष्ट्रपति हुनका लागि योग्य हुनेछ :-

(क) संघीय संसदको सदस्य हुन योग्य भएको,

(ख) कम्तीमा पैंतालिस बर्ष उमेर पुरा भएको, र

(ग) कुनै कानूनले अयोग्य नभएको ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई पटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति राष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन ।

६५ **राष्ट्रपतिको पद रिक्त हुने अवस्था** : देहायको कुनै अवस्थामा राष्ट्रपतिको पद रिक्त हुनेछ :-

(क) निजले उपराष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) निजको मृत्यु भएमा ।

६६. **राष्ट्रपतिको काम, कर्तव्य र अधिकार** : (१) राष्ट्रपतिले यो संविधान वा संघीय कानून बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

(२) उपधारा (१) बमोजिम अधिकारको प्रयोग वा कर्तव्यको पालन गर्दा यो संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुनेछ । त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ ।

(३) उपधारा (२) बमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण संघीय कानून बमोजिम हुनेछ ।

६७. **उपराष्ट्रपति** : (१) नेपालमा एक उपराष्ट्रपति रहनेछ ।

(२) राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरु उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ ।

(३) निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।

६८. **उपराष्ट्रपतिको पद रिक्त हुने अवस्था** : देहायको कुनै अवस्थामा उपराष्ट्रपतिको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको बिरुद्ध धारा १०१ बमोजिम महभियोगको प्रस्ताव पारित भएमा,

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) निजको मृत्यु भएमा ।

६९ **उपराष्ट्रपति सम्बन्धी अन्य व्यवस्था :** उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया पदावधि सम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ ।

७० **राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने :** यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

७१ **राष्ट्रपति र उपराष्ट्रपतिको शपथ :** राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि संघीय कानून बमोजिम राष्ट्रपतिले प्रधान न्यायाधीश समक्ष र उपराष्ट्रपतिले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

७२ **राष्ट्रपति र उपराष्ट्रपति पारिश्रमिक तथा सुविधा :** राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा संघीय ऐन बमोजिम हुनेछ र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

७३ **राष्ट्रपति र उपराष्ट्रपति कार्यालय :** (१) राष्ट्रिय र उपराष्ट्रपतिको कार्य सम्पादनका लागि छुट्टाछुट्टै कार्यालय रहनेछ ।

(२) उपधारा (१) बमोजिमको कार्यालयको काम कारवाही संचालन गर्न आवश्यक कर्मचारी तथा अन्य व्यवस्था नेपाल सरकारले गर्ने ।

सम्माननीय उपराष्ट्रपति
रामसहाय प्रसाद यादवको जीवनी

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव (दायाँबाट दोस्रो) र धर्मपत्नि चम्पा देवी यादव (दायाँबाट अन्तिम) का साथ दाजु रामधारी प्रसाद यादव (बायाँबाट दोस्रो) र भाउजु लालमति देवी यादव (देहवसान भईसकेको) । फाइल तस्विर/उपराष्ट्रपतिको निजी सचिवालय

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवले २०७९ चैत ६ गते नेपालको तेस्रो उपराष्ट्रपतिका रुपमा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । यसअघि उहाँले आफ्नो जीवन मधेशी, दलित, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत, उपेक्षित, उत्पीडित, अपहेलित, दमित, शोषित, पिछडा र कमजोर वर्ग लगायतको समावेशिता, समानता, समता र सहअस्तित्वको पक्षमा सशक्त रुपमा आवाज उठाउँदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको मूल्यमान्यतालाई सबल, सुदृढ एवं बलियो बनाउनका लागि सधैं आफुलाई समर्पित गर्दै आउनु भएको थियो । हाल, नेपालको संविधानले निर्दिष्ट गरेका क्षेत्राधिकार भित्र रही सम्माननीय उपराष्ट्रपतिको रुपमा उहाँले संविधानको साथै सबै जातजाति, भाषाभाषी, धर्म, संस्कृति, क्षेत्र र भूगोलका आमनागरिकलाई एकताबद्ध बनाउँदै देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र नेपाली आमजनको स्वतन्त्रतालाई बलियो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनु भएको छ ।

प्रारम्भिक जीवन र परिवार

उहाँ २०२७ साउन ९ गते मधेश प्रदेशको बारा जिल्ला, साबिक गाउँ विकास समिति कचोर्वा वार्ड नं. ८ बसवरिया टोल (हाल : जिल्ला बारा, सिम्रौनगढ नगरपालिका वार्ड नं. ९, बसबरिया) मा एक मधेशी किसान परिवारमा माता सिहवा देवी यादव र बुवा प्रसाद राय यादवका कान्छो छोराका रुपमा जन्मिनु भएको हो ।

उहाँको प्रारम्भिक जीवन अभाव, कठिनाई र संघर्षपूर्ण रहयो । उहाँ आफैं पनि खेती किसानीमा सदैव सक्रिय रहनु भयो । उहाँले विगतमा पेशागत रुपमा शिक्षक र नेतृत्वदायी भूमिकामा रहेर पनि आफुलाई कृषिकर्मबाट कहिल्यै अलग राख्नु भएन । यो कार्यसँगै राजनीतिक जीवनमा उहाँलाई जीवन संगिनी चम्पा देवी यादवको सधैं साथ र सहयोग रहयो । उपराष्ट्रपति भईसक्दा पनि यो विरासतलाई चम्पा देवीले सम्हाल्दै आउनुभएको छ । उहाँकी जीवन संगिनी अझै पनि बारामै कृषिकर्म र पशुपालनमा रमाई रहनु भएको छ । उहाँका एक दाजु रामधारी प्रसाद यादव (अवकाश प्राप्त शिक्षक), दुई दिदीहरु राधिका देवी यादव (देहवसान भईसकेको) र राजकली देवी यादव तथा बहिनी रुकमिला देवी यादव हुनुहुन्छ । उपराष्ट्रपति यादवका

दुई छोरा र एक छोरीसहित तीन सन्तान हुनुहुन्छ । जेठो छोरा शत्रुधन यादव, छोरी सन्जु यादव र कान्छो छोरा शशिभूषण यादव हुनुहुन्छ ।

शिक्षा

उपराष्ट्रपति यादवले मधेश प्रदेश, बारा जिल्लाको बसवरियास्थित श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयबाट प्रारम्भिक शिक्षा र कचोर्वास्थित श्री जनता निम्न माध्यमिक विद्यालयबाट नि.मा.वि. तहको शिक्षा ग्रहण गर्नुभयो । त्यसपछि बारा सिम्रौनगढस्थित श्री कंकाली माध्यमिक विद्यालयबाट २०४३ मा प्रवेशिका परीक्षा उत्तीर्ण गर्नुभयो । उहाँले बिहार इन्टरमिडियट शिक्षा परिषद् पटना (भारत) बाट सन् १९९० मा विज्ञान/गणित विषयमा प्रविणता प्रमाणपत्र तह (आई.एस्सी.) उत्तीर्ण गर्नुभयो । बिहारको मुजफ्फरपुरस्थित उच्च शिक्षाका लागि प्रख्यात डा. बाबासाहेब भिमराव अम्बेडकर विश्वविद्यालय अन्तर्गत सीतामढीस्थित एसएलके महाविद्यालयबाट सन् १९९०-९३ मा उहाँले विज्ञान विषयमा स्नातक (बी.एस्सी.) उत्तीर्ण गर्नुभयो । त्यसपछि त्रिभुवन विश्वविद्यालय अन्तर्गत वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसबाट वि.सं. २०५५ मा शिक्षा शास्त्र (गणित) मा उहाँले स्नातक (बी.एड.) उत्तीर्ण गर्नुभयो ।

पेशा

बारा कलैयास्थित श्री पन्नादेवी कन्या माध्यमिक विद्यालयमा वि.सं. २०४८-२०६४ सम्म गणित/विज्ञान विषयको शिक्षण पेशामा आवद्ध रहनु भयो । सफल शिक्षकको भूमिकामा आउनुअघि शिक्षण पेशामा सेवारत रहेकै बेला वि.सं. २०४६-२०५२ सम्म उहाँ सरस्वती नवयुवक क्लबका अध्यक्ष भई नेतृत्वदायी भूमिका पनि निर्वाह गर्नुभयो ।

राजनीतिमा प्रवेश र संगठन

वि.सं. २०४७ मा उपराष्ट्रपति यादव नेपाल सद्भावना पार्टीमा आवद्ध हुनुभयो । नेपाल शिक्षक मंच बाराको संस्थापक र शिक्षक मंचको केन्द्रीय समितिको कोषाध्यक्षको जिम्मेवारी सफलताका साथ पुरा गर्नुभयो । वि.सं. २०५० मा वीरगंजमा सम्पन्न नेपाल सद्भावना पार्टीको तेस्रो महाधिवेशनको पर्यवेक्षकको भूमिका निर्वाह गर्नुभयो । यसैगरी, विराटनगरमा सम्पन्न नेपाल सद्भावना पार्टीको चौथो महाधिवेशनमा प्रतिनिधि बन्नुभयो । वि.सं. २०५९ मा राजबिराजमा सम्पन्न नेपाल सद् भावना पार्टीको पाँचौं महाधिवेशनमा प्रतिनिधिकै रुपमा सहभागी हुनुभयो । वि.सं. २०५९ मा उहाँ मधेशी जनअधिकार फोरम नेपालमा आवद्ध हुनुभयो । वि.सं. २०६० फागुन ७ मा मधेशी जनअधिकार फोरम नेपालको बाराको संस्थापक संयोजक (अध्यक्ष) को जिम्मेवारी वहन गर्नुभयो । उहाँले आफ्नो भूमिका र जिम्मेवारी अत्यन्तै गहनता र सफलताका साथ पुरा गर्नुभयो ।

वि.सं. २०६० मा पटना बैठकबाट उहाँ मधेशी जनअधिकार फोरम नेपालको केन्द्रीय सदस्य बन्नुभयो । वि.सं.२०६४ मा मधेशी जनअधिकार फोरम नेपाल निर्वाचन आयोगमा पार्टी दर्ता हुँदा उहाँ केन्द्रीय सदस्य कै जिम्मेवारीमा हुनुहुन्थ्यो । अत्यन्तै सुझबुझ र सांगठनिक भूमिका निर्वाह गरेकै कारण वि.सं. २०६५ जेष्ठ १९ गते उहाँ पार्टीको महासचिवको जिम्मेवारीमा पुग्नुभयो । वि.सं. २०७२ मा मधेशी जनअधिकार फोरम नेपाल र संघीय समाजवादी पार्टी नेपाल एकीकरण भई गठन भएको संघीय समाजवादी फोरम नेपालको पनि उहाँले महासचिवकै रुपमा भूमिका निर्वाह गर्नुभयो । वि.सं. २०७५ मा संघीय समाजवादी फोरम नेपाल र नयाँ शक्ति पार्टी नेपाल एकीकरण भई गठन भएको समाजवादी पार्टीमा पनि उहाँले महासचिव को जिम्मेवारी पाउनु भयो । त्यसपछि वि.सं. २०७६ मा समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी (राजपा) बीच एकीकरण भई गठित जनता समाजवादी पार्टी नेपालको कार्यकारिणी समिति सदस्यमा नियुक्त हुनुभयो ।

आन्दोलनमा सक्रियता

वि.सं. २०५७ मा नागरिकता सम्बन्धी तत्कालीन संविधानको विवादास्पद धाराको विरोध कार्यक्रममा काठमाडौंमा सहभागी भई गिरफ्तार हुनु भयो । राजविराज महाधिवेशनको क्रममा पार्टी एकता कायम राख्न सप्तरी सेवा आश्रममा उहाँ आमरण

अनसन बस्नु भयो । त्यतिबेला आनन्दी देवीद्वारा अनसन तोड्न लगाई आनन्दी देवीको नेतृत्वमा नेपाल सद्भावना पार्टी (आनन्दी देवी) गठन गरिएको थियो । २०६२/०६३ को जनआन्दोलनमा उहाँको सक्रिय सहभागीता रहयो । जनआन्दोलनका क्रममा उहाँ काठमाडौंमा पटकपटक पक्राउ पनि पर्नुभयो । २०६३/६४ को मधेश जनविद्रोहका क्रममा बारा, पर्सा, रौतहट र कैलाली जिल्लामा आन्दोलनको नेतृत्वको जिम्मेवारी पाउनु भयो । उक्त आन्दोलनका क्रममा पटकपटक गिरफ्तार हुनुभयो । वि.सं. २०७२ मा मधेश आन्दोलनमा निषेधाज्ञा तोड्ने क्रममा प्रहरीको लाठी प्रहारबाट उहाँ सख्त घाइते हुनुभएको थियो । यसैगरी, नेपाल-भारत दशगजा क्षेत्रको वीरगंज मितेरीपुलमा लगातार धर्ना (लगभग ६ महिना) मा उहाँ सहभागी हुनु भयो । असमानता, विभेद, र अन्याय, अशिक्षा, सामाजिक कुरीति र गरीबीविरुद्धको हरेक मोर्चामा संघर्ष गर्दै नेपालमा गणतन्त्र, संघीयता, समानुपातिक समावेशिताका लागि उहाँको महत्वपूर्ण योगदान रहेकोछ ।

चुनाव र सार्वजनिक जीवन

वि.सं.२०६४ को पहिलो संविधानसभामा उहाँ संविधानसभा सदस्यमा निर्वाचित हुनुभयो । पहिलो संविधानसभामा अन्तर्राष्ट्रिय सम्बन्ध तथा संवैधानिक निकाय समितिको सदस्यको रुपमा उहाँले सफल भुमिका निर्वाह गर्नुभयो । वि.सं. २०७४ मा प्रतिनिधिसभामा बारा क्षेत्र नं. २ बाट उहाँ अत्याधिक मतले निर्वाचित हुनुभयो ।

वि.सं. २०७९ को प्रतिनिधिसभामा बारा क्षेत्र नं. २ बाट उहाँ पुनः निर्वाचित हुनुभयो । यसै वर्ष जनता समाजवादी पार्टी नेपालको संसदीय दलको नेतामा उहाँ चयन हुनुभयो । वि.सं. २०७८ मा उहाँ वन तथा वातावरण मन्त्रीको जिम्मेवारी पाउनु भयो । वन तथा वातावरण मन्त्री छँदा उहाँले नेपालको वन नियमावली, २०७९ पारीत गराई वन क्षेत्रको संरक्षण, सम्वर्द्धन र विस्तारका लागि महत्वपूर्ण रणनीति र निर्णयलाई कार्यान्वयनमा ल्याउनु भयो ।

वि.सं. २०७९ फागुन २७ गते जनता समाजवादी पार्टी नेपालका तर्फबाट उपराष्ट्रपतिमा उम्मेदवारी दर्ता गर्नुभयो । वि.सं. २०७९ चैत ३ गते उहाँ उपराष्ट्रपतिमा बिजयी हुनुभयो । वि.सं. २०७९ चैत ६ गते उहाँले उपराष्ट्रपतिको रुपमा पद तथा गोपनीयताको शपथग्रहण गर्नुभएको हो ।

व्यक्तिगत अभिरुची

समाज सेवा, पत्रपत्रिका पढ्ने, खेलकुद, संगीत, नयाँ नयाँ ठाउँको अवलोकन भ्रमणमा उहाँको विशेष अभिरुचि छ । उहाँ विद्यार्थीकालमा कबडी, फुटबल, लङजम्प, हाईजम्प लगायत खेलका खेलाडी पनि हुनुहुन्थ्यो । यी खेलसहित क्रिकेटमा पनि रुचि राख्नु हुन्छ ।

विदेश भ्रमण र प्रतिनिधि मण्डलमा सहभागीता

सन् २००९ मा न्यूयोर्कमा संयुक्त राष्ट्रसंघको महासम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको सदस्यका रुपमा उहाँ सहभागी हुनुभयो । वि.सं. २०७४ मा पोल्याण्डमा आयोजित जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप २४) मा तत्कालिन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको उच्चस्तरीय प्रतिनिधिमण्डलमा उहाँ सहभागी हुनुभयो । वि.सं. २०७८ मा जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप २६) उच्चस्तरीय प्रतिनिधिमण्डलमा पनि उहाँको सहभागी रहयो । यो भ्रमणमा उहाँ तत्कालीन प्रधानमन्त्री शेरवहादुर देउवाको नेतृत्वमा वन तथा वातावरण मन्त्रीको हैसियतमा सहभागीता हुनुभएको थियो । यसैगरी, चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा उहाँले चीनको भ्रमण गर्नुभयो । उपराष्ट्रपतिमा नियुक्त भएपछि वि.सं. २०८० मा उहाँबाट चीनको भ्रमण भयो । यसअघि पार्टी तथा सरकारको प्रतिनिधिका रुपमा अमेरिका, पोल्याण्ड, बेलायत, वेल्जियम र युनाइटेड अरब इमिरेट्स (यूएई) को भ्रमण गर्नुभयो ।

सम्बोधन तथा शुभकामना खण्ड

काठमाडौंमा २०८० जेठ ५ गते आयोजित
'डब्लुडब्लुएफ नेपालको ३० औं वार्षिकोत्सव' कार्यक्रममा
सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

विश्व वन्यजन्तु कोष (डब्लूडब्लूएफ) नेपाल सरकारको संरक्षण र विकासको अभियानमा क्रियाशिल रहँदै विधिवत आफ्नो कार्यालय स्थापना गरी आज ३०औं वार्षिकोत्सव मनाइरहेको उपलक्ष्यमा हार्दिक बधाई दिन चाहन्छु । वन तथा वातावरण र जैविक विविधता संरक्षण तथा दिगो विकास लगायतका क्षेत्रमा चुनौतीहरुका बाबजूद यो संस्थाले गरेका कार्यहरु महत्वपूर्ण छन् ।

वन तथा वातावरण मन्त्री छंदा राष्ट्रिय बाघ सर्वेक्षण-२०७८ र जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी भएको थिएं । उक्त अवधिमा नेपालमा जैविक विविधताको संरक्षण र दिगो उपयोगमा नेपाल सरकारका तर्फबाट गरिएका प्रयास, उपलब्धि, र चुनौतीबारे नजिकबाट जानकार रहेको छु ।

नेपाल सरकारले यहांका अद्वितीय जैविक विविधता र सांस्कृतिक सम्पदाको संरक्षणमा निर्वाह गरेको भूमिका विश्वकै नमुनाको रुपमा चित्रण हुने गरेको छ । समुदायमा आधारित संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनको लागि आवश्यक नीतिगत व्यवस्था र भू-परिधि स्तरीय संरक्षणमा प्राप्त सफलता, हाम्रो लागि गर्वको विषय हुने गरेको छ । त्यसैगरी, समुदायमा आधारित संरक्षणका सफल कार्यहरु, जस्तै : गैंडा स्थानान्तरण, बाघको संख्यामा उलेख्य बढोत्तरी, सामुदायिक वन तथा भू-परिधि स्तरीय संरक्षण, प्रदेश एवं स्थानीय सरकारलाई वातावरणमैत्री विकास सचेतना जागरण, नीतिगत तथा संस्थागत विकास, जलवायु परिवर्तनका क्षेत्रमा गरिएका कार्यहरु विश्व सामु उदाहरणीय छन् ।

डब्लूडब्लुएफ-नेपालले तराई आर्क ल्यान्डस्केप, सेक्रेड हिमालयन ल्यान्डस्केप, चितवन-अन्नपूर्ण ल्यान्डस्केप र राष्ट्रिय संरक्षण प्राथमिकता क्षेत्र जस्ता क्षेत्रमा काम गर्दै आएको छ । नेपालका यी तीन वटै क्षेत्र जैविक विविधता र सांस्कृतिक सम्पदाका लागि महत्वपूर्ण छन् । तराई आर्क ल्यान्डस्केप भित्र पश्चिम नेपालदेखि बागमतीसम्म मात्र राखिएकोमा यसलाई पूर्व मेचीसम्म पुऱ्याउन अत्यन्त जरुरी छ । डब्लूडब्लूएफ-नेपालले चुरे र तराई क्षेत्रमा सिमसार संरक्षणलाई सहयोग पुऱ्याउन थप महत्वपूर्ण भूमिका खेल्न सक्छ । सिमसार क्षेत्रहरु पारिस्थितिक रुपमा महत्वपूर्ण क्षेत्रहरु हुन, जसले विभिन्न पारिस्थितिक प्रणालीलाई महत्वपूर्ण सहयोग गर्दछ ।

डब्लूडब्लूएफले चुरे र तराई क्षेत्रका महत्वपूर्ण सिमसार क्षेत्रहरु पहिचान गर्न सर्वेक्षण र मूल्यांकन गर्न सक्छ । यसले चुरे र सिमसारको वर्तमान स्थिति र महत्व बुझेर संरक्षणको प्रयासहरुलाई प्राथमिकता दिन र उपयुक्त व्यवस्थापन योजनाहरु विकास गर्न सहयोग पुग्न सक्छ । यसैगरी, सिमसार पारिस्थितिक प्रणालीलाई व्यवस्थित गर्न र कार्यप्रणाली बढाउन आवास पुनर्स्थापना र व्यवस्थापन गतिविधिहरुमा संलग्नता वृद्धि गर्न सकिन्छ । यसमा आक्रमणकारी प्रजातिहरु हटाउने, प्रदूषण नियन्त्रण गर्ने, पानीको गुणस्तर सुधार गर्ने र प्राकृतिक जलविज्ञान प्रक्रियाहरु पुनर्स्थापना गर्ने जस्ता पहलहरु समावेश हुन सक्छन् । सिमसारको पुनर्स्थापना र व्यवस्थापन गरेर यो संस्थाले सिमसारमा निर्भर प्रजातिहरुको लागि उपयुक्त वासस्थानहरुमा थप सहयोग गर्न सक्छ । त्यस्तै, यो संस्थाले सिमसार क्षेत्र नजिकै बसोबास गर्ने स्थानीय समुदायहरुलाई सिमसारको महत्वबारे चेतना जगाउने, दिगो स्रोतको प्रयोगबारे तालिम प्रदान गर्ने र वैकल्पिक जीविकोपार्जनका विकल्पहरु प्रवर्द्धन गर्ने कार्यलाई थप विस्तार गर्नु पर्ने देखिन्छ ।

यसैगरी, चुरे र तराई क्षेत्रमा 'हट स्पट' को पुनर्स्थापना गरी चुरे संरक्षणमा सहयोग गर्न सकिन्छ। यसमा सरकारी कार्यालयहरु, स्थानीय अधिकारीहरु र नीति निर्माताहरुसंग सिमसार संरक्षण गहन छलफल गरी उनीहरुको सल्लाह र सुझावलाई भूमि-उपयोग योजना, बास र अम्रिसो रोपन जस्ता विकास परियोजनाहरुमा एकीकृत रुपमा समावेश गर्न सकिन्छ। डब्लूडब्लूएफले स्थानीय समुदाय, विद्यालय र सरोकारवालाहरुबीच सिमसार संरक्षणबारेमा चेतना जगाउन शैक्षिक अभियानहरु,कार्यशालाहरु र प्रशिक्षण कार्यक्रमहरुलाई थप बिस्तार गर्नुपर्छ।

मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्नु, ग्रामिण क्षेत्रबाट सहरतर्फ बढ्दो बसाई-सराई, महत्वपूर्ण जैविक बिविधताका क्षेत्र वरपर बढ्दो शहरीकरण, जनताको पूर्वाधार विकासप्रतिको तीब्र चाहना र आवश्यकता, जल तथा वायु प्रदुषण, जलवायु परिवर्तनको कारण हुने गरेको अतिवृष्टि, खण्डवृष्टि, अनावृष्टि आदि संरक्षण र दिगो विकासका लागि चुनौतीको रुपमा देखिन थालेका छन्। यी चुनौतीहरु चिर्न सबै सरोकारवाला पक्ष सचेत र सावधान हुँदै दत्तचित्त भई अघि बढ्नु पर्दछ। संरक्षण र दिगो बिकासको चुनौतीहरुलाई अवसरको रुपमा परिणत गर्नका लागि सरोकारवाला बीचको सहकार्य, समन्वय र सहभागीताको आवश्यकता निर्विकल्प छ।

अन्त्यमा, संरक्षण क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनु भएका र 'डब्लुडब्लुएफ' नेपाल संरक्षण पुरस्कारबाट सम्मानित हुनुभएका व्यक्तित्व एवं संघसंस्थाहरुको उच्च प्रशंसा गर्न चाहन्छु। साथै, विभिन्न संरक्षणविद्‌हरुको नामबाट छात्रवृत्ति पाउनु भएका सम्पूर्ण विद्यार्थी-भाईबहिनीहरुलाई हार्दिक बधाई पनि दिन चाहन्छु। आशा छ, आगामी दिनमा पनि 'डब्लुडब्लुएफ' नेपालले आफ्नो असल कार्यहरुलाई निरन्तरता दिंदै नेपाल सरकारको संरक्षण र दिगो विकासको महा-अभियानमा सहकार्य गर्दै विभिन्न चुनौतीलाई सम्बोधन गर्न सक्ने सिर्जनात्मक कार्यमा सफलता मिलोस्।

धन्यवाद।

५ जेठ ०८०।

२०८० जेठ ११ गते आयोजित 'राष्ट्रिय शहीद तथा शान्ति पार्क निजामती (स्मारक) को स्थापना दिवस-२०८०' कार्यक्रममा

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

सङ्घीय लोकतान्त्रिक गणतन्त्र, मानव अधिकार र कानूनी राज्य स्थापनाका लागि विभिन्न कालखण्डमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात अमर शहीदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

शहीद स्वयं राष्ट्रका सम्पति तथा भावी पुस्ताका निम्ति मार्गदर्शक हुने भएकाले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६४/०२/११ को निर्णय र सामाजिक समितिको मिति २०६४/०२/२८ को निणर्यअनुसार राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनकालागि नेपालीजनताले निरङ्कुशता विरुद्ध पटक-पटक वि.सं.२००७ साल अगाडि देखि वि.सं. २०६२/०६३ सम्म लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, तराई-मधेश आन्दोलन तथा विभिन्न आन्दोलनहरुमा त्याग/बलिदानबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न सङ्घीय गणतान्त्रिक नेपाल बनाउन पुनर्स्थापित संसदको मिति २०६३ जेष्ठ ४ गते बसेको पहिलो महत्वपूर्ण बैठकले अमर शहीदहरुको बलिदानी लाई चीर स्मरण राख्न शहीद स्मृतिपार्क (उद्यान) निर्माण गर्न घोषणा गर्दै काठमाडौं जिल्ला साविक गोकर्ण १ हाल गोकर्णेश्वर नगरपालिका-४ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रमा रहेको २० हेक्टर क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार शहीदहरुको सम्झनामा शहीद पार्क निर्माण गर्ने घोषणा गरेको आज १७औं स्थापनाको कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित हुन पाउँदा ज्यादै खुसी लागेको छ ।

यस राष्ट्रिय शहीदपार्क निर्माण कार्यमा संलग्न हुनेहरु स्थानिय सरकार गोकर्णेश्वर नगरपालिका, बागमती प्रदेश वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सङ्घीय आयोजनाहरु वन तथा वातावरण मन्त्रालयको वन तथा भू-संरक्षण विभाग, सहरी विकास मन्त्रालयको सहरी तथा भवन निर्माण विभाग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगसँग राष्ट्रिय शहीद तथा शान्ति पार्क निजामती (स्मारक) यज्ञडोल (जगडोल) सामुदायिक वन पर्यापर्यटन प्रवर्द्धन तथा उद्यान व्यवस्थापन समितिले साझेदारीमा सम्झौता गरी फरक-फरक आयोजनाहरु सञ्चालनमा गरेको थाहा पाउँदा संलग्न हुने निकायहरुमा धन्यवाद व्यक्त गर्दछु ।

शहीदहरुको परिभाषा, वर्गिकरण एवं शहीद सम्बन्धी प्रतिवेदन तथा शहीद तथा वेपत्ता स्मृति स्मारक निर्माणमा विगत देखि सल्लाहकारमा रहि मेरो संलग्नतामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहभागी हुन पाउँदा राष्ट्रिय शहीद तथा शान्ति पार्क निजामती (स्मारक) उद्यान व्यवस्थापन समितिलाई व्यक्त गर्दछु ।

नेपाल सरकारबाट घोषणा गरिएका शहीद तथा बेपत्ताहरुको नामावली पित्तलको पातामा १२ हजार ९८ जना र बेपत्ता योद्धाहरु एक हजार तीन सय ६७ व्यक्तिको शहीद स्मृति स्तम्भमा अभिलेख कार्य प्रारम्भ गरी विस्तृत शान्ति सम्झौताको अङ्गहरु मध्ये एक महत्वपूर्ण कार्य सम्पन्न गरेकोमा नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु ।

राष्ट्रिय शहीद तथा शान्तिपार्क निजामती (स्मारक) यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रको स्वीकृत गुरुयोजना अनुसार निर्माण कार्य ७५ प्रतिशत र वित्तीय प्रगति ६१ प्रतिशत भएको थाहा पाउँदा उक्त कार्यलाई यसै आर्थिक वर्षमा निर्माण कार्यमा सम्पन्न गर्न संलग्न नेपाल सरकार र सम्बन्धित निकायलाई अनुरोध गर्दछु ।

अन्तमा, यस कार्यमा संलग्न रहनु हुने शहीद परिवारजन, घाइते तथा योद्धासँग जोडिएका संघसंस्थाहरु, राष्ट्रिय शहीद तथा शान्ति पार्क निजामती (स्मारक) यज्ञडोल (जगडोल) सामुदायिक वन पर्यापर्यटन प्रवर्द्धन तथा उद्यान व्यवस्थापन समिति, राजनीतिक दलका पार्टी प्रतिनिधिहरु, नागरिक समाजलगायत सम्बन्धित सरोकारवालाहरुमा धन्यवाद व्यक्त गर्दै यस राष्ट्रिय शहीदपार्क निर्माण तथा व्यवस्थापनमा नेपाल सरकारको तर्फबाट साधन स्रोत तथा सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद ।
११ जेठ २०८० ।

२०८० जेठ २७ गते पशुपतिनाथ मन्दिर परिसरमा आयोजित 'श्री अतिरुद्री तथा श्री ललिता सहस्रनाम पाठ' कार्यक्रममा **सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको**

सम्बोधन

'श्री स्वामी समर्थ सेवा एवं अध्यात्मिक विकास मार्ग नेपाल'द्वारा आयोजित श्री अतिरुद्री तथा श्री ललिता सहस्रनाम पाठको पवित्र अनुष्ठानका लागि सर्वप्रथम हार्दिक धन्यवाद दिन चाहन्छु। आध्यात्मिक उन्नति, समाज सेवासहित नेपाल र विश्वकै कल्याणका लागि तपाईहरुको सक्रियता र योगदानको प्रशंसा गर्दछु।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषताले भरिएको मुलुक भएकोले यहाँको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्धन गर्ने दायित्व सबैको काँधमा छ। वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक, जातीय, लैंगिक विभेद र सबै खाले जातीय छुवाछुतको अन्त्य गरी बन्धु-भाव, भातृत्व-भाव, मैत्री-भाव र अपनत्व-भाव कायम गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय, समानुपातिक समावेशीसहित समतामूलक समाज निर्माणमा दत्तचित्त भई लाग्नु सबैको दायित्व हुनु पर्दछ। पछिल्लो समय परिवर्तित भौतिक जीवन शैलीका कारण धर्म, अध्यात्म, संस्कृति र नैतिकता तथा सामाजिक मूल्य-मान्यतामा ह्रास हुँदै गएको सन्दर्भमा यो अनुष्ठान सहयोगी सिद्ध हुने विश्वास पनि लिएको छु। हाम्रा असल धार्मिक मूल्य र परम्परा, आध्यात्मिक चिन्तन र मनन, मौलिक संस्कृति र संस्कार, नैतिक आचरण र व्यवहार आदिको संरक्षण गर्दै मानव कल्याण, समाज र देशको विकासका लागि सबैले संकल्प लिनु पर्दछ।

सबैले आफुभित्र सद्‌गुण, सदाचार, असल आचरण र असल चरित्र कायम राख्दै सबैखाले घोर तप, तामसिक र आसुरी प्रवृत्ति परित्याग गर्नु पर्दछ। व्यक्ति, समाज र देशलाई अशान्त, आक्रान्त र कमजोर बनाउने तत्वहरु-दम्भ, अहंकार तथा हिंसा-भावहरुलाई पनि परित्याग गर्न यो अनुष्ठानबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु। जाति-पाँति, धनी-गरीब, पुरुष-स्त्री आदि भिन्नताहरुमा आधारित र धार्मिक सम्प्रदायहरुको कारण कसैमाथि कुनै प्रकारको भेदभाव नराख्ने सन्देश यस प्रकारका अनुष्ठानले दिन सक्नु पर्दछ। साथै, सर्व प्राणीप्रति सामूहिक सम-भाव, सम-दृष्टि, सुहृद-भाव तथा सेवा-भावको सन्देश प्रवाह गर्न अनुष्ठान सफल हुने विश्वास पनि लिएको छु। आपसी मतभेद, वितृष्णा, द्वेश, क्लेश र मनमुटावको अन्त्य गर्न यो धार्मिक कार्यक्रम सफल बनोस्।

अन्त्यमा, शिव र शक्तिको उपासना स्वरुप गुह्येश्वरीमाताको पावन भूमिमा ललिता सहस्रनाम पाठसहित एक दिवसीय अतिरुद्र र विश्व शान्तिका लागि दीप प्रज्वलनको आयोजना जस्तो महत्वपूर्ण कार्यक्रमका लागि आयोजक संस्थालाई हार्दिक बधाई दिन चाहन्छु। सम्पूर्ण नेपालीको सुख, शान्ति, ऐश्वर्य, नेपाल राष्ट्रको समुन्नति र श्रीवृद्धिको संकल्प लिई गरिएको यो अनुष्ठानले अवश्यमेव सकारात्मक सन्देश संचार गर्ने विश्वाससहित यो सनातनी, धार्मिक, अध्यात्मिक र सांस्कृतिक अनुष्ठानका लागि सबैलाई हार्दिक धन्यवादसहित फेरी पनि शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२७ जेठ २०८०।

२०८० जेठ २७ गते जीतपुर फेदी तारकेश्वर नगरपालिका-३ मा आयोजित 'श्रीमद्भगवद्गीतामा वैज्ञानिक दृष्टिकोण (कवीर-कृष्ण समन्वय)' विषयक प्रवचन कार्यक्रममा **सम्माननीय उपराष्ट्पति रामसहाय प्रसाद यादवको**

सम्बोधन

'कवीर सन्त सत्संग मन्दिरद्वारा आयोजित श्रीमद्भगवद्गीतामा वैज्ञानिक दृष्टिकोण (कवीर-कृष्ण समन्वय) विषयक प्रवचन कार्यक्रमका लागि सर्वप्रथम हार्दिक धन्यवाद दिन चाहन्छु । सत्संग मन्दिरले अध्यात्मिक ज्ञान प्राप्तिका लागि २१ दिवसीय श्रीमद् भगवद्गीतामा वैज्ञानिक दृष्टिकोण (खासगरी कवीर-सन्त समन्वय) जस्तो महत्वपूर्ण र समय सान्दर्भिक प्रवचन आयोजना गरी आज अन्तिम दिन पूर्णाहुति र सम्मान कार्यक्रम गरेकोमा खुशी व्यक्त गर्दै प्रशंसा गर्दछु ।

पछिल्लो समय परिवर्तित भौतिक जीवन शैलीका कारण धर्म, अध्यात्म, संस्कृति र नैतिकता तथा सामाजिक मूल्य-मान्यतामा ह्रास हुँदै गएको सन्दर्भमा यो प्रवचन सहयोगी सिद्ध हुने विश्वास लिएको छु । हाम्रा असल धार्मिक मूल्य र परम्परा, आध्यात्मिक चिन्तन र मनन्, मौलिक संस्कृति र संस्कार, नैतिक आचरण र व्यवहार आदिको संरक्षण गर्दै श्रीमद्भगवद्गीतामा आधारित मानव कल्याण, समाज र देशको उन्नयनका लागि सबैले संकल्प लिनु पर्दछ । श्रीमद्भगवद्गीता ती सबै वैदिक ज्ञानको सार हो जसले मानिसको मन र शरीरको शक्तिहरुलाई उपयोग गर्दै सत्य साधन जुटाउन सक्षम छ ।

श्रीमद्भगवद्गीतामा वैज्ञानिक दृष्टिकोण र चिन्तन लोक हितैषी, सरलताबाट आत्मसात गर्ने योग्य र सहज आचरणीय छ । यो प्रेय र श्रेय दुवै दृष्टिकोणबाट उपादेय छन् । श्रीमद्भगवद्गीता अध्यात्म ग्रन्थ हो । अध्यात्मविद्या नै मानवका लागि ग्रहणीय छ, किनभने अध्यात्मविज्ञान समस्त विद्याहरुको आश्रय हो । गीता विषयक अध्यात्म-विज्ञानको व्याबहारिक रुपलाई प्रस्तुत गर्दै त्यसबाट मानवलाई साक्षात्कार गराउने सद्पक्रम गरेको छ । यसले स्पष्ट गर्दछ कि गीता मात्र 'धर्म' को ग्रन्थ मात्रै होइन , मानव कल्याणको श्रेष्ठ साधन पनि हो । यो सुकृतिमा गीतोल्लिखित सन्दर्भहरुको माध्यमबाट मानवको भौतिक, सुक्ष्मशरीर र मनोविज्ञान सम्बन्धी चिन्तनलाई निरुपित गर्दै मानवलाई उसको अन्त: वाह्यसंग सुपरिचित गराउने सुप्रयत्न गरेको छ । साथै मानिसको आधिव्याधिहरुको आगम, निदान तथा निराकरणका लागि आयाम-पुनर्जन्म, भक्ति, कर्म, ज्ञान, आयुर्वेद, ज्योतिष, आत्म तथा परमात्म-चिन्तन प्रस्तुत् गर्दै एउटा सही दिशालाई परिज्ञान गराएको छ ।

मध्ययुगिन सन्त परम्परामा महान सन्त कवीर देव हुनुभएको स्मरण गर्न चाहन्छु । सन्तसम्राटको उपाधिले सम्बोधन गरिने कवीर साहेवले समाजमा व्याप्त सामाजिक असहिष्णुता, जातीबाद तथा धर्मको नाममा गरिने सम्पूर्ण पाखण्डलाई तिखो ढंगले चिर्न सफल हुनु भएको थियो । झण्डै एक सय २० वर्षको लामो जीवनकालमा उहाँले मानव कसरी मानव हुनेबारे आफ्नो मौलिक ग्रन्थ 'बीजक' मा गहन व्याख्या गर्नुभएको छ ।

सबैले आफुभित्र सद्गुण, सदाचार, असल आचरण र असल चरित्र कायम राख्दै सबैखाले घोर तप, तामसिक र आसुरी प्रवृत्ति परित्याग गर्नु पर्दछ । व्यक्ति, समाज र देशलाई अशान्त, आक्रान्त र कमजोर बनाउने तत्वहरु-दम्भ, अहंकार तथा हिंसा-भावहरुलाई पनि परित्याग गर्न यस खाले प्रवचनबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु । जाति-पाति, धनी-गरीब, पुरुष-स्त्री आदि भिन्नताहरुमा आधारित र धार्मिक सम्प्रदायहरुको कारण कसैमाथि कुनै प्रकारको भेदभाव नराख्ने सन्देश यस प्रकारका महत्वपूर्ण कार्यक्रमहरुले संचार गर्ने गर्दछ । साथै, तीन सातासम्म आयोजना भएको यो प्रवचनले सर्व प्राणीप्रति सामूहिक सम-भाव, सम-दृष्टि, सुह्रद-भाव तथा सेवा-भावको सन्देश प्रवाह गर्न पक्कै सफल भएको विश्वास पनि लिएको छु । कवीर-कृष्ण जस्तो महत्वपूर्ण र गम्भिर प्रसंगको चर्चाले अध्यात्मिक चिन्तन र सकारात्मक सन्देशको संचार मात्रै गर्दैन आपसी मतभेद, वितृष्णा, द्वेश, क्लेश र मनमुटावको अन्त्य गर्न सहयोग पनि गर्दछ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषताले भरिएको मुलुक भएकोले यहाँको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्धन गर्ने दायित्व सबैको काँधमा छ । वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक, जातीय, लैंगिक विभेद र सबै खाले जातीय छुवाछुतको अन्त्य गरी बन्धु-भाव, भातृत्व-भाव, मैत्री-भाव र अपनत्व-भाव कायम गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय, समानुपातिक समावेशीसहित समतामूलक समाज निर्माणमा दत्तचित्त भई लाग्नु सबैको दायित्वभित्र पर्नु पर्दछ ।

सम्पूर्ण नेपालीको सुख, शान्ति, ऐश्वर्य, नेपाल राष्ट्रको समुन्नति र श्रीवृद्धिको संकल्प लिई गरिएको यो अनुष्ठानले अवश्यमेव सकारात्मक संदेशको संचार गर्ने विश्वाससहित यो सनातनी, धार्मिक, अध्यात्मिक र सांस्कृतिक अनुष्ठानका लागि सबैलाई हार्दिक धन्यवाद सहित फेरी पनि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । २७ जेठ २०८० ।

२०८० असार २ गते नवौं चुरे संरक्षण दिवसका अवसरमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व)जिल्लाको कावासोती नगरपालिका-०६ स्थित विष्णुनगर सामुदायिक वनमा वृहत वृक्षारोपण कार्यक्रममा

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई भन्ने मूल नारासहित मनाईरहेको नवौं चुरे संरक्षण दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको हिमालय पर्वत श्रृंखलाको दक्षिणी भू-भागमा पूर्वको ईलाम र पश्चिमको कञ्चनपुरसम्म फैलिएको तथा भू-जैविक, भौगर्भिक र भौगोलिक दृष्टिकोणले कमलो/कमजोर माटो र चट्टानले बनेको तथा अत्यन्तै संवेदनशील पर्यावरणीय/वातावरणीय अवस्था रहेको चुरे क्षेत्रलाई संरक्षण र उचित व्यवस्थापन गर्नु पर्दछ ।

तराई-मधेशमा पानीको स्रोत मानिने चुरे क्षेत्र- दुन, भावर र तराई-मधेश परस्पर अन्यौन्याश्रित रुपमा गाँसिएको क्षेत्र हो । यसको विनाशले पानीको स्रोतमा कमी हुँदा नेपालको अन्न भण्डारको रुपमा रहेको मधेश सुख्खा र मरुभूमीकरणमा परिणत हुन सक्छ । पछिल्लो समय यसको नकारात्मक प्रभाव र संकेतहरु देखिन थालिसकेको छ । चुरे विनासका कारण खानेपानी र सिंचाइ क्षेत्र प्रभावित हुँदा स्थानीयवासी, कृषि, पशुपालन आदिमा नकारात्मक असर परेको छ । भावर, तराई तथा मधेश क्षेत्रमा जमीन मुनिको पानीको सतह घट्दै गएकोले त्यस भूभागका इनार, कल, पोखरीहरु सुक्दै गएका छन् । यसैगरी वन, उद्योग र विकास निर्माण पनि प्रभावित हुन थालेको छ ।

नदी प्रणालीमा आधारित भएर चुरे तराई-मधेश भू-परिधिको एकीकृत संरक्षण र विकासका लागि झण्डै दशकयता संचालित चुरे तराई मधेश संरक्षण कार्यक्रमलाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाका रुपमा मान्यता दिएको स्मरण गराउन चाहन्छु । तर, चुरेको समग्र संरक्षण र दिगो व्यवस्थापनका लागि यो कार्यक्रम मात्र पर्याप्त नभएकोले यसमा व्यापक रुपमा जनसहभागीता र जनसमर्थन आवश्यक छ । साथै, सम्बन्धित सबै प्रदेश सरकार, स्थानीय तह र स्थानीय समुदायको सहभागीता चुरे तराई मधेशको एकीकृत संरक्षण र विकासका लागि अति महत्वपूर्ण छन् ।

चुरे क्षेत्रमा पाइने ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थहरु अनवीकरणीय स्रोत भएकोले यसको उत्खनन, संकलन र उपयोग दिगो रुपमा मात्र गर्न पर्दछ । यी स्रोतहरु माथि हाम्रो पुस्ताको मात्र हैन सुदूर भविष्यका हाम्रा सन्ततिहरुको समेत उत्तिकै अधिकार रहेको तथ्यलाई मनन गर्दै हामी अघि बढ्नु पर्दछ । यसैगरी, चुरे क्षेत्रको जैविक विविधता र वन नवीकरणीय स्रोत भए पनि त्यसको दिगो व्यवस्थापन र सदुपयोग गर्न जरुरी छ ।

चुरेले तल्लो तटीय भूभागका लागि प्राकृतिक जल पुनर्भरणको काम गर्छ । त्यसैले चुरे क्षेत्रमा वातावरण विनास हुँदा त्यसको दुष्प्रभाव तल्लो तटीय तराई, मधेश तथा छिमेकी मित्र राष्ट्रहरुमा समेत पर्न सक्छ । अतः चुरे र यससंग जोडिएको तराई तथा मधेश क्षेत्रमा पानीको पुनर्भरणका लागि आवश्यक सिमसार संरक्षण, सतहमुनिको पानीको व्यवस्थापन, वर्षाको पानी भण्डारण र पुनर्भरण पोखरी र जलाशयहरुको निर्माण जस्ता पानीको स्रोत व्यवस्थापन चुरे संरक्षणको महत्वपूर्ण पाटो बन्नु पर्दछ ।

चुरे क्षेत्र हुँदै बग्ने नदीहरुमा आउने बाढीले तराई-मधेशका हजारौं विगाह खेत कटान गरेको हामीले देख्दै आएका छौं । यस क्षेत्रका नदी, खोल्सा, खहरेहरुका छेउछाउमा 'बायोइन्जिनियरिङ' सहितका भू-संरक्षणका कार्यहरु गर्ने, बाँस तथा अम्रिसो जस्ता नगदे बोटबिरुवा लगाउने र नदीलाई स्थीरीकरण गर्ने पर्ने चुरे संरक्षणको अर्को महत्वपूर्ण पक्ष हो ।

चुरेको पहाडी भू-भागमा विना योजना र वातावरणीय प्रभावको वास्ता नराखी निर्माण गरिने सडक लगायतका भौतिक पूर्वाधारले चुरेको पारिस्थितिकीय प्रणालीमा क्षति पुऱ्याउँदछ । त्यस्तै, वातावरणीय दृष्टिकोणले जोखिमयुक्त ठाउँहरुमा बस्ती बसाउँदा त्यसले पनि चुरे विनासलाई बढावा दिन्छ । तसर्थ यस भू-भागमा प्राकृतिक भू-बनोट र वातावरण नबिग्रिने गरी बसोबास र भौतिक पूर्वाधारको विकास गर्नं पर्दछ ।

सामुदायिक वन, साझेदारी वन लगायतका समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुले वनको संरक्षण र व्यवस्थापनमा केही हदसम्म योगदान गरेपनि त्यसलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ । रुख बिरुवा नभएका खाली, ऐलानी, पर्ती, नदीउकास र सार्वजनिक जग्गाहरुमा व्यापक वृक्षारोपण गरी वनको क्षेत्रफल बढाउने र फलफूलका बिरुवा समेत हुर्काई मानव तथा वन्यजन्तुका लागि खाद्यपदार्थको जोहो गर्न आवश्यक छ । किसानहरुलाई आफ्ना निजी जग्गामा फलफूल, डालेघाँस तथा अन्य जातका रुखबिरुवा लगाई कृषि वन अवलम्बन गर्न प्रोत्साहन गर्न पर्दछ । यसो गऱ्यौं भने हामीले चुरे, तराई, मधेशमा पुनः हरियाली कायम गर्न सक्छौं ।

अन्त्यमा, आज चुरे संरक्षण दिवसका अवसरमा वृक्षारोपण कार्यक्रम आयोजना गर्ने राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समिति तथा नेपाली सेना एवं यसमा सहकार्य गर्ने गण्डकी प्रदेश सरकार, कावासोती नगरकार्यपालिका र विष्णुनगर सामुदायिक वन उपभोक्ता समूह तथा उपस्थित सवैलाई धन्यवाद दिन चाहन्छु । आजको कार्यक्रमबाट प्रेरणा लिई चुरे संरक्षणको कार्य वर्षै भरी गरिनु पर्दछ । यसमा संघ, प्रदेश, स्थानीय तह तथा स्थानीय समुदायको पुरा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै फेरी पनि नवौं चुरे संरक्षण दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना दिन चाहन्छु ।

धन्यवाद ।
२ असार २०८० ।

Rt. Honorable Vice President Ramsahay Prasad Yadav's

Speech at the 'South Asian Climate Action Conference 2023' held in Kathmandu on 5th Asar 2080

First of all, I would like to express my best wishes to all and my special thanks to the organizer. It is also a pleasure to welcome distinguished guests from SAARC's different countries. You have been working diligently in this field and have stood with Nepal to address important issues like climate change. Everyone is aware that the COVID-19 pandemic has forced us to reflect and adapt our approach while encouraging us to face important fundamental challenges for sustainable development.

In South Asia, we are facing many problems related to climate change. Here are some of them:

Firstly, rising sea levels pose a major threat to our low-lying coastal areas, especially in countries like Bangladesh, which are already grappling with the effects of sea level rise.

Secondly, due to climate change, extreme weather events such as cyclones, floods, and droughts have become more frequent and severe in South Asia. These incidents have hampered life and infrastructure and increased existing social and economic inequalities.

Thirdly, agriculture, which is the backbone of our region, has been deeply affected by climate change. Rising temperatures and changes in the pattern of rainfall have led to a decrease in food production and a food shortage. Therefore, it is necessary to take immediate steps to minimize the effects of climate change. Also, it is necessary to make the agricultural sector 'smart' and technological.

Moreover, water scarcity is a major concern in our region, which is facing drought-like crises due to low rainfall. Innovative water management strategies, water conservation, and equitable access to water resources should be promoted.

Climate change has adversely affected public health in South Asia, as rising temperatures have led to an increase in diseases such as malaria and dengue fever. It is necessary to strengthen the health service system, increase surveillance against diseases, and invest in climate-resilient infrastructure.

The economic impacts of climate change are profound, especially for those who depend on natural resources and agriculture for their livelihoods. Due to the adverse effects of climate change, these areas are facing serious obstacles. We need to find sustainable economic models, promote green industries, and encourage inclusive and resilient economic growth.

The youth are the key to addressing climate change. They are valuable participants in climate action, acting as catalysts for change, entrepreneurs, and innovators. Through education, science, and technology, young people are intensifying their efforts and utilizing their skills to accelerate climate action.

I express my heartfelt gratitude to all the international climate change experts and activists who have taken the time to visit our country, enabling us to create this common platform to seek better solutions to the shared problems caused by climate change. I urge each of you to establish a high-level agenda for engagement, leading to concrete commitments to reduce emissions, enhance governance, strengthen climate-related financial disclosures, and transition towards long-term value creation.

Together, we must strive to build a sustainable world for all. By acting now, we can save lives and resources and avoid setbacks in the progress we have achieved to date.

Thank you once again for your presence and commitment. I wish you all a fruitful discussion, meaningful relationships, and a memorable stay in Nepal. Continue your journey towards a more flexible and sustainable South Asia.

With these words, I conclude my remarks. I wish you a highly productive conference ahead.

Thank you !
5th Asar 2080.

लैनचौरस्थित उपराष्ट्रपति भवनमा २०८० असार १२ गते मंगलबार आयोजित
नेपाल संगीत तथा नाट्य प्रज्ञा राष्ट्रिय पुरस्कार-२०७९ कार्यक्रममा
सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

आठ वर्षयता प्रदान गरिँदै आएको 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार' को पछिल्लो शृंखला-२०७९मा पुरस्कृत तथा सम्मानित हुनु भएका स्वनाम धन्य प्रतिभाहरु तथा दीर्घ साधकहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालको संगीत तथा नाट्य विधाको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा सर्वाङ्गीण विकास गर्ने, संगीत तथा नाट्य विधाको अध्ययन अनुसन्धान गर्ने र सम्बन्धित क्षेत्रका विद्वान तथा प्रतिभाहरुको सम्मान र कदर गर्ने कार्यका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको प्रशंसा गर्दछु । यस समारोहमा नृत्य, संगीत तथा नाट्य क्षेत्रका श्रष्टाहरुलाई पुरस्कृत तथा सम्मानित गर्न पाउँदा अत्यन्तै हर्ष र आनन्दको अनुभूति भइरहेको छ ।

नेपालको संविधानले गणतन्त्र, संघीयता, समानता, समावेशिता, धर्मनिरपेक्षता र कानूनी राज्यलाई अंगीकार गरेको छ । हाम्रो गणतान्त्रिक संवैधानिक व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई आपसमा जोड्ने काम पनि गरेको छ । 'विविधतामा एकता' हाम्रो मौलिक राष्ट्रिय पहिचान हो । यो मुल मर्मलाई हामी सबैले अंगिकार र अवलम्बन गर्दै अघि बढे मुलुकको एकता, अखण्डता, सार्वभौमिकता र राष्ट्रियता बलियो हुनुको साथै देश समृद्ध बन्छ ।

नेपालको हिमाल, पहाड, तराई, मधेशमा परापूर्वकालदेखि बसोबास गर्दै आइरहेका विभिन्न जातजाति, समुदाय, वर्ग, सम्प्रदाय र धर्मावलम्बीहरुका आ-आफ्नै मौलिक परम्परा, रीतिरिवाज, वेशभूषा, भाषा, कला र संस्कृतिहरु छन् । यी सबैको संरक्षण, सम्वर्द्धन र विकासका लागि खोज-अनुसन्धानसँगै लोपोन्मुख संस्कृतिका सांस्कृतिक पक्षहरुलाई लिपिबद्ध गर्दैत्यसलाई उजागर, प्रचार-प्रसार र संरक्षण गर्नु पर्दछ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान यी कार्यहरुमा वर्षौंदेखि सक्रिय रहँदै योगदान पुऱ्याउँदै आएकोमा खुशी व्यक्त गर्दछु । प्रतिष्ठानले अब संवैधानिक व्यवस्था अनुसार आफुलाई थप परिमार्जित, परिस्कृत र फराकिलो बनाउँदै नेपालका सबै भूगोल, भूभाग, क्षेत्र र भाषागत समूहका सांस्कृतिक पहिचानका रुपमा रहेका गीत, संगीत, नृत्य, नाट्यका विविध विधाहरु (प्राचीन, रैथाने, लोक, परम्परागत, शास्त्रीय आदि) लाई थप समृद्ध र उन्नत बनाउन सक्नु पर्दछ ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले नेपाली संगीत, नृत्य, नाटक, रंगमञ्च, परम्परागत तथा शास्त्रीय संगीत एवम् लोक संगीत तथा नाट्य विधामा विशिष्टता हासिल गर्ने विशिष्ट साधक, प्रतिभा र स्रष्टाहरुलाई गर्दै आएको सम्मानले राष्ट्रको गरिमालाई अक्षुण्ण बनाई राख्न सहयोग पुग्ने गरेको विश्वास व्यक्त गर्दछु । प्रतिभाहरुको सम्मानले प्रतिभाहरुलाई सिर्जनाको क्षेत्रमा कर्मशील र क्रियाशील हुने प्रेरणा प्रदान गर्दछ । अग्रज स्रष्टाहरुको सम्मान गर्नु सम्पूर्ण संस्कृति र सिर्जनालाई सम्मान गर्नु हो । यस्तो सम्मान गर्ने परिपाटीले विश्वमा राष्ट्रको सभ्यताको परिचय दिन्छ ।

अन्तमा, यस समारोहका आयोजक संस्थालाई हार्दिक धन्यवाद व्यक्त गर्दै विभिन्न विधामा 'नेपाल संगीत तथा नाट्य प्रज्ञा राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७९' द्वारा सुशोभित हुनु भएका सम्पूर्ण स्रष्टाहरुलाई पुनः हार्दिक बधाई तथा सुस्वास्थ, सुदीर्घ एवम् सिर्जनशील जीवनको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
१२ असार २०८० ।

बूढानीलकण्ठ नारायणस्थान व्यवस्थापन समितिद्वारा २०८० असार २० गते
आयोजित 'नव निर्मित अतिथि सदन (धर्मशाला)' समुद्घाटन
कार्यक्रममा सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

बूढानीलकण्ठ मन्दिर परिसरमा अतिथि सदन (धर्मशाला) निर्माण हुनु अत्यन्तै खुशी र गौरवको विषय हो । यो पुनित, बन्दनीय र अभिनन्दनीय काममा आर्थिक, प्राविधिक र भौतिक रुपमा सहयोग गर्ने सम्पूर्ण संघसंस्था, निकाय, दाता, व्यक्तित्व र महानुभाव लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । बूढानीलकण्ठ मन्दिरका मठाधीश एवं संरक्षक, बूढानीलकण्ठ नगरपालिका परिवार, बूढानीलकण्ठ नारायणस्थान व्यवस्थापन समितिका अध्यक्ष, सल्लाहकार तथा पदाधिकारीसहित यस क्षेत्रका सम्पूर्ण स्थानीयलाई हार्दिक बधाई पनि व्यक्त गर्दछु ।

काठमाडौं उपत्यका एकताका जल भण्डारको रुपमा रहेको थियो । जल भण्डारको अन्त्यपछि मानव बस्ती बस्न थालेयता नै यहाँ धर्म संस्कृतिको विकास भएको मानिन्छ । त्यही विकासक्रममा बूढानीलकण्ठ क्षेत्र भगवान विष्णुको पावन क्षेत्रको रुपमा रुपान्तरित भएको हो । यस मन्दिर क्षेत्रलाई सुव्यवस्थित तवरले अगाडी बढाउने अभिभारा सम्पूर्ण स्थानीय जनसमुदायसँगै सबैको हुनुपर्दछ । अत: सबैले यसलाई आफ्नो मूल कर्तव्य ठान्दै मन्दिर क्षेत्रको संरक्षण, सम्वर्द्धन र विकासमा टेवा पुऱ्याउन आवश्यक छ ।

नेपालको पहिचान धार्मिक मात्रै नभई प्राकृतिक र सांस्कृतिक दृष्टिकोणले पनि विश्वमै पृथक र आफैमा मौलिक पनि छ । विदेशबाट बर्षेनी नेपाल आउने लाखौं पर्यटक यहाँका प्राकृतिक र जीवित प्राचीन सांस्कृतिक महत्वका सम्पदाहरु अवलोकन गरी मन्त्रमुग्ध हुन्छन् ।

नेपालको धार्मिक, प्राकृतिक तथा सांस्कृतिक मूल्य, विश्व सम्पदा सूचीमा परेका धरोहरले पनि यसलाई प्रष्ट पारेकै छन् । विश्व क्षेत्रफलको हिसाबले करीब शून्य दशमलव ०३ प्रतिशत मात्रै ओगटेको नेपालमा युनेस्कोद्वारा विश्व सम्पदा सूचीमा छानिएका विश्वकै ६ सय ३० मध्ये १० वटा पर्नु अति नै गर्व लायक विषय हो । त्यसमा पनि ६ वटा जति काठमाडौं उपत्यकाकै पर्नु हाम्रा लागि झनै महत्वपूर्ण र खुशीको कुरो हो । विश्वमै उदाहरणीय र अतुलनीय रहेको ऐतिहासिक महत्व तथा मौलिक परिचय बोकेका स्थलहरुलाई आगामी पुर्खाहरुका लागि जीवित राख्न सम्पूर्ण देशवासी दत्तचित्त भई लाग्नु पर्दछ ।

नेपालका धार्मिक क्षेत्रहरु ज्ञान, चिन्तन र दर्शनको वास्तविक उद्गमस्थल पनि हुन् । त्यसैले त नेपाललाई ज्ञानभूमि, चिन्तनभूमि र तपोभूमि समेत भनेर चिनिन्छ । यो सन्दर्भमा भारतीय दूतावासले बूढानीलकण्ठ मन्दिर क्षेत्रलाई सहयोग गर्दै धर्म रक्षा र परोपकारका लागि धर्मशाला निर्माणमा योगदान गर्नु प्रशंसनीय छ ।

नेपालमा शताब्दीयता विद्यमान रहेका मन्दिरहरु हिन्दू धर्मावलम्बीहरुले आ-आफ्नो आस्था अनुसार शिवलाई मान्ने शैव मन्दिर, विष्णुलाई मान्ने वैष्णव मन्दिर, देवीलाई मान्ने शाक्त मन्दिर परापूर्वकालदेखि सामाजिक-धार्मिक संगम स्थलका रुपमा रहेका छन् । बूढानीलकण्ठ मन्दिर परिसर सुन्दरताको प्रतिक र हिन्दू श्रद्धालुहरुको आस्थाको महत्वपूर्ण धार्मिक स्थल समेत भएकाले देश-विदेशबाट भक्तजनहरु यो मन्दिरको अवलोकन गर्न आउने गर्दछन् । हाम्रा धार्मिक स्थल वा मन्दिरहरु पूजा गर्ने स्थल मात्रै होइनन् सिक्ने-सिकाउने, सांस्कृतिक आदान-प्रदान र सामाजिक संवादका केन्द्रहरु पनि हुन् । नवनिर्मित धर्मशालाले यी गतिविधिका लागि कोशेढुंगा साबित हुने र धर्मभिरु महात्माजन तथा विशिष्ट अतिथिलाई आवास सुविधामा केही राहत प्राप्त हुने विश्वास लिएको छु ।

बूढानीलकण्ठ मन्दिर क्षेत्रमा धर्मशालाको निर्माण ऐतिहासिक मात्र छैन यसले नेपालको धार्मिक पर्यटन विकास र आर्थिक गतिविधिहरुमा सहयोग पुग्न सक्छ । यो धर्मशाला नेपाल र भारतबीचको मित्रताको स्तम्भ बन्न सफल होस् ।

कुनैपनि धर्म तबसम्म धर्म हो जबसम्म त्यसमा कुनैप्रकारको कट्टर रितिरिवाज जोडिएको हुँदैन । सबै धर्मले जीवन जिउने शैली सिकाउँदछ । त्यसैले स्वर्ग र नरक, जन्नत र जहन्नुम सबैमा एउटै अवधारणा रहेको पाइन्छ । हिन्दू धर्मावलम्वीहरुले कयौं देवी-देवताहरुलाई मान्दछन् । नेपाल बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक गणतान्त्रिक धर्मनिरपेक्ष मुलुक भएकाले पनि यहाँ धार्मिक आस्था र बिश्वासका केन्द्रहरुको संख्या अत्याधिक रहेका छन् । धर्म, कर्त्तव्य, न्याय, सदाचार, सद्गुण आदिको एउटा सामूहिक अभिव्यक्ति हो ।

एउटा शास्वत भनाई नै छ- धर्म, सत्यबाट उत्पन्न हुन्छ, दया र दानबाट बढ्छ, क्षमाबाट स्थिर हुन्छ र क्रोध एवं लोभबाट नष्ट हुन्छ । अझ हिन्दू धर्मको प्रमुख गुणहरुमा उदारता, सहिष्णुता अर्थात परोपकार समावेश रहेको छ । यही गुणहरुलाई आत्मसात गर्दै यस पवित्र भूमिमा धर्मशाला निर्माण भएको हुनुपर्छ । परोपरकार जसको मनमा हुन्छ, उसका लागि संसारमा कुनै पनि कुरा दुर्लभ छैन, हुँदैन । प्रकृतिको कण-कणले हामीलाई परोपकारको प्रेरणा प्रदान गर्दछ ।

बूढानीलकण्ठ मन्दिर परिसरमा धर्मशालाको निर्माण एउटा सकारात्मक काम पनि हो । यो काम बिना प्रेरणाको सम्भव थिएन, छैन । एउटा दृढ प्रतिबद्धताका साथ कार्य शुरु गरी पुर्ण नभएसम्म विश्राम नलिएकै कारण आज बूढानीलकण्ठ परिसरमा अतिथि सदनको निर्माण भएको हुनुपर्छ ।

अन्तमा, नेपालमा रहेको देवी-देवताका असंख्य मन्दिरहरुलाई अवलोकन गर्न हरेक वर्ष लाखौंको संख्यामा भारतीय पर्यटकहरु यहाँ आउने गर्छन् । पर्यटनको दृष्टिले नेपाल निक्कै समृद्ध र सुशोभित मुलुक हो । भारतीयहरुको पहिलो गन्तव्य नेपाल बन्ने गरेको छ । यो धर्मशाला भारतीय पर्यटकहरुका लागि नेपाललाई आफ्नो रोजाईमा पार्न उत्प्रेरित गर्दै उनीहरुको यहाँको बसाई लम्ब्याउन सहज, सरल, सुगम र सुविधायुक्त सेवाभावको बातावरण प्रदान गर्नुका साथै सम्पूर्ण हिन्दू धर्मावलम्बीका लागि सुखद र मैत्रीपूर्ण आतिथ्यता दिन सफल होस् , शुभकामना ।

साथै, सनातन धर्मावलम्वी शान्त जीवनको यात्रामा अग्रसर रहने विश्वासका साथ सबै उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यबाद ।

२० असार २०८० ।

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चद्वारा २०८० असार २८ गते विहीबार आयोजित
'आदिवासी जनजाति महिला अधिकार र नीतिस्तरमा नेतृत्वसम्बन्धी राष्ट्रिय सम्मेलन' मा
सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

आदिवासी जनजाति महिला अधिकार र नीतिस्तरमा नेतृत्व सम्बन्धी आदिवासी महिला सांसदहरुको यो राष्ट्रिय सम्मेलनमा सहभागी सम्पूर्ण माननीय सांसदहरु, प्रतिनिधिहरु, सरोकारवाला तथा आयोजक संस्था राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आदिवासी जनजाति महिलासहित नेपालका सम्पूर्ण महिलाहरुका सवालमा महत्वपूर्ण जानकारी लिने तथा आफ्ना अनुभवहरु आदान-प्रदान गर्ने अवसर यो दुई दिवसीय सम्मेलनका सहभागीहरुलाई पक्कै जुटाएकै हुनुपर्दछ भन्ने विश्वास लिएको छु ।

आदिवासी जनजाति महिला अधिकारको वकालत गर्न, उनीहरुको अवस्थाबारे प्रतिवद्धतापत्र तयार पार्न र संवैधानिक प्रावधान तथा अन्तर्राष्ट्रिय संयन्त्रहरुलाई क्रियाशिल बनाउने उद्देश्यले आयोजित यो सम्मेलन सार्थक बन्न सक्नु पर्दछ । सम्मेलनमा 'युएनसीइडीएडब्लु', 'युनसीबीडी', 'कोप-१५', जलवायु परिवर्तन र आदिवासीहरुका भाषा लगायतका महत्वपूर्ण विषयहरु समावेश गरिएकोमा खुशी व्यक्त गर्दछु ।

यसैगरी, नेपालको आदिवासी जनजाति महिलाहरुका लागि नीतिनिर्माण तहमा पहुँच बढाउन संघीय र प्रदेश सांसदसंगको सहकार्य र ऐक्यबद्धताका लागि यो सम्मेलन मार्फत् उहाँहरुलाई एउटै मञ्चमा ल्याउने कार्यको उच्च प्रशंसा गर्दछु ।

विभिन्न कालखण्डमा नेपालमा राजनीतिक परिवर्तनसँगै गणतन्त्र, संघीयता, समावेशिता, धर्मनिरपेक्षता, मानवअधिकार र सबैखाले विभेद, शोषण, दमन, अन्यायको अन्त्यका लागि विगतमा भएका आन्दोलन, जनआन्दोलन, मधेश जनविद्रोहलगायतमा आदिवासी जनजातिहरुको महत्वपूर्ण भुमिका रहेको स्मरण गर्न चाहन्छु ।

नेपालमा आदिवासी जनजाति महिलाहरुले सामना गर्दै आएका चुनौतीहरुलाई सम्बोधन गर्न, नीति निर्माताहरुबीच जागरुकता अभिवृद्धि गर्न, परिवर्तनको गतिलाई थप बलियो बनाउन र आदिवासी समुदायहरुको अधिकार र कल्याणप्रति प्रतिबद्धताका लागि प्रोत्साहन गर्दै सरोकारवालालाई उत्तरदायी बनाउन यो सम्मेलन सफल भएको हुनु पर्दछ ।

मानवअधिकारको विश्वव्यापी अवधारणाले समाजमा विद्यमान सबै प्रकारका विभेद अन्त्य हुनुपर्छ भन्ने मान्यता राख्दछ । सम्मेलनमा मुलुकभित्रका आदिवासी जनजाति, महिलाका अवस्थाबारे मात्र नभई, संयुक्त राष्ट्रसंघीय संरचना/संयन्त्रहरुभित्र यी समूह/पक्षका सम्बन्धमा भएका व्यवस्था, अवस्थासहित विविध अन्तर्राष्ट्रिय विषयहरुमा सहभागीहरुले वृहत छलफल, विचारविमर्श गर्दै एउटा ठोस निस्कर्षमा पुगेको जानकारी पाएर औधी खुशी लागेको छ ।

आदिवासी/जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनडीआरआईपी), महिला हिंसासहित सबै प्रकारको भेदभावको अन्त्य गर्ने महासन्धि र जलवायु परिवर्तन सम्बन्धी महासन्धि, जैविक विविधता सम्बन्धी महासन्धि र भाषिक अधिकार सम्बन्धी विषयहरु ज्यादै महत्वपूर्ण छन् । यी राष्ट्रसंघीय संयन्त्रहरुका लागि कानून र नीतिहरु बनाएर कार्यान्वयनमा लैजान नेपाल सदैव सचेत र क्रियाशील रहँदै प्रयासरत छ ।

अन्त्यमा, सम्मेलनले तयार पारेको प्रतिवद्धतापत्रले समग्रमा नेपाली महिला, आदिवासी जनजाति तथा विभेदमा पारिएका समुदायका मुलभूत समस्या र सवालहरुलाई सम्बोधन गर्न मार्गनिर्देश गर्न सफल हुने विश्वासका साथ फेरी पनि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२८ असार २०८० विहीबार ।

काठमाडौंमा नेपाल जन-प्रशासन संघद्वारा २०८० साउन ३ गते बुधबार
आयोजित 'सम्मान' कार्यक्रममा **सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको**

सम्बोधन

नेपाल जन-प्रशासन संघले प्रशासन र व्यवस्थापन क्षेत्रमा कार्यरत प्राज्ञिक, प्रशासक र व्यवस्थापकबीच पारस्परिक पेशागत सम्बन्धलाई मर्यादित र सुदृढ गर्दै सार्वजनिक क्षेत्रको नीतिनिर्माण, पुनरावलोकन र मूल्यांकनमा व्यवसायिक पृष्ठपोषण गर्ने गरेको जानकारी पाउँदा खुशी लागेको छ ।

नेपालका प्रशासन, व्यवस्थापन र कर्मचारी संयन्त्रमा सुनिने गरिएका जनगुनासो, विकृति, विसंगति अन्त्यका लागि तपाईंहरु सक्रिय रहँदै यसका सकारात्मक पक्षलाई समेत उजागर गर्न सक्नु पर्दछ ।

नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुक घोषणा भई यहाँ तीन तहको संरचना अनुसारको सरकार छ । यो बदलिँदो संरचनामा सेवा प्रवाह प्रक्रियालाई थप प्रभावकारी बनाउन जरुरी छ । यसका लागि प्रशासक, व्यवस्थापक र कर्मचारीहरुलाई थप प्रशिक्षण, ज्ञान, कार्यदक्षता र सीपको आवश्यक हुन्छ । यसले यी सम्पूर्णलाई प्रशिक्षित, दक्ष, योग्य र सक्षम बनाउँदै आ-आफ्नो सेवा प्रवाहमा दत्तचित्त भई लाग्न सहयोग पुग्ने विश्वास लिएको छु ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुक भएकोले यी विशेषताहरुलाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, संघीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पका साथ अघि बढ्नु पर्दछ ।

यसका लागि तपाईंहरुले जनअपेक्षा अनुरुपको जनमुखी सेवा प्रभावलाई उच्च प्राथमिकतामा राख्नै पर्दछ । साथै, मुलुकमा सदाचार, इमान्दारिता, जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्न संघले थप उत्तरदायित्व बोध गर्दै यसका लागि तपाईंहरुको पैरवी र वकालत पनि उत्तिकै आवश्यक छ ।

हामी डिजिटल युगमा रहेकाले त्यही अनुरुपको जनशक्ति परिचालन गर्दै आफ्नो सेवा प्रवाहलाई थप सुदृढ, परिस्कृत, परिमार्जित गर्दै अघि बढ्नै पर्दछ । यसले सेवा प्रवाह छरितो, छिटो, सरल, सुगम, सहज, पारदर्शी, जनमुखी र जवाफदेही मात्र बनाउँदैन, जनगुनासो र जनअपेक्षा अनुसारको सेवा समेत सेवाग्राहीहरुले पाउन सक्छन् ।

संघले शिक्षा, व्यवस्थापन, प्रशासन, सार्वजनिक वितरण, जनसरोकार एवं सरकारी तथा गैरसरकारी क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउने महत्वपूर्ण व्यक्तित्वहरुलाई सम्मान गर्ने कार्य प्रशंसनीय छ ।

अन्त्यमा, तपाईंहरु प्रशासन र व्यवस्थापन क्षेत्रका समसामयिक विषयमा मुलुकलाई दिशानिर्देश गर्न सदैव सक्रिय रहनु हुने विश्वास लिँदै जन-प्रशासन संघ मुलुकमा सुशासन कायम गर्न, विधिको शासन संचालन गर्न, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्न र भ्रष्टाचार न्युनीकरण गर्न सधैं क्रियाशील रहन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । साथै, यस कार्यक्रममा विभिन्न पुरस्कार र सम्मान प्राप्त गर्नुहुने सम्पूर्ण व्यक्तित्व र मान्यजनहरुको सुख, शान्ति, सुदीर्घ र सुस्वास्थ्यको कामना गर्दछु ।

धन्यवाद ।
३ साउन २०८० ।

महोत्तरीकेँ मटिहानी नगरपालिका द्वारा २०८० साउन १६ गते आयोजित 'नेपालकेँ सबसँ उच्चा ११० फीटकेँ राष्ट्रिय ध्वजारोहण' कार्यक्रममें **सम्माननीय उपराष्ट्रपतिरामसहाय प्रसाद यादवकेँ**

सम्बोधन (मैथिली भाषा)

मधेश प्रदेश अन्तर्गत नेपालक ऐतिहासिक आ पौराणिक नगर मटिहानीमे देशकेँ सबसँ ऊँच (पैघ) ११० फीट राष्ट्रध्वज (राष्ट्रीय झण्डा) स्थापनाक लेल मटिहानी नगरपालिका परिवार आ एहि क्षेत्रक सम्पूर्ण नागरिकजनकेँ हार्दिक आभार आ शुभकामना व्यक्त करैत छी ।

हमर मानब ऐछ जे मित्र राष्ट्र भारतक बिहार प्रान्तक मधुबनी आ सीतामढीसँ जुड़ल मटिहानी नगरमें एही तरहे ऊँच आ सभकियोकेँ गौरवान्वित करैवाला राष्ट्रध्वजकेँ स्थापनासँ नेपालक सीमावर्ती क्षेत्रमे रहनिहार आम नेपाली लोकक राष्ट्रीयता आ राष्ट्रप्रति प्रदर्शन कैल गेल अपने लोकैनकेँ उच्च सम्मान, अपनत्व, देशप्रेम आ देशभक्तिकेँ प्रतिबिम्बित कयैलक ऐछ ।

देशभक्ति सभगोटाकेँ एक दोसरसँ बान्हि दैत ऐछ । अपन देशकेँ प्रति प्रेम लोकक लेल एकटा धर्म थिक, जे राष्ट्रवादक भावमे व्यक्त होइत ऐछ । सबकेँ अपन माइट-पाइन, अपन संस्कृति-परम्परा आ स्थापित भौगोलिक अखण्डतासँ अत्यन्त गहीँर भावनात्मक लगाव होइत ऐछ आ हेँवाको चाही । हम हर्षित छी जे मटिहानी नगर राष्ट्रध्वजकेँ माध्यमसँ देश आ मातृभूमिप्रति अपन असीम लगाव, जुड़ाब आ सम्मानकेँ प्रदर्शन करैमें सफल भेल ऐछ । हमरा बिश्वास ऐछ जे नगरपालिका एहि राष्ट्रध्वजकेँ रक्षाकेँ जिम्मेदारी, अभिभारा आ दायित्व सेहो निर्वाह करत ।

राष्ट्रवाद एकटा भाव आ यथार्थ दुनू ऐछ । ई हमरासभक परिचायक, पहचान, आत्मसम्मान आ गौरव ऐछ । राष्ट्रवादप्रति नेपालीकेँ चट्टानी अडान गर्वकेँ बात छै । नेपालीजनकेँ राष्ट्रीयता स्व-चेतन ऐछ । ई विविध सांस्कृतिक सम्मिश्रण, विविधतामें एकता, सामाजिक एकीकरण, साझा राष्ट्रीय मनोवैज्ञानिक संचयकेँ माध्यमसँ राष्ट्रीयताकेँ मजबूती भेटैत ऐछ ।

नेपाल बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय आ बहुक्षेत्रीय देश छी । नेपालक सम्पूर्ण नागरिककेँ साथ सामाजिक न्याय, समानता आओर सम्मानकेँ संगैह पहचान, संवैधानिक तटस्थता, बहुसंस्कृतिवाद, हरेक समूह, वर्ग, तपका, क्षेत्र, भूगोलकेँ भलाईकेँ लेल(ऽ) नीति, लोकतांत्रिक उदारवाद आओर विविधताकेँ संबोधित करैकेँ व्यवस्था कानूनी, संरचनात्मक आओर व्यावहारिक तरीकासँ करल(ऽ) गेल(ऽ) छै । सबकेँ एकीकृत ककेँ चुनाव केर(ऽ) मिश्रित प्रणाली अपनाबैत हरेक समूह, वर्गक सहभागीताका लेल समावेशी नीति, राजनीतिक रणनीति, बहुलवाद, सामाजिक रणनीति जे सामाजिक उपयुक्तता आओर बिविधताके संबोधित करैवाला प्रतिस्पर्धी आ प्रतिनिधिमूलक कर्मचारीतन्त्र आ आरक्षणसहितकेँ प्रशासनिक रणनीतिकेँ तहत निर्माण करल(ऽ) गेल(ऽ) छै । सभगोटेकेँ ई नीति, नियम आ रणनीति अपनाबैत एकर पालन करबाक चाही ।

मटिहानी नगर हिन्दू धर्मावलम्वीकेँ आस्थाक केन्द्र रहल तस्मैया बाबा आ इस्लाम धर्मावलम्वीकेँ आस्थाक केन्द्र रहल सूफी संत पीर बाबाकेँ पवित्र स्थलकेँ पासमें रहल तस्मैया बाबा पार्कमे राष्ट्रध्वज फहराबैकेँ बात ई साबित करैँ छै जे मतिहानी नगर धार्मिक सौहार्दमे आगू सेहो छै । हिन्दू आओर मुसलमान दुनू केर(ऽ) श्रद्धा रहल ई धार्मिक संगम स्थलमें ऐतिहासिक झण्डा फहरोनाइ धार्मिक सौहार्द, सहिष्णुता, भाईचारा आ मेल-मिलाप केर(ऽ) कालजयी आ सकारात्मक संदेश सम्प्रेषण कयैलक ऐछ ।

ई एकटा आओर गौरवक बात ऐछ जे नेपाल आ भारतक समस्त वैष्णव मठक प्रधान रहल लक्ष्मीनारायण मठ मटिहानीएमें ऐछ, नेपालक सबसँ पैघ राजगुठी सेहो एतैह ऐछ, नेपालक प्रथम शिक्षालय राजकीय संस्कृत प्रधान पाठशालासँ सुसोभित अई पवित्र भूमिमें देशप्रेम, राष्ट्रभक्ति आ राष्ट्रीयताके एकटा प्रतिक रहल नेपालक राष्ट्रध्वज सेहो एतैह थपनाइ आओर आ पैघ गौरवक विषय ऐछ ।

अन्तमें, हम अपन खुशी व्यक्त करय चाहब जे मटिहानी नगर आ एतौहुका बासिन्दासभ एहि स्थानकेँ धार्मिक, पौराणिक, शैक्षणिक, सामाजिक आ सांस्कृतिक इतिहासकेँ जीवित रखने छैथ । पंचायती शासनविरुद्धकेँ प्रजातान्त्रिक आन्दोलन आ मधेशी पहचान, समावेशिता, संघीयता, समानुपातिक प्रतिनिधित्वसहितकेँ महान कार्यक लेल विगतमें भेल मधेश जनविद्रोहमें सेहो महत्वपूर्ण योगदान कएनिहार मटिहानीवासी लोकैनकेँ आजूक ऐतिहासिक दिनक लेल पुनः हार्दिक बधाई, आ शुभकामना देम चाहैत छी ।

अपने सभगोटेके धन्यवाद ।

१६ साउन २०८० ।

काठमाडौं स्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा ब्रह्मकुमारी राजयोगद्वारा २०८० साउन २७ गते शनिबार आयोजित 'सकारात्मक परिवर्तनको वर्ष (The Year of Positive Change)' कार्यक्रममा

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

सर्वप्रथम ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालद्वारा आयोजित यस महत्वपूर्ण कार्यक्रमका लागि आयोजक र सम्पूर्ण सहभागीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

ब्रह्माकुमारी संस्थाले विश्वमा मानव-मानवबीच शान्ति, सुव्यवस्था, सद्भाव, स्नेह कायम गर्ने कार्यमा पुर्‍याउँदै आएको योगदानको उच्च प्रशंसा गर्न चाहन्छु । संस्थाले मानिसको चारित्रिक, नैतिक, आध्यात्मिक, सामाजिक, शैक्षिक, र व्यावसायिक उन्नयन तथा शुद्धिकरण एवम् सशक्तिकरणका लागि अहोरात्र मेहनत गरिरहेको जानकारी पाएर खुशी लागेको छ । समाजमा शान्ति, सु-व्यवस्था र अमनचयन कायम गर्न यस संस्था मार्फत् भइरहेको निःस्वार्थ एवम् निष्काम सेवाले धेरैलाई समाज सेवा गर्न र मुलुकको हित रक्षामा प्रेरित र मार्गदर्शन गरिरहेको विश्वास पनि व्यक्त गर्दछु ।

विश्वमा मानव जीवनमा आध्यात्मिक जागृति र पवित्र सङ्कल्पहरू सिर्जना गरी समग्र मानव जातिको कल्याण गर्ने अभिप्रायले ब्रह्मा कुमारी संस्थाले यो वर्षलाई 'सकारात्मक परिवर्तनको वर्ष २०८०' का रूपमा मनाउनु आफैमा समयसापेक्ष र समाजोपयोगी छ । समाज सेवामा राजनीतिकर्मी, समाजसेवी, राष्ट्रसेवक, समाजका विभिन्न क्षेत्रका जिम्मेवार व्यक्तित्वहरू बीचको आपसी विश्वास, सहयोग, सहकार्य र सद्भाव मार्फत् समाज रूपान्तरणको कार्य गर्न सके सही अर्थमा सुखद, शान्त र समृद्ध समाज एवम् देश निर्माण गर्न सकिन्छ ।

पछिल्लो समय समाजमा विद्यमान आपसी खिचातानी, मन मुटाव, अस्वस्थ प्रतिस्पर्धा, व्यक्तिगत तथा समुहगत स्वार्थ जस्ता दुष्प्रवृत्तिहरू हावी भइरहेको सन्दर्भमा सकारात्मक परिवर्तनको मार्गमा अगाडि बढ्नुको विकल्प नरहेको यथार्थ सबैले स्वीकार गर्नु पर्दछ । ब्रह्माकुमारी संस्थाको सेवाभाव, विश्व कल्याण, वसुधैव कुटुम्बकम जस्ता उदार भाव आफ्नो मात्र नभई अरूको पनि सुख, समृद्धि, सफलता र निरन्तर उन्नतिका लागि हुनु पर्दछ । संस्था यी कार्यहरुमा आफ्नो विशाल भावनाले ओतप्रोत भई क्रियाशील रहनु सराहनीय छ ।

वर्तमान सन्दर्भमा सबै क्षेत्रमा देखा परेको तनाव, चिन्ता, भय, नैराश्यता, सम्बन्धमा कटुता, सामाजिक अपराध, दुराचार आदिबाट सिर्जित मानवजीवनका जटिल समस्याहरूको निदानार्थ ब्रह्माकुमारी संस्थाका सेवा केन्द्रहरूबाट दिइने ज्ञान, अभ्यास र राजयोग साधना परिणाममुखी सुत्र र आधारका रुपमा रहेका छन् । खासगरी, योग अभ्यासबाट हुने आन्तरिक चित्तवृतिको शुद्धिले मन, बचन र कर्ममा सकारात्मक परिवर्तन आउने विषय निर्विवाद हो र छ । नेपाली समाज मात्र होइन विश्व नै राजयोग अभ्यासप्रति आकर्षित हुनु आफैंमा एउटा सकारात्मक पक्ष हो । यस प्रकारका ज्ञानयोगजन्य आध्यात्मिक शिक्षाबाट व्यक्ति इमान्दार, कर्मठ, सक्षम, नैतिकवान्, चरित्रवान् बन्न गई मुलुकको सामाजिक, आर्थिक र भौतिक विकासमा समेत महत्वपूर्ण टेवा पुर्‍याउन सक्षम हुने विश्वास पनि मैले लिएको छु ।

नेपाल पारापूर्व कालदेखि आराध्य देव पशुपतिनाथ, शान्तिदूत गौतम बुद्ध, विदेही राजा जनक र सीतामाताको जन्मभूमी समेत रहेको स्मरण गराउन चाहन्छु । साथै, बिभिन्न ऋषि, मुनी, तपस्वी, साधकहरूको भूमि पनि नेपाल रहेकोमा गौरवान्वित हुँदै उहाँहरूबाट प्राप्त ज्ञान, गुण, शिक्षा र उपदेशहरूलाई वर्तमान परिवेशमा व्यवहारिक जीवनमा अनुशरण गर्न सके शान्तिप्रिय हाम्रो मुलुक थप सभ्य, सुसंस्कृत र उन्नत समाज बन्न सक्दछ ।

अन्त्यमा, आजको यस कार्यक्रमबाट उत्पन्न आध्यात्मिक प्रकम्पन र शुभसन्देश सिंगो नेपाली समाजमा सकारात्मक चिन्तन धारा प्रवाह गर्न, आध्यात्मिक जागृतिका साथै समाजको हरेक क्षेत्र, तह र तप्कामा रहेका जिम्मेवार व्यक्तिहरू- बाल, बृद्ध, युवा, महिला, पुरूष सम्पूर्णमा सकारात्मक रूपान्तरणको प्रक्रिया आरम्भ र विस्तार गर्नमा कोशे ढुङ्गा साबित हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । साथै, आयोजक संस्थाप्रति हार्दिक धन्यबाद दिँदै सहभागी सम्पूर्णको सुख, शान्ति, सुदीर्घ र सुस्वास्थ्यको कामना पनि गर्दछु ।

धन्यवाद, ओम् शान्ति । **२७ साउन २०८० ।**

सप्तरी कुशहास्थित जिनिस हस्पिटल प्रालिद्वारा २०८० साउन २८ गते आइतवार
आयोजित 'हस्पिटलके समुद्घाटन' कार्यक्रममें
सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव जीके

सम्बोधन (मैथिली भाषा)

सर्वप्रथम, ऐहि क्षेत्रक, टोलपरोसक आ एतौंहुका ग्रामिण क्षेत्रक आमजनके लेल सर्वसुलभ आ गुणस्तरिय स्वास्थ्य सेवा प्रदान करबाक उद्देश्यसँ सञ्चालनमें आयल ऐहि हस्पिटलकें अनुमति देमेवाला निकाय, हस्पिटलकें संचालक, व्यवस्थापक, चिकित्सक/स्वास्थ्यकर्मीसहित सम्पूर्ण स्थानीय लोकैन आ महानुभावगणकें हार्दिक बधाई आ शुभकामना देमे चाहैत छी ।

सभके पहुँचमे रहल जगह लोकमार्ग नजिक, ग्रामिण क्षेत्रक बासिन्दाके लक्षित कके ऐहि तरहे हस्पिटल खुजनाई अपने आपमें एकटा प्रशन्नताकें बात थिक । हमरा विश्वास ऐछ जे ऐहि क्षेत्रक बासिन्दाक स्वास्थ्य सेवामे पहुँच बढत ।

हमरा बिचारसँ सरकारी, गैर-सरकारी एवम् निजी क्षेत्रसँ प्रदान कैल जाएवाला स्वास्थ्य सेवासब सरकारद्वारा निर्धारण कैल गेल राष्ट्रीय मापदण्ड आ मान्यता अनुरुप गुणस्तरीय होमाकें चाही ।स्वास्थ्य सेवाग्राहीकें आवश्यकता पुरा करबाक हेतु सम्पूर्ण स्वास्थ्य संस्थासबमे स्वास्थ्य सेवाके गुणस्तर सुनिश्चितता प्रणाली आ गुणस्तर सुधारक गतिविधिसब निक जंका सुनिश्चित हेनाइ जरुरी ऐछ ।

तइ स्वास्थ्य सेवाके गुणस्तर सुनिश्चित करबाक लेल ऐहि सेवाके अत्यावश्यकीय स्वास्थ्य सेवा प्रणालीक एक अभिन्न अंगके रुपमे विकास होमे पडत । एकरा लेल गैरसरकारी, निजी क्षेत्र आ समुदायसँ साझेदारीक विकास कके आगा बढबाक जरुरी ऐछ ।

मधेश प्रदेशमें स्वास्थ्य सेवाक अवस्था अत्यन्त दयनीय ऐछ । अखन स्वास्थ्य उपचार पद्धति महंगा ऐछ । सरकारी स्वास्थ्य संस्थासब प्रति स्थानीय लोकैनके विश्वास दिनानुदिन घैट रहल ऐछ । प्रदेशक नामुद आ चर्चित सरकारी स्वास्थ्य केन्द्रसब 'रेफरल' केन्द्रके रुपमें परिणत होनाई पैघ चिन्ताके बात थिक । ऐहि विषय दिशि सभकियोके गम्भिर ध्यानाकर्षण करावै चाहैत छी । समाजक बिपन्न आ असहाय लोकैनके आश आ भरोसाक केन्द्र सरकारी अस्पताल होएत ऐछ । ओहि आश आ भरोसाके नहि मरै देमाक काज, जिम्मेवारी आ दायित्व सभकियोके होमाक चाहि । हमरा आश मात्र नहि पूर्ण विश्वास ऐछि जे ऐहि दिशि ई हस्पिटल एक डेग आगा बैढके काज करत ।

अपनेसभ सुरक्षित मातृत्व आ नवजात शिशुक स्वास्थ्य, राष्ट्रीय खोप कार्यक्रम, पोषण कार्यक्रम आ समुदायमे आधारित एकीकृत बालरोग व्यवस्थापनसहित बालस्वास्थ्यक प्रत्याभूति करबाक प्रणके साथ काज करब से विश्वास ऐछ ।

तहिना, अहि प्रदेशमे विकराल रुपमे रहल क्षयरोग, कुष्ठरोग,कालाजर आ जापानिज इन्सेफ्लाइटिससहितके सरुवा रोगके नियन्त्रणमे अपनेसभ महत्वपूर्ण भूमिका निर्वाह करब सेहो अपेक्षा ऐछ । संगैह अहि हस्पिटलसँ स्थानीय लोकैनके बहिरंग सेवा सुपथ आ सहुलियत दरमे भेटत सेहो विश्वास ऐछ ।

एकरा लेल, हस्पिटलके स्वास्थ्य सेवाक मापदण्ड, निर्देशिका आ क्लिनिकल प्रोटोकलके अक्षरसः पालना करबाक जरुरी ऐछ । एतौहुका स्वास्थ्य सेवाके कोनाके विश्वसनीय आ सुलभ, सरल आ सुगम बनाओल जाए ताहि दिशि सेहो संचालक आ चिकित्सक लोकैनके ध्यानमे रखबाक जरुरी छै ।

हस्पिटलके लेल निर्धारण कैल गेल लागत मापक सूचक (गुणस्तरीय व्यवस्थापन प्रणालीक स्थापना, दक्ष आ सीपयुक्त जनशक्तिके उपलब्धता, स्वास्थ्य क्षेत्रसँ सम्बन्धीत आचारसंहिताक उपलब्धता, निर्धारित मापदण्ड अनुसारके भौतिक सुविधा, जनशक्ति, दवाई आ यन्त्रक उपलब्धता आदि) आप्रक्रिया मापक सूचक (सेवाके नियमितता आ ठीक समयमे फलोअपक सुनिश्चिता, सेवा प्रवाहमे तत्परता, सेवाके अभिलेख व्यवस्थित, नियमित परीक्षण कार्य, उपभोक्ताके गोपनीयता कायम आदि) के सेहो ओतबे ध्यानमे रखबाक जरुरी छै। एकर अतिरिक्त प्रतिफलमापक सूचक (सन्तुष्ट उपभोक्ता, बिरामी चंगा होमेबाला दर,मृत्युदर, पोस्ट अपरेटिभ मृत्युदर आदि) पर सेहो विशेष ध्यान देनाइ जरुरी ऐछ।

निजी लगानीमे संचालित अहि हस्पिटलकें नाफासँ बेसी सेवाभाव राइख संचालन करबाक अनुरोध ऐछ। कुनू व्यक्तिके आधारभूत स्वास्थ्य सेवा सम्वन्धी परिक्षण, आवश्यक परामर्श सेवा उपलब्ध करबाक लेल हस्पिटलके सदखैन तयार रहबाक जरुरी ऐछ।

समाज, समुदाय आ प्रदेशमे बाइढ, अगलग्गी, महामारीसहित बिभिन्न आपद् आ बिपद् घटना अबैत आ होएत रहलैए- एहन अबस्थामे प्रभावित समुदायके चिकित्सा आवश्यकता पैडते बिना कुनू बिलम्बके सेवा देमाक लेले अपनेसभ सदखैन सक्षम आ आतुर रहब, हमर विश्वास ऐछ।

तहिना, वातावरण प्रदुषणके दुष्परिणामसँ बचबाक लेल अस्पतालक कूडा-कचराके प्रबंधनमें सेहो अपनेसभके ओतबे ध्यान देमाक जरुरी ऐछ। एक प्रतिवेदनक अनुसार अस्पतालमे भर्ती भेल हरेक मरिजसँ प्रतिदिन औसतन डेढ किलो कचरा निकलैत ऐछ। अस्पतालसँ निकलैवाला कुल कचरामें सँ ४७ प्रतिशत जीव-चिकित्सा सम्वन्धी होएत ऐछ। ई पैघ खतरनाक होएत छै- कियैक त ऐहिमे रोगक विस्तार करैवाला कीटाणुसब रहैत छै। मनुखक खून आ द्रव्यसँ लतर-बतर सामग्री, रद्दी चिकित्सा उपकरण, दूषित रुई, प्लास्टर, ड्रेसिंग एव शल्य-चिकित्सा आ अन्य चिकित्सा उपकरणजन्य कचरा स्वास्थ्यके लेल गम्भीर खतरा भँ सकैत ऐछ। एहो दिशि ध्यान देनाइ जरुरी ऐछ। अस्पतालक कूडा-कचरासँ भाइरल हेपेटाइटिस, क्षय रोग (टीबी), श्वासनली शोथ (ब्रान्काइटीस), आमाशय आ आँतक सूजन, चर्म आ आँइखसँ सम्वन्धीत रोग भँ सकैत ऐछ। तईं अस्पतालमे पर्यावरणीय प्रदुषणके न्यूनिकरण करबाक लेल स्टीम स्टेरिलिजेशन (वाष्प बिसंक्रमण) किंवा आटो क्लीनिङ (स्वतः सफाई) के सुविधासब उपलब्ध करेबाक आवश्यकता ऐछ।

अन्तमें, नेक उद्देश्यसँ संचालनमे आयल अहि हस्पिटलके सफलताके कामना करैत संचालक लोकैनके पुनः हार्दिक बधाई तथा शुभकामना ऐछ।

धन्यवाद।
२८ साउन २०८०।

मधेश प्रदेशको बिरगंजमा नेपाल औषधि व्यवसायी संघद्वारा २०८० भदौ २२ गते शुक्रबार
आयोजित' १४ औं राष्ट्रिय अधिवेसनको समुद्घाटन' कार्यक्रममा
सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन (भोजपुरी भाषा)

मधेश प्रदेशके ऐतिहासिक शहर आ देशके वाणिज्यिक केन्द्रमें से एक बीरगंजमें नेपाल औषधि व्यवसायी संघके स्वर्ण उत्सव (५० वाँ वर्षगांठ) मनावेके खुशी जतावेके चाहतबानी । साथही, संघके १४ वा अधिवेशनके सफलता खातिर हम आपन शुभकामना व्यक्त करतानी ।

बीरगंज, दवाईके कारोबारी लोग खातिर एगो 'लाइफलाइन' ह, जवन कि पुरा देशके अर्थव्यवस्थामें महत्वपूर्ण योगदान देवेला । ई खुशी के बात बा कि तीसरा देश से आयातित दवाई एहिजासे देशभर बटाता अउरी नेपालमें संचालित दवा उद्योगके एगो महत्वपूर्ण हिस्सा मधेश प्रदेशके बारा, पर्सामें संचालित बा । ओसब व्यक्ति लोगके धन्यवाद देतबानी जे एहमेंखा सयोग दान देतारन ।

नेपालके संविधानमें कहल गइल बा कि हर नेपाली नागरिकके मूलभुत स्वास्थ्य सेवा पावेके मौलिक अधिकार बा । संविधानक अनुच्छेद ३५में बतावल गईल कि 'आपतकालीन स्वास्थ्य सेवासे केहुके वंचित ना कईल जाई' ई बात दवाई व्यवसायीके लागू करेके चाही । हम ई बातके सराहना करेम की रउवा लोग कुछ हदतक आपन जिम्मेदारी निभावत बानी ।

हमनी के खुशी बा कि देशभरके ३२ हजार दवाई व्यवसायी आ व्यापारीके साझा घर बनल ई संघ मरीजनके दवाई उपलब्ध करावत बा आ दवाईके कारोबार करेवाला लोगके संगठित कके हजारों नेपाली नागरिकनके रोजगारके अवसर उपलब्ध करावत बा ।

व्यवसायके संबंध सामान आ सेवासभके उत्पादन, बितरण आ आदान-प्रदान से होला । बिजनेसके धैर्य के काम मानल जाला । भावना, संवेदनशीलता आ पूर्वाग्रहमें एकर कवनो संलग्नता नइखे । देशके आर्थिक रूपसे आत्मनिर्भर बनावे खातिर व्यापार के विकास करेके होई । खास तौर प दवाई के कारोवार जईसन महत्वपूर्ण क्षेत्रके हमेशा प्राथमिकता देवेके चाही ।

जे एह व्यवसायमें लागल बा ऊ लोग वढ़िया व्यापारी का रूपमें आपन धर्म, सेवा आ जिम्मेदारी निभावेमें सक्षम होखेके चाही । एहतरहसे सामाजिक संरचनाके सीमामें काम करेवाला हर आदमीके कामके सकारात्मक चाहे नकारात्मक प्रभाव समाज पर प्रत्यक्ष चाहे परोक्ष रूपसे प्रभावित करेला । एह महत्वपूर्ण मुद्दापर सोचल आ आत्मसात कइल आ आगे बढ़ल सभे संबंधित लोग खातिर बहुते जरूरी बा ।

लाखों आवादीवाला काठमांडू जइसन शहरसे लेके कर्णालीके सुदूर इलाका आ हिमाल, पहाड़ आ तराई-मधेशके हर क्षेत्रमें ई एगो सकारात्मक पहलू बा कि रउवा लोगन सेवा देतवानी । गौरवके बात बा कि सिटामोल मिलेसे आम नागरिकके जान बचावे खातिर रउवा लोगनके विशेष सक्रियताके चलते ७ सय ५३ स्थानीय तहके ६ हजार ७ सय४३ वार्डमें ई व्यवसाय सुचारू रूपसे चल रहल बा ।

एगो अउरी सकारात्मक पक्ष ई बा कि नेपाल औषधि व्यवसाय संघ खाली दवाईके वितरण आ आपूर्ति तक सीमित नइखे बलुक अलग-अलग समयपर बिभिन्न विषयपर प्रशिक्षण भी आयोजित करेला । खासतौर प हमार मानना बा कि नुकसान कम करे अउरी क्षयरोग कम करे जईसन महत्वपूर्ण प्रशिक्षणके दवाई व्यवसायीके क्षमता बढ़ावेमें महत्वपूर्ण भूमिका निभावे के चाही ।

विभिन्न अस्पतालन के सहयोग से ३५ गो रिफ्रेशर कोर्स पर प्रशिक्षण कार्यक्रम चलाके चार हजार से अधिक फार्मासिस्टन के प्रशिक्षण देवेके काम बहुते सराहनीय बा ।

हमनीके देश नशाखोरके नकारात्मक प्रभावसे ग्रस्त बा एह संदर्भमें समय-समयपर दवाई सूचना केन्द्र नेपाल (डीआईसी-नेपाल) से जुड़ल प्रशिक्षणके संचालन खातिर जवन समझौता पहिले कइले बानी ओकराके लागू करेके चाही ।

रउवा सभीके ई बतावत खुशी होता कि जब 'कोविड' महामारीके चलते पूरा दुनिया घरमें बंद बा तबहियों दवाईके व्यवसाय लोग स्वास्थ्यके सावधानी बरतके आदमी लोगके जानके रक्षा खातिर चौबीसो घंटा काम कइलख । एहसे व्यावसायिक धर्म आ समाज सेवाके प्रति रउवा लोगनके दायित्व आ जिम्मेदारीके पुष्टि होता । उम्मीद बा कि एह तरहके जिम्मेदारी जवन रउवा लोगन पहिले कइले बानी ऊ आवेवाला दिनमें भी करेम से अपेक्षा बा ।

बदलल राजनीतिक आ संवैधानिक सन्दर्भमें दवाईके कारोबारके परिष्कृत कइल जरूरी बा । खास तौर पे संघीयता के संचनाके मुताबिक दोकान/फर्म पंजीकरण प्रक्रियाके अउरी विस्तार कईल बहुत जरूरी बा । दवाईके कारोबारके खाली पहुँचल इलाका, शहर, आ भूगोलपर केंद्रित करेके बजाय, रउवा लोगन एकराके दूरदराजके बस्ती, गाँवमें लेआवेके जिम्मेदारीके अधिक सक्रिय रूपसे निभावेके चाहीं । एकरा खातिर संघके ओरसे कईल गईल प्रयास अउरीए क्षेत्रमें सुधार खातीर जवन प्रस्ताव दिहल गईल बा, उ विचारके लायक बा ।

अंतमें, नेपाल औषधि व्यवसायी संघके १४ वां राष्ट्रीय अधिवेशनके सफलताके कामना करत बानी, आ आज सम्मानित विशेष अतिथि, अउरी अधिवेशनमें सहभागी दवाई व्यापारी आ सभी गणमान्य लोगके सुख, शांति, समृद्धि आ सु-स्वास्थ्य खातिर शुभकामना व्यक्त करत बानी ।

धन्यवाद ।

२२ भदौ २०८० ।

ललितपुरमा 'हर्ट टू हर्ट सेन्टर' द्वारा २०८० असोज १२ गते शुक्रबार आयोजित
'विश्व मुटु दिवसमा जनचेतना तथा सम्मान' कार्यक्रममा **सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको**

सम्बोधन

मुटु रोगसम्बन्धी जनचेतना अभिवृद्धि र यस रोगका समस्याहरु न्यूनीकरण गर्ने प्रमुख उद्देश्यका साथ विश्व हृदय महासंघ र विश्व स्वास्थ्य संगठनले संयुक्तरूपमा सन् १९९९ सेप्टेम्बर २९ मनाउन थालेको विश्व मुटु दिवस, २०८० को अवसरमा सम्पूर्ण नेपालीहरुको स्वस्थ मुटु, दीर्घायू र सु-स्वास्थ्यको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

'युज हर्ट फर इभ्री हर्ट' (प्रत्येक मुटुका लागि मुटुको प्रयोग गरौं) भन्ने मूल नाराका साथ यो वर्ष हामीले विश्व मुटु दिवस मनाईरहेका छौं । यो नाराको मुख्य उद्देश्य मानिसहरुलाई आफ्नो सोच र कार्यलाई मानवता, प्रकृति र स्वयंको प्रगतिमा उपयोग गर्ने अवसर प्रदान गर्नु रहेको छ । यसको माध्यमबाट मुटुजन्य रोग (हृदयघात) का कारण हुने ठूलो मृत्युदर रोक्न सकिन्छ ।

विभिन्न मुलुकहरुमा मुटु रोगको व्यवस्थापनको लागि जनचेतना, सहयोग, हेरचाह सेवा र समर्थन फरक-फरक रहेका छन् । नेपालसहित गरीव र विकासशील देशहरुमा मुटुको हेरचारका लागि आवश्यक पर्ने जागरुकता र जनचेतना कार्यक्रम तथा सेवा-सुविधाहरुमा जनसाधारणको अझै पनि प्रयाप्त पहुँच छैन । यी देशहरुमा ७५ प्रतिशत मृत्यु मुटु रोगकै कारण हुने गर्दछ, जसलाई जनचेतना कार्यक्रमको आयोजना र यसमा धेरै भन्दा धेरैलाई सहभागी गराएर सुधार गर्न सकिन्छ । 'हर्ट टू हर्ट सेन्टर' ले १६ वर्षअघि 'मुटुरोगको उपचार खर्चिलो छ, रोकथाम सस्तो र सजिलो छ' भन्ने नाराका साथ शुरु गरेको जनचेतना अभियानले नेपाली आमनागरिकमा थोरै भएपनि जनचेतना फैलाउन सफल भएको हुनुपर्दछ भन्ने विश्वास व्यक्त गर्दछु । संस्थाको यो सकारात्मक अभियान उच्च प्रशसनीय छ । यसका लागि संस्थाका पदाधिकारी तथा सहयोगी हातहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

हृदयघातको प्रमुख कारणहरु मध्ये बायु प्रदुषण पनि एक हो । हरेक वर्ष २५ प्रतिशत मानिस यसका कारण हृदयघात भई मृत्युवरण गर्ने गरेका छन् । विश्वव्यापी रुपमा प्रत्येक वर्ष ७० लाख मानिसको मृत्यु मुटुजन्य रोगबाटै हुने गरेको तथ्यांक छ । नेपालमा लगभग कुल जनसंख्याको २० देखि २५ प्रतिशत भन्दा बढी मानिस मुटु रोगबाट पीडित छन् । त्यसैले, बायु प्रदुषणसंग लड्न हामी सबैले स्वस्थ्य प्रकृति र स्वच्छ वातावरणका लागि आ-आफ्नो तर्फ र स्तरबाट योगदान गर्न सक्नु पर्दछ ।

तनाव र खराब जीवनशैली हृदयघातको जोखिमपूर्ण कारक हुन्, जसलाई नियमित व्यायाम, व्यवस्थित दिनचर्या, राम्रो निद्रा र असल बानी तथा जीवनशैलीबाट न्युनीकरण गर्न सकिन्छ । वरिष्ठ मुटुरोग विशेषज्ञ/चिकित्सकहरुले स्वस्थ मुटु कसरी राख्ने भन्नेबारे धेरै जानकारी दिई सक्नुभएको छ । ती सबैको मनन र अवलम्बन गर्दै हामीले आफ्नो मुटु स्वस्थ राख्न अपनाइने रोकथामका उपायहरु 'वडी मास इन्डेक्स' लाई नियन्त्रणमा राख्ने, उच्च रक्तचाप र कोलेस्ट्रोलको उच्च स्तर (हाइपरलिपिडेमिया) मा नियमित नजर राख्दै अतिरिक्त सोडियमको खपत सीमित गर्न सक्नु पर्दछ । गतिहीन जीवनशैली परित्याग गर्दै शारीरिक क्रियाकलापमा संलग्न हुन पनि जरुरी छ ।

त्यसैगरी, परामर्श र सचेतना कार्यक्रम मार्फत मुटुको स्वास्थ्य अनुगमन गर्ने, स्वस्थ एवम् सन्तुलित आहार लिने, 'ट्रान्स फयाट' एवम् 'जंक फूड्स' बाट टाढा रहने, धुम्रपान तथा मद्यपानको सेवन नगर्ने, तनाव व्यवस्थापन गर्ने तथा गुणस्तरीय निद्राका लागि प्रयाप्त अभ्यास गर्न पनि अति आवश्यक छ । 'हार्ट टू हार्ट सेन्टर' ले डा. भगवान कोइराला लगायतका चिकित्सक तथा स्वास्थ्यकर्मीको विशेष सहयोगमा गंगालाल हस्पिटल, मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर (टिचिङ) हार्ट काउन्सिलिङ सेन्टर सञ्चालन गरी ३० हजार भन्दा बढी मुटु रोगीहरूलाई निःशुल्क परामर्श सेवा प्रदान गर्नुका साथै ४९ वटा निःशुल्क स्वास्थ्य सिविर संचालन गरिसकेको जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ ।

विकसित मुलुकहरुमा मुटु रोगको प्रकोप बढ्दै गएको अवस्थामा पछिल्लो समय नेपाललगायतका विकासोन्मुख देशमा पनि यसको जोखिम बढेकोमा हामी सबै सचेत र सावधान हुन नितान्त आवश्यक छ । जोखिम न्युनीकरणका लागि मुटु रोगसम्बन्धी निःशुल्क स्वास्थ्य शिविर, बुकलेट, पम्प्लेट तथा सञ्चार माध्यमबाट आमजनताको जनचेतना अभिबृद्धि, मुटु रोग विशेषज्ञहरुको विभिन्न तहमा छलफल, गोष्ठी तथा सेमिनार सञ्चालन लगायत नयाँ रणनीतिका साथ हामी अघि बढ्नु पर्दछ ।

अन्त्यमा, यस महत्वपूर्ण कार्यक्रमका लागि आयोजक संस्थालाई धन्यवाद दिँदै आज सम्मानित हुनुभएका सम्पूर्ण विशिष्ट व्यक्तिहरुलाई हार्दिक बधाई तथा उहाँहरुको सुख, शान्ति, सुदीर्घ जीवन र सुस्वास्थ्यको कामना गर्दै फेरी पनि विश्व मुटु दिवसको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।   १२ असोज २०८० ।

सोलुखुम्बुको दूधकुण्ड नगरपालिका-४ स्थित चिवाङ गुम्बाको १०० वर्ष पुरा गरेको अवसरमा चिवाङ गुम्बा साङ्गे गुठीद्वारा २०८० कात्तिक १४ गते मंगलबार आयोजित 'सत्‌वार्षिकी समारोह' कार्यक्रममा

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

विश्वको सर्वोच्च शिखर सगरमाथाको फेदीमा रहेको दूधकुण्ड नगरपालिका-४ स्थित चिवाङ च्योङक्षुप क्षोलिङ गुम्बाको शत् बार्षिकी (१००औं बार्षिकोत्सव) अवसरमा गुम्बाका प्रमुख, बौद्धधर्मका बरिष्ठ गुरुहरु, गुम्बा संचालक समितिका पदाधिकारीहरु, सल्लाहकारहरु, भिक्षुहरु, स्थानीय जनसमुदायसहित समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

लब्ध प्रतिष्ठित् एवम् समाजसेवी साङ्गे लामाको परिकल्पना र महत्वपूर्ण योगदानको जीवन्त रुप रहेको यस गुम्बाका लागि जग्गा प्रदान गर्ने र निर्माणमा अतुलनीय सहयोग गर्नुहुने सम्पूर्ण महानुभावसहित गुम्बाको भव्यता र सौन्दर्यलाई अद्वितीय एवम् बेजोड बनाउने शिल्पकार र कालिगडहरुलाई स्मरण समेत गर्न चाहन्छु। चिवाङ गुम्बाको स्थापनाले यो क्षेत्र मात्र नभई अन्य भूगोलमा बसोबास गर्नेहरुलाई समेत बुद्ध धर्मको संरक्षण, सम्वर्धन र प्रचारप्रसारमा सहयोग गरेको छ भन्ने विश्वास लिएको छु। यहाँ वर्षौंयता प्रचलनमा रहेका नृत्येश्वर महाकरुणाको साधनामा आधारित धार्मिक नृत्य, मणिरिम्दु साधना आदिले बौद्ध परम्परा, मान्यता र संस्कृतिलाई अक्षुण्ण राख्न सफल हुनु उच्च प्रशंसनीय कार्य हुन्।

नेपालको सोलखुम्बु जिल्लाको फाप्लु नजिकै रहेको चट्टानी पहाडमा अवस्थिति चिवाङ गुम्बाको रमणीयता र आध्यात्मिक महत्वले शान्ति एवम् आत्मनिरीक्षण खोज्नेहरुका लागि एउटा महत्वपूर्ण धार्मिक स्थलको रुपमा यो विकसित हुनु सिंगो नेपालीलाई गौरवान्वित तुल्याउने पवित्र कार्य पनि हो। विनय पिट्क अन्तर्गत शील आचरण कायम गर्नमा महत्वपूर्ण सहयोग गर्दै आएको यो गुम्बाले कडा अनुशासनको पाठ सिकाइ रहेकै हुनुपर्दछ भन्ने विश्वास छ। भिक्षु समुदाय र स्थानीय मानिसहरुका लागि ठूलो महत्व बोकेको पवित्र र विस्तृत अनुष्ठान 'मणिरिम्दु साधन' ले हिमाली बौद्ध परम्परालाई जीवन्त राख्न सफल भएकोमा खुशी व्यक्त गर्दछु। गुम्बाको पवित्र परम्पराको संरक्षण गर्ने र यसको आध्यात्मिक धरोहरको निरन्तरतामा योगदान पुऱ्याउने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु।

चिवाङ गुम्बामा वार्षिक रुपमा अनुभवी शिक्षक, आचार्य, गुरुहरुबाट सम्पूर्ण गुम्बा शिक्षासंगै समसामयिक शिक्षा प्रणाली अनुरुप अध्यापन गरिदै आएको जानकारी पाएर खुशी लागेको छ। ठिकको उचाई र अनुकुल तापक्रम रहेको यो गुम्बा क्षेत्र शान्त, रमणीय र स्वच्छ वातावरणमा अवस्थित भएकाले नव आगन्तुकहरुलाई लोभ्याउने खालको त छँदैछ, साथै यहाँ सडक तथा हवाई मार्गबाट सजिलै पुग्न सकिन्छ। यो गुम्बालाई शान्ति र एकाग्रताका साथ आध्यात्मिक अभ्यास र चिन्तनको चाहना राख्नेहरुका लागि प्रमुख गन्तव्य बनाउँदै धार्मिक पर्यटन केन्द्रको रुपमा विकास गर्न अति आवश्यक छ। यसका लागि सबैले आ-आफ्नो क्षेत्रबाट दत्तचित्त भई योगदान दिन सक्नु पर्दछ।

अन्त्यमा, सम्पूर्ण भक्तजनहरु एकताबद्ध भई सामूहिक प्रार्थना तथा कर्मफल सिद्धान्तको सही पालना गर्दै कुशलकर्म तर्फ उन्मुख हुन र गुम्बाका धर्मगुरुहरुको असल मन, बचन र कर्मलाई अनुशरण गर्दै सम्पूर्ण देशवासीलाई समाज र मुलुकको हित एवं कल्याणमा लाग्न यसले प्रेरित गर्न सकोस्। चिवाङ गुम्बाको सत्‌वार्षिकी (१००औं वार्षिकोत्सव) का अवसरमा प्रकाशित ऐतिहासिक र महत्वपूर्ण जानकारी समेटिएको स्मारिकाको अध्ययनबाट विद्वत् पाठकवर्ग लाभान्वित हुने विश्वास व्यक्त गर्दै यस महत्वपूर्ण कार्यक्रमका लागि सम्बन्धित सबैलाई हार्दिक बधाई दिन चाहन्छु। आज सम्मानित हुनु भएका महानुभावहरुको सुख, शान्ति, दीर्घायु र सुस्वास्थ्यको कामना गर्दै गुम्बाको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
१४ कात्तिक २०८०।

भक्तपुरस्थित श्री पद्म माविको शतवार्षिकी तथा पद्म कलेजको १४औं वार्षिकोत्सव अवसरमा २०८० मंसिर २७ गते बुधबार आयोजित विशेष कार्यक्रममा **सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको**

सम्बोधन

भक्तपुरको ऐतिहासिक दरबार स्क्वायरस्थित श्री पद्म माध्यमिक विद्यालयको शतवार्षिकी तथा श्री पद्म कलेजको १४ औं वार्षिकोत्सवको सुखद् अवसरमा यस समारोहमा उपस्थिति हुनु भएका तपाई सम्पूर्ण महानुभावहरुलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु ।

वि.सं. १९८१ मा स्थापित श्री पद्म माविले साधारण धारका साथै प्राविधिकतर्फ सिभिल इन्जिनियरिङ्ग अध्यापनको (कक्षा ९ देखि १२ सम्म) माध्यमबाट यस क्षेत्रका मात्रै नभई मुलुकका अन्य भूभागका विद्यार्थी भाइबहिनीहरुलाई समेत ज्ञान, सीप र शिक्षा प्रदान गर्दै आएको जानकारी पाउँदा औंधी खुशी लागेको छ । यो शिक्षालयले विज्ञान, प्रविधि, समसामयिक विषयहरुमा गुणस्तरीय पठन पाठनको माध्यमबाट समायानुकूल शिक्षा प्रदान गर्दै मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा थप सक्रिय भूमिका निर्वाह गर्न सक्ने विश्वास लिएको छु । विद्यालयको शतवार्षिकी समारोहमा उत्कृष्ट शिक्षक, कर्मचारी र मेधावी विद्यार्थी भाइबहिनीहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने काम अति प्रशंसनीय छन् । यसले यो विद्यालयलाई थप उचाईमा पुऱ्याउन अन्यलाई पनि उत्प्रेरित र उत्साहित गर्न सक्छ ।

ज्ञान, सही व्यवहार, प्राविधिक सीप, विद्या आदि प्राप्त गर्ने प्रक्रिया नै शिक्षा हो । जीवनको हरेक क्षेत्रमा सफलता प्राप्त गर्न र केही फरक गरेर देखाउन शिक्षा सबैका लागि एउटा महत्वपूर्ण साधन हो । यसले हामीलाई जीवनको कठिन समयमा चुनौतीहरुको सामना गर्नमा सहयोग गर्दछ । शहरमा शिक्षा प्राप्त गर्नु सजिलो भएपनि ग्रामिण क्षेत्रमा अझै पनि धेरैको पहुँचमा छैन । खासगरी छोरी चेलीहरुलाई कम उमेरमै शिक्षाबाट बञ्चित गराएको अझै पनि पाइन्छ । त्यसो, हो भने यसतर्फ सबैको ध्यानाकृष्ट हुन जरुरी छ । एउटा प्रचलित भनाई नै छ । छोरी शिक्षित भए सारा परिवार शिक्षित हुन्छ । यसले छोरीको पढाईको महत्वलाई दर्शाएको छ । शिक्षामा सबैको समान पहुँच हुनु पर्दछ । छोरा वा छोरी भनेर भेद्भाव गरिनु हुन्न ।

शिक्षामा सबैको समान पहुँचका लागि नेपाल सरकारले विशेषत: ग्रामिण क्षेत्रमा जागरुकता अभियान समेत चलाउँदै आएको छ । उदाहरणका रुपमा छात्राहरुको शिक्षाका लागि मधेश प्रदेशले 'छोरी पढाऔं, छोरी बचाऔं' नारासहित सक्रिय अभियान पनि चलाइसकेको छ । यस अभियानको सकारात्मक पक्षहरुलाई संघीय सरकार र अन्य प्रदेशका सरकारले अंगिकार गर्दै अघि बढ्न जरुरी छ । शिक्षाले समाजमा सबैमा समानताको भावना जागृत गर्नुको साथै देशको विकास र समृद्धिमा सहयोग पुऱ्याउँदछ । त्यसैले यसलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ ।

आज समाजमा शिक्षाको महत्व बढेसँगै यसको उपयोगिता पनि बढेकै छ । तर, शिक्षालाई साक्षरतामा मात्रै सीमित नराखी यसलाई श्रम र रोजगारीसंग जोड्नु पर्दछ । शिक्षाले व्यक्तिलाई सभ्य र संस्कारयुक्त जीवन जिउने गरी रुपान्तरण गर्न सक्नु पर्दछ । यसले सदाचार, मर्यादित र असल बानी-व्यवहार एवम् आचरण देखाउने गरी व्यक्तित्वको निर्माण गर्न नसकेको अवस्थामा शिक्षित हुनुको कुनै अर्थ रहँदैन । शिक्षाले श्रमलाई पनि सम्मान गर्न सिकाउँदछ ।

पछिल्लो समय बदलिंदो विश्व परिवेश र प्रविधि युग अनुरुप शिक्षा प्रणाली, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि र शिक्षण सिकाई क्रियाकलाप आदि परिस्कृत र परिमार्जित गर्दै व्यवहारिक बनाउन नितान्त आवश्यक छ । माटो, भूगोल, समाज र देश सुहाउँदो शिक्षा आजको आवश्यकता हो । अव्यवहारिक र रोजगारीको अवसर प्रदान गर्न नसक्ने शिक्षा प्रणालीबाट देशले अब फड्को मार्न सक्दैन । बर्षेनी उच्च शिक्षाका लागि विदेशीने किशोरकिशोरीहरुलाई स्वदेशमै उनीहरुको अपेक्षा अनुसारको शिक्षा, रोजगारी र अन्य अवसरहरु प्रदान गर्ने गरी जनशक्ति तयार गर्न जरुरी छ । ऐतिहासिक नगरीमा अवस्थित यो शिक्षालयले थोरै भएपनि यस क्षेत्रमा सहयोग गरेको विश्वास लिएको छु । यस पवित्र काममा यो शिक्षालय सदैव अविछिन्न रुपमा क्रियाशील, तत्पर र अग्रसर भई रहोस् ।

अन्त्यमा, यस विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरी आजको अवस्थामा ल्याउन दत्तचित्त भई योगदान पुऱ्याउनु भएका विद्यालयका संस्थापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु,प्रधानाध्यापक, शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी भाइबहिनीहरू, विभिन्न छात्रवृति अक्षयकोषका दाता महानुभावहरू, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्पूर्ण शुभचिन्तकहरू तथा विद्यालयको शतवार्षिकीको अवसरमा पुरस्कृत एवम् सम्मानित भएकाहरुलाई हार्दिक बधाई दिँदै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ! २७ मंसिर २०८० ।

ललितपुर स्थित पुल्चोक इन्जिनियरिङ्ग कलेजमा विद्यार्थीहरुद्वारा २०८० फागुन २ गते बुधबार सरस्वती पूजाको कार्यक्रममा **सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको**

सम्बोधन

हरेक वर्षको माघ शुक्ल पञ्चमी तिथिमा मनाइने बसन्त पञ्चमी तथा सरस्वती पूजा, २०८० को शुभ उपलक्ष्यमा यस क्याम्पसका सम्पूर्ण प्राध्यापक, शिक्षक, कर्मचारी तथा विद्यार्थी भाइबहिनीहरुमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। नेपालकै ऐतिहासिक र इन्जिनियरिङ्ग क्षेत्रमा योग्य एवं सक्षम जनशक्ति उत्पादन गर्ने पुल्चोक ईन्जिनियरिङ्ग क्याम्पसले वर्षेनी आयोजना गर्ने सरस्वती पूजाले तपाईहरु सम्पूर्णको ज्ञान, विज्ञान, बुद्धि र असल वाणी तथा व्यवहार विकासमा अतुलनीय सहयोग पुग्ने विश्वास लिएको छु। बसन्त पञ्चमी तथा सरस्वती पूजाले तपाई सम्पूर्णमा आपसी मेलमिलाप, भाइचारा, सदाचार, मैत्री भाव र बन्धुत्व भावका साथ समाज र देश सेवाका लागि दत्तचित्त भई सदैव अग्रसर हुन उत्प्रेरित गर्न सकोस्।

आजको दिन तपाईं सम्पूर्ण भाइबहिनीहरुका लागि चारित्रिक, नैतिक, आध्यात्मिक, धार्मिक, सामाजिक, प्राविधिक एवं व्यावसायिक उन्नयन तथा शुद्धिकरण तथा सशक्तिकरणकालागि उच्च अठोट र प्रण लिने अवसर पनि हो।

मुलुकको सुनौलो भविष्य निर्माण गर्न शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अझ हाम्रो देशको सन्दर्भमा ईन्जिनियरिङ्ग शिक्षाको महत्व र उपादेयता झनै बढी छ। त्यसैले तपाईहरुले यहाँ आर्जन गरेको सैद्धान्तिक शिक्षा, व्यवहारिक ज्ञान र सीप तथा त्यसपछि तपाईहरुबाट समाज, देश, माटो र मातृभूमिले प्राप्त गर्ने सेवा अमूल्य छ।

यो क्षेत्रमा तपाई सबैले आ-आफ्नो स्तर र स्थानबाट अब्बल योगदान गर्न सक्नुपर्दछ। देवी सरस्वतीको पूजाका क्रममा कर्मकाण्ड र भजन गर्नु भन्दा इन्जिनियरिङ्ग शिक्षाको मूल मर्मलाई आत्मसात गर्दै अघि बढ्न अत्यन्तै जरुरी छ। तपाईहरुले आफ्नो दक्षता, सीप र कौशलमा प्राज्ञ उत्कृष्टता हासिल गर्दै समुदाय, समाज र देशको हितमा अथक र निर्विकल्प खोजहरु गर्दै अघि बढ्नु आजको आवश्यकता हो। इन्जिनियरिङ्ग एउटा यस्तो क्षेत्र हो, जहाँ सैद्धान्तिक ज्ञान, सीप, कार्य कौशल र बौद्धिक क्षमता अनिवार्य छ, हुन्छ। यो संगै अटल समर्पण, त्याग र तपस्या पनि उत्तिकै आवश्यक छ। यो क्षेत्र निरन्तर सिक्ने, प्रयोग गर्ने र नवीनताको खोज गर्दै अघि बढ्ने पनि हो। त्यसैले यस प्रति सजग, सचेत र जागरुक हुन नितान्त अनिवार्य छ।

नेपाल अन्य विकासोन्मुख मुलुकहरुमा विद्यमान रहेको गरिबी, अशिक्षा, पूर्वाधार विकास र वातावरणीय दिगोपन जस्ता समस्याहरुबाट अछूत छैन। यी समस्याहरुको निराकरण र निवारण गर्न तपाईहरुको भूमिका अहम रहेको मैले ठानेको छु। यसका लागि तपाईहरु यथास्थितिलाइं चिर्दै सबैखाले चुनौती र समस्याको समाधान गर्न अग्रपंक्तिमा हुनुपर्दछ। यो नै समाज र देशको माग पनि हो। समाज र देशको यो अपेक्षालाई तपाई भविष्यका इन्जिनियर भाइबहिनीहरुले पूरा गर्नु नै हुनेछ भन्ने विश्वास लिएको छु।

सरस्वती ज्ञान विज्ञानको मात्रै अधिष्ठात्री देवी होइनन्, काव्य, कला, संगीत आदिको सर्जनको उत्प्रेरक शक्ति पनि हो। उक्त शक्तिका उपासकका रुपमा तपाईहरुले सोच्दै गर्दा सरस्वतीको वीणाको कर्णप्रिय संगीत लाई इन्जिनियरिङ्ग सेवामा कार्यान्वयनमा ल्याउन सक्नु पर्दछ।

हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संवैधानिक व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई परस्पर जोड्ने काम गरेको छ। भूगोल, क्षेत्र, वर्ग र समुदाय अनुसार चाड पर्वहरुमा विविधता रहेको पाइन्छ। हाम्रो सामाजिक विविधता भित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबूत बनाउन सहयोग पुगेको छ। आपसी द्वन्द्व, द्वेष, राग, वैमनस्यता र उच्छृंखलता बिर्सेर परस्पर खुशी साटासाट गर्न बसन्त पञ्चमी र सरस्वती पूजाले सबैलाई उत्प्रेरित गर्दै शिक्षा र ज्ञानको सत्मार्गमा लम्किन सबैलाई हौशला प्राप्त होस्।

बसन्त पञ्चमीलाई सबै पुण्य कार्यहरुका लागि शुभ मानिन्छ। यो शुभ अवसरलाई सबैले आ-आफ्नो नकारात्मक सोच, बिचार र मानसिकता परित्याग गर्दै आफु भित्र सकारात्मकता भर्ने महत्वपूर्ण तिथिका रुपमा मनाउन सक्नुपर्छ। यो बसन्त ऋतुको आगमन हुने दिन पनि भएकाले आफ्नो जीवनमा सदाचार, सत्चरित्र एवं मेलमिलापको गुण आत्मसात गर्न पनि सक्नु पर्दछ।

अन्त्यमा, यस अवसरमा गरिने बसन्त श्रवणर सरस्वती पूजाले सिंगो मानव जीवनमा सँधै ऊर्जाशील र नयाँ खोज गर्न विद्यार्थी भाइबहिनीहरुलाई प्रेरित गर्न सकोस्। साथै, समाज र देशमा सामाजिक तथा धार्मिक एकता एवं सहिष्णुता, परस्पर विश्वास, सहयोग, मैत्रीभाव, मेलमिलाप, आदर, सम्मान र सद्भाव कायम गर्दै मुलुकलाई एकताको सूत्रमा बाँध्दै राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र राष्ट्रियतालाई बलियो बनाउँदै देशलाई समृद्धितर्फ उन्मुख गराउन सम्पूर्ण नेपालीलाई सरस्वती पूजाले उत्प्रेरित गर्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।   २ फागुन २०८०।

काठमाडौंको कमलादीस्थित प्रज्ञा भवनमा '**इजुकेशन इन एभ्री होम**' संस्थाद्वारा २०८० फागुन १० गते बिहीबार आयोजित 'पाठ्य पुस्तक अडिट सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक तथा राष्ट्रिय शैक्षिक नीति संवाद' कार्यक्रममा **सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको**

सम्बोधन

विद्यार्थीहरुमा ज्ञान, सीप र कौशलको विकास तथा सकारात्मक सोच, मूल्य मान्यता, मनोभाव र व्यवहारको पृष्ठपोषणमा गुणस्तरीय सिकाइ र शैक्षणिक स्रोतहरु अति आवश्यक छ। विद्यार्थीहरुले विभिन्न वातावरण र विविध तरिकाबाट शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय हुँदै आ-आफ्नो सिकाइ गर्न सक्छन्। उनीहरुको सिकाईलाई पाठ्यपुस्तकले बाँधिनु र कक्षा कोठाहरुमा मात्र सीमित गरिनु हुन्न।

विद्यार्थीहरुको सिकाईलाई शैक्षिक सामग्री र अनुभवका आधारमा विविधतायुक्त बनाउन सक्नु पर्दछ। नेपालको सन्दर्भमा पाठ्यपुस्तकलाई मात्र आधार बनाएर पठनपाठन गराउँदा केही समस्याहरु पनि देखा परेका छन्। अझ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुप समयानुकुल पाठ्यक्रम र पाठ्यपुस्तक हुनु जरुरी छ। यसमा बहुसंस्कृति, बहुपहिचानका विषयवस्तुहरु समेट्न आवश्यक छ। यसो भए मात्र विद्यार्थीका शिक्षण सिकाइ क्रियाकलाप माटो, समाज र देश सुहाउँदो हुनुको साथै सशक्त, जीवनोपयोगी, सीपयुक्त, कौशलयुक्त र स्वरोजगारयुक्त बन्न सक्छ।

हाम्रा पाठ्यपुस्तकहरु विद्यार्थी केन्द्रित, व्यापक र आत्मनिर्भर हुनु पर्दछ। यसले विद्यार्थीहरुको सिकाईलाई व्यवस्थित गर्नुका साथै शिक्षकहरुलाई पाठ्यक्रमले निर्धारण गरेको लक्ष्यमा पुग्नका लागि शिक्षण (शैक्षणिक) योजनाहरु बनाउन सहयोग पनि गर्न सक्छ। यस कार्यक्रमका आयोजक संस्थाले केही विषयका पाठ्यक्रम र पाठ्यपुस्तकहरुमा औंल्याएका त्रुटिहरुलाई सकारात्मक रुपमा लिन जरुरी छ।

विद्यालय एउटा यस्तो संस्था हो जहाँ विद्यार्थीहरुमा ज्ञान, सीप र कौशल प्रदान गर्दै उनीहरुमा जीवनको मूल्य बुझ्न पनि सहयोग गर्दछ। यसको अभावमा शिक्षा व्यर्थ हुन जान्छ। हाम्रा विद्यालयहरुमा विद्यार्थीहरुमा कडा परिश्रम, मानवता, ईमान्दारी र देशभक्तिका लागि प्रेरित गर्ने शिक्षा आवश्यक छ। यसका लागि विद्यालयको शैक्षिक वातावरण राम्रो हुनै पर्दछ, साथै शिक्षण विधि, शैक्षिक सामग्री, पाठपुस्तक आदि पनि समय सान्दर्भिक, परिस्कृत, परिमार्जित र माटो सुहाउँदो हुनु पर्दछ।

प्रतिस्पर्धाको यो आधुनिक युगमा पाइला-पाइलामा अवरोध र बाधाहरु झेल्नु पर्ने हुन सक्छ। कठोर मेहनत, लगनशीलता बाटै ती सबैलाई छिचोल्न सकिन्छ। अतः विद्यालय र त्यहाँ शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग हुने पाठ्यपुस्तकहरु विद्यार्थीहरुलाई मानवताको महत्व बुझाउँदै कुनै पनि धर्म, जाति वा पंथ भन्दा मानवता ठूलो भएको सिकाउन सक्नु पर्दछ। बालबालिकाहरुको मनमस्तिष्कमा यो महत्वपूर्ण तथ्यलाई शिक्षाको माध्यमबाट भर्न सके हाम्रो समाज र देशलाई यस्तो विश्व मञ्चमा डोऱ्याउन सकिन्छ, जहाँ शान्ति, अमनचयन र हरेकको अस्तित्वको सम्मान गर्दै अघि बढ्ने जनशक्ति पनि तयार हुनेछ।

शिक्षा एउटा त्यस्तो माध्यम हो, जसले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। शिक्षालाई रोजगारसँग जोड्न अब ढिलाई गरिनु हुन्न। पछिल्लो समय काठमाडौंस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा बर्षेनी विदेशीने विद्यार्थीहरुको चाप कम गर्न सीप, दक्षता, स्वावलम्बन, स्वरोजगारीका विषयवस्तुहरु हाम्रा पाठ्यक्रम र पाठ्यपुस्तकमा समेट्न जरुरी छ।

यसो त, नेपालको संविधानको धारा ३१ ले शिक्षासम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरी प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने भनी प्रष्ट व्यवस्था गरेको छ। यो सँगै अपाङ्गता भएका र आर्थिक रूपले बिपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक

हुने विषयमा जोड दिएको छ । संविधानको मर्मलाई अगाडि बढाउँदै राष्ट्रिय शिक्षा ऐन २०२८ र यसको पछिल्लो संशोधन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राखेको छ ।

यी संवैधानिक व्यवस्थाको बावजुद थप नयाँ चुनौती र समस्या हाम्रा सामु विद्यमान रहेको विषयलाई राष्ट्रिय शिक्षा नीतिले स्वीकार गर्दै समस्या र चुनौतीलाई चिर्न सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संसाधन विकास गर्ने लक्ष्य पनि लिएको छ । यस्तो लक्ष्य पुरा गर्न मूलतः सरकार नै अगाडि बढ्नुपर्ने हुन्छ भने त्यसमा समग्र शिक्षा क्षेत्र र सम्पूर्ण सरोकारवालाहरूको अर्थपूर्ण सहभागीता हुनु पर्दछ ।

संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन संविधानले आत्मसात् गरेका यस्ता विषयवस्तु मुलुकको सबै तहका पाठ्यक्रममा समावेश हुन जरूरी छ ।

मुलुकमा राजनीतिक व्यवस्था परिवर्तन भई संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनमा रहेको अहिलेको अवस्थामा यो व्यवस्थालाई सवल र सुदृढ बनाउन गुणस्तरीय शिक्षामा सबैको पहुँच पहिलो शर्त हो । यही विषयलाई मध्यनजर गरी सरकार, समुदाय, संघ संस्था र व्यक्तिले शिक्षा क्षेत्रमा योगदान पुऱ्याउनु सहानीय छ । नेपालको विद्यमान पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माणमा यो कार्यक्रमका आयोजक संस्थाले सहयोग गरिरहेको जानकारी पाएर खुशी लागेको छ । शिक्षाको गुणस्तरीयता बृद्धिमा योगदान पुऱ्याउने हेतुले यो संस्थाले पाठ्यक्रम अडिटको अवधारणाका साथ अध्ययन प्रतिवेदन सार्वजनिक गर्नु सकारात्मक छ ।

अन्त्यमा, पाठ्यपुस्तक अडिट आफैमा एक बृहत कार्य भएपनि यस संस्थाले सरकारी विद्यालयमा पठनपाठन हुने केही विषयहरूको मुल्याङ्कन गरी दिएको सुझावले माटो, देश र युग सुहाउँदो पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणमा केही न केही सहयोग पुग्ने अपेक्षासहित महत्वपूर्ण कार्यका लागि यो संस्थालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । भविष्यमा पनि नेपालको शिक्षा प्रणाली, पाठ्यक्रम, पाठ्यसामग्रीलाई जीवनोपयोगी, स्वरोजगारी अभिवृद्धि, सीप र कौशलको विकास अनुकुलित बनाउन यसरी नै सहयोग गरिरहोस् भन्ने शुभकामना छ ।

धन्यवाद ।
२०८० फागुन १० गते बिहीबार ।

काठमाडौंको भृकुटीमण्डलस्थित पर्यटन बोर्डको हलमा 'मधेशी आयोग' द्वारा २०८० चैत ७ गते बुधबार आयोजित 'मधेशी आयोगको पाँचौं स्थापना दिवस' कार्यक्रममा **सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको**

सम्बोधन

मधेशी आयोग स्थापनाको पाँचौं वार्षिकोत्सवको अवसरमा सम्पुर्ण मधेशी समुदाय लगायत नेपाली नागरिकमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालको कुल जनसंख्याको करीब २२.२२ प्रतिशत मधेशी समुदाय रहेका छन् । यो समुदायको इतिहास र पहिचान, हकहितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरण गर्ने उद्देश्यले स्थापना गरिएको मधेशी आयोग एउटा संवैधानिक आयोग हो । यस आयोगले मधेशी समुदायको सामाजिक, शैक्षिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नु पर्दछ । आयोगले बिना विषयान्तरको आफ्नो कार्यादेश र संवैधानिक व्यवस्था अनुसार मधेशी जनअपेक्षा अनुरुप सक्रियता बढाउन जरुरी छ । आयोगले यो वार्षिकोत्सवलाई विगतमा गरेका काम र गतिविधिहरुको समिक्षा गर्ने अवसरको रुपमा लिंदै आफुलाई परिस्कृत र परिमार्जित गर्न आवश्यक छ ।

मधेशी समुदायका लागि आयोगले गर्ने वा गरेका सचेतना र सशक्तिकरण कार्यक्रमलाई प्रचारप्रसारको ज्याबल बनाउनु भन्दा उसले साँच्चिकै मधेशी समुदायको हकहित संरक्षण गर्दै मधेश र मधेशीको इतिहास तथा मधेश जनविद्रोहका उपलब्धीहरुलाई दस्तावेजिकरण र मधेशीको अधिकारको पृष्ठपोषण गर्नमा क्रियाशील हुन सक्नु पर्दछ । मधेशमा विद्यमान बेथितिहरुप्रति आयोगको ध्यानाकर्षणले मात्र अब पुग्दैन । उसको क्षेत्राधिकारले निर्धारण गरेका विषयहरुमा संवैधानिक व्यवस्था अनुसार सशक्त रुपमा आफ्नो उपस्थिति दर्ज गराउँदै अघि बढ्न पनि जरुरी छ ।

विगतमा केही संवैधानिक आयोग (जस्तै : समावेशी आयोग) र मधेशी आयोगको क्षेत्राधिकार परस्पर बाफिएको जस्तो देखियो । खासगरी मधेशी समुदायको जाति वा थर सूचीकरणमा देखिएको विरोधाभाषपूर्ण अवस्थाहरुलाई कानूनी व्यवस्था अनुसार 'ओभरल्याप' नहुने गरी अघि बढ्न आवश्यक छ । संवैधानिक आयोगहरुबीच परस्पर बाझिने कानूनी क्षेत्राधिकारलाई संशोधन गर्न जरुरी छ । तर, यसैको नाममा आयोगहरुबीच आपसी मनोमालिन्यता बढाउने कुनै पनि कदमले राम्रो नजिर बसाल्दैन । यसप्रति आयोग सचेत, सतर्क र सावधान हुने विश्वास लिएको छु ।

मधेशी आयोगका दस्तावेजहरु कुनै अमुक दलकेन्द्रित वा व्यक्ति केन्द्रित भन्दा पनि सिंगो देश र मधेशी समुदाय केन्द्रित बनाउन सक्नु पर्दछ । आरक्षणका सवालमा संविधानमा व्यवस्था भए अनुरुपको 'क्लस्टर' लाई आत्मसात गर्दै विवादास्पद निर्णयहरु आफ्नो दस्तावेज मार्फत सार्वजनिक गर्नबाट जोगिनु पर्दछ । संविधानको मूल मर्म अनुसार बहुलता र समानतामा आधारित समतामूलक समाज तथा समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षणमा मधेशी आयोग कोशेढुंगा बन्ने गरी नेतृत्व लिन सक्नु पर्दछ ।

नेपालमा लोकतान्त्रिक संघीय गणतन्त्रात्मक व्यवस्थालाई सफल बनाउन हामी सबै इमान्दारीपूर्वक अघि बढ्नु आजको आवश्यताक हो । यस कार्यमा मधेशी आयोग लगायतका अन्य संवैधानिक आयोगको काँधमा झनै बढी जिम्मेवारी रहेको छ । समानता, समावेशिता र प्रतिनिधित्वको सवालमा मधेशी आयोग नेतृत्व पंक्तिमा उभिन सकोस् ।

अन्त्यमा, आजको विशेष दिनमा यस आयोग मार्फत् संविधान र कानूनको मर्म अनुसार मधेशी समुदायका सबै खाले समस्या समाधान गर्न आयोगले अभिभावकत्वको भूमिका निर्वाह गर्न सकोस् भनी शुभकामना दिन चाहन्छु ।

धन्यवाद ।
७ चैत २०८० ।

काठमाडौं तारकेश्वर नगरपालिका-५, नागार्जुन हिलसस्थित ओशो तपोवनद्वारा नव वर्ष २०८१ का अवसरमा मिति २०८१ वैशाख १ गते शनिबार आयोजित 'ओशो महोत्सव' कार्यक्रममा

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

सर्वप्रथम नव वर्षको सुखद अवसरमा कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नयाँ वर्षको अवसर पारेर आयोजित यो उल्लासमय जमघटले सबैमा आन्तरिक रुपमा अध्यात्मिक चिन्तनको प्रस्फुटन गर्दै परस्पर मैत्रीभाव, अपनत्वभाव, भाइचाराको विकासमा टेवा पुऱ्याउने मार्गदर्शक बन्ने विश्वास लिएको छु । आध्यात्म त्यो शक्ति हो, जसले व्यक्तिलाई सबै मानिस र जीव-जन्तुलाई समान दृष्टिकोणले बुझ्न र सम्मान गर्न सहयोग गर्दछ । यसले व्यक्तिलाई भौतिक वस्तुहरुप्रतिको मोह भंग गराउँदै असीम शान्तिको मार्गमा हिड्न सघाउँदछ । आध्यात्मलाई शिरोधार्य गर्ने व्यक्तिहरुका लागि नाम, दाम र लोकप्रियता गौण विषय बन्न पुग्दछ । जीवनमा निराशा, कुन्ठा, तनाव र असफलतामाथि जीत हासिल गर्न पनि यसले मद्दत गर्दछ । यति मात्रै होइन, आध्यात्मिक व्यक्तिहरुमा आन्तरिक रुपमा पाइने सशक्त र सकारात्मक ऊर्जाले उसलाई जीवनको हरेक परिस्थितिसंग लड्न सहयोग गरेको हुन्छ । यसले व्यक्तिलाई सही-गलत छुट्याउन दीक्षित पनि गर्दछ ।

ओशोले मानव जीवनको विभिन्न कालखण्डमा आउने आरोह-अवरोहमाथि त्राण पाउन आध्यात्म शक्तिमा विशेष जोड दिएका थिए । उनका प्रवचन, साहित्य, प्रसंग र तर्कहरुभित्रका सकारात्मक भाव र ऊर्जाहरुलाई सबैले ग्रहण गर्न सक्नु पर्दछ । आध्यात्ममा उनको व्यापक दृष्टिकोणले ध्यान, सचेतना र आत्मशोधको एकीकृत विज्ञान मानव समाजलाई पस्किदै हामी भित्रका आन्तरिक उथलपुथललाई र अशान्तिलाई शमन गर्न र शान्ति, प्रेम र करुणाको नैसर्गिक क्षमतालाई अनावृत्त गर्ने प्रविधि र शिक्षा प्रदान गर्दछ । पछिल्लो समय मानिसमा मानसिक स्वास्थ्य समस्याहरू चिन्ता, अवसाद, र भावनात्मक असन्तुलनहरु व्यापक रुपमा बढ्दो छ । यसको न्यूनीकरणमा यो संस्थाले अहम् भूमिका र योगदान दिन सक्नु पर्दछ ।

द्रुत प्राविधिक विकास र सामाजिक परिवर्तनको यो युगमा, विश्वले शान्ति संकटको सामना गरिरहेको छ । वैज्ञानिक प्रविधिहरुले हामीलाई एकआपसमा नजिक ल्याएपनि आजको मानव सभ्यता चिन्ता, अवसाद जस्ता मनोविक्षिप्तता र अनेकौं जटिल मनोविकृतिबाट सिर्जित समस्याहरुसंग लड्न बाध्य पनि बनाएकै छ । यसले हाम्रो जीवन ऊर्जाको क्षयीकरण हुने गरेको छ । अझ व्यस्त जीवनशैलीले मानिसलाई असन्तुलनको अवस्थामा पुऱ्याएको छ । यस्तो अवस्थामा आध्यात्म, ध्यान र योगको उपादेयता झनै बढी हुने गर्दछ ।

समाजमा विद्यमान गरिबी, सामाजिक विकृति, एक्लोपन र तनावग्रस्त जीवनशैलीले आफुलाई नै सिध्याउने जस्तो नकारात्मकताले हामीलाई गम्भिर रुपमा गाँजेको अवस्था छ । यी सबैको जरो मन हो, जसले कालान्तरमा मानसिक समस्या निम्त्याउँदछ । यो समस्या समाधान पनि योग र ध्यानबाट गर्न सकिन्छ । आज यहाँ खुशीयाली र उत्सव मनाई रहँदा हामी भित्र शान्ति भंग हुने कारण र त्यसको निवारणको खोजी गर्न आवश्यक छ । यसो त, हामी भित्रको शान्ति भंग गर्ने थुप्रै कारणहरु हुन सक्छन् । ती सबैलाई ठम्याउन सक्नु पर्दछ । साथै, त्यसको न्यूनीकरणका लागि सदैव उद्दत हुनु पर्दछ ।

हामीले विश्वव्यापी स्तरमा व्यक्तिगत, सामाजिक, आर्थिक, मनोवैज्ञानिक, भावनात्मक सबै पक्षहरुमा जुन परिवर्तन देखिरहेका छौं, त्यो व्यक्तिगत मन र हृदय भित्रको परिवर्तन र अशान्तिको प्रतिविम्ब मात्र हो । त्यसलाई हटाउन तपोवनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु । यो संस्थाले व्यक्तिगत रूपान्तरण र आध्यात्मिक जागरणको क्षेत्रमा सहयोग गरिरहेको भएपनि बदलिंदो परिवेश, सन्दर्भ र परिस्थितिमा तपोवनले आफुलाई थप परिस्कृत, परिमार्जित र रुपान्तरित हुँदै अघि बढ्न जरुरी छ ।

अन्त्यमा, 'बसुदैव कुटुम्बकम्' लाई कार्यान्वित गर्न तपोवन सफल होस् । सबैलाई हार्दिक बधाईका साथ पुन: नव वर्षको मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।   १ वैशाख २०८१ ।

मधेश प्रदेशको सिरहा नगरपालिका-१४, खिरौना नवटोलीमा श्री रामजानकी महायज्ञ समितिद्वारा मिति २०८१ वैशाख ५ गते बुधबार आयोजित 'श्री श्री १०८ श्री रामजानकी महायज्ञ महोत्सव समुद्घाटन कार्यक्रममा **सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको**

सम्बोधन

सर्वप्रथम, सिरहा नगरपालिका-१४ के पवित्र, धार्मिक आ ऐतिहासिक अई पुरनी पोखैरक' प्राङ्गनमे आ खिरौना, नवटोली, प्रसाहीटोल, सुनरटोली सहितके २५ टा गाम/टोलके मध्य भागमे रामनवमी पर्वके अवसर पर शुरु होमे जा रहल अई महायज्ञ महोत्सवक आयोजक समितिके अध्यक्ष,पदाधिकारी लोकैन, सहयोगी लोकैन सभ गोटेके हार्दिक बधाई आ महायज्ञके पूर्ण सफलताक हार्दिक शुभकामना ऐछ।

ऐतिहासिक जननायक सलहेसको पवित्र भूमि, मधेश जनविद्रोहको उद्गम स्थल सिरहा र यस क्षेत्र, भूगोल र वरपरका स्थानीय बासिन्दाहरुमा सामाजिक, सांस्कृतिक र आध्यात्मिक जागरण पैदा गर्न तथा सम्पूर्ण आम नागरिकमा आन्तरिक आध्यात्मिक चिन्तनको प्रस्फुटन गर्दै परस्पर मैत्रीभाव, अपनत्वभाव, भाइचारा, मेलमिलाप र भातृत्वभावको विकासमा यो महायज्ञबाट टेवा पुग्ने बिश्वास लिएको छु।

महायज्ञ, धार्मिक अनुष्ठान लगायतबाट मानव जीवनमा प्रादुर्भाव हुने अलौकिक आध्यात्म शक्ति तथा धार्मिक चिन्तनले व्यक्तिलाई सही र असल मार्गमा डोऱ्याउन सघाउँदछ। यसले व्यक्तिलाई सबै मानिस र जीव-जन्तुलाई समान दृष्टिकोणले बुझ्न र सम्मान गर्न पनि सहयोग पुग्ने गर्दछ।

यस्ता महायज्ञहरुले व्यक्तिलाई भौतिक वस्तुहरु प्रतिको मोह भंग गराउँदै असीम शान्तिको मार्गमा हिड्ने आध्यात्मिक सोचको विकास पनि गराउँदछ। महायज्ञ आफैमा एउटा सांस्कृतिक र सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुतालाई बढावा दिने अनुष्ठान हो। यसले व्यक्तिलाई नाम, दाम र लोकप्रियता गौण विषय हो भन्ने तथ्य बुझ्न पनि मद्दत गर्दछ।

द्रुत प्राविधिक विकास र सामाजिक परिवर्तनको यो युगमा, बिश्वले शान्ति संकटको सामना गरिरहेको छ। वैज्ञानिक प्रविधिहरुले हामीलाई एकआपसमा नजिक ल्याएपनि आजको मानव सभ्यता चिन्ता, अवसाद जस्ता मनोविक्षिप्तता र अनेकौं जटिल मनोविकृतिबाट सिर्जित समस्याहरुसंग लड्न बाध्य पनि बनाएकै छ। यसले हाम्रो जीवन ऊर्जाको क्षयीकरण हुने गर्दछ। अझ व्यस्त जीवनशैलीले मानिसलाई असन्तुलनको अवस्थामा पुऱ्याइ दिएको छ। यस्तो अवस्थामा महायज्ञ जस्तो धार्मिक अनुष्ठानको उपादेयता झनै बढी हुने गर्दछ।

महायज्ञको भौतिक र आध्यात्मिक महत्व छ। यज्ञले मानिसको अन्तःकरणमा देवत्वको छाप छाड्दछ। भनिन्छ, जहाँ यज्ञको आयोजना गरिन्छ त्यहाँको भूमि र प्रदेश सुसंस्कारहरुको छापलाई आफुभित्र धारण गर्न पुग्दछ। यज्ञमा गुञ्जिने जय जयकार ध्वनीले हाम्रो मनोभूमिलाई उच्च सुविकसित एवं सुसंस्कारी पनि बनाउँदछ।

कुबुद्धि, कुविचार, दुर्गुण तथा दुष्कर्महरुले युक्त व्यक्तिहरुको मनोभावमा पनि यज्ञले व्यापक सुधार ल्याउन सहयोगी र महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। त्यसैले यज्ञलाई त्यागमय जीवनको आदर्शको प्रतिक पनि मानिएको छ। इदन्न मम-(यो मेरो होइन सम्पूर्ण समाजको हो) भन्ने भावना सिंगो मानव जातिमा विकास गराउन उत्प्रेरित गर्दछ। यसले हाम्रो सनातन आध्यात्मिक समाजवादलाई जीवन्त बनाउनमा सघाउँदछ।

यज्ञको अर्को महत्वपूर्ण पाटो भनेको यो सामूहिकताको प्रतिक पनि हो। अन्य उपासना, अनुष्ठान र धार्मिक क्रियाहरु एक्लै पनि गर्न सकिन्छ। तर, यज्ञ/महायज्ञ यस्तो कार्य हो, जसमा बढी भन्दा बढी मानिसको सहयोग आवश्यकता पर्दछ। त्यसैले यज्ञ आयोजनलाई सामूहिकता, सहकारिता र एकताको भाव बिकसित गराउने उपयुक्त माध्यम पनि भनिएको हो।

समाजमा विद्यमान गरिबी, सामाजिक विकृति, एक्लोपन र तनावग्रस्त जीवनशैलीले आफुलाई नै सिध्याउने जस्तो नकारात्मकताले हामीलाई गम्भिर रुपमा गाँजेको अवस्था छ । यी सबैको जरो मन हो, जसले कालान्तरमा मानसिक समस्या निम्त्याउँदछ । यो समस्या समाधानका लागि पनि महायज्ञ कोशेढुंगा साबित हुन सकोस् ।

मानिस आफ्नो योग्यता, शक्ति, विद्या, सम्पत्ति, प्रतिष्ठा, प्रभाव आदिको उपयोग आफ्नो सुखका लागि कम भन्दा कम गरी समाजलाई उसको आधिकारिक लाभ प्रदान गर्न सकोस्, यही आदर्श यज्ञमा सन्निहित हुन्छ । यो तथ्य सबैले मनन र चिन्तन गर्नु आजको आवश्यकता हो ।

सबै क्षेत्र, वर्ग, उमेर, समूह र समुदायका युवाहरुद्वारा नेतृत्व गर्दै यो भेगमा धार्मिक पर्यटनको बिकास तथा सामाजिक, धार्मिक संस्कार, परस्पर भाइचारा, 'बसुदैव कुटुम्बकम्' को सन्देश संचार हुने गरी जुन कार्य भईरहेको छ, त्यो प्रशंसनीय छ ।

तर, यतिले मात्रै पुग्दैन, यस भेगमा धुप्रै अरु सम्भावनाहरु पनि छन् । यसलाई कृषि, स्वास्थ्य, शिक्षा, ग्रामिण पर्यटन, उद्योग, सांस्कृतिक आदिको हव बनाउने उद्देश्यका साथ अघि बढ्न जरुरी छ । समुदाय, समाज र देशका लागि विकासको मार्गलाई अवलम्वन गर्दै त्यसलाई सम्मुन्नत र समृद्ध बनाउने जिम्मा पनि तपाईहरु जस्ता युवाहरुकै काँधमा छ । त्यसैले यतातिर पनि तपाईंहरु लगायत सबै नागरिक समाज दत्तचित्त, कटिबद्ध र प्रतिबद्ध भई सक्रियताका साथ अघि बढ्न सक्नु पर्दछ ।

अन्त्यमा, कुनै पनि धर्म र आध्यात्मिक चिन्तनले समुदाय, समाज, जातजाति, वर्ग, लैङ्गिक विभेद, आपसी मनोमालिन्यता, द्वेष, क्लेस, मनमुटाव र अछूतको भावनालाई बढावा दिएको पाइन्न । त्यसैले आपसी समानता र सहिष्णुताका साथ अघि बढ्नु निर्विकल्प छ । यसलाई मूल मन्त्रका रुपमा आत्मसात गर्दै अघि बढ्न यो महायज्ञ सफल हुने विश्वासका साथ समाज र देशको समृद्धि र सम्मुन्नतिका लागि सबैको ऊर्जा संगठित र एकजुटताका साथ सामूहिक रुपमा अघि बढ्न उत्प्रेरित गर्न सकोस् । पुनः महायज्ञका आयोजकहरु, साधुसन्तहरु, धार्मिक अनुयायीहरु, सहभागीहरु, सहयोगी हातहरु लगायत सम्पूर्णको सुख, शान्ति, सुदीर्घ जीवन, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना सहित महायज्ञको सफलताको कामना गर्दछु ।

धन्यवाद ।

५ वैशाख २०८१ ।

काठमाडौंमा डाइबिटिज नेपालद्वारा मिति २०८१ वैशाख २२ गते शनिबार
आयोजित 'डायबिटिज नेपाल इन्टरनेशनल कन्फेरेन्स' कार्यक्रममा
सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको

सम्बोधन

नेपाल मात्र नभई विश्वमै तीव्र रुपमा फैलिंदै गएको मधुमेह/डाइबिटिज अर्थात् 'चिनी रोग' को नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको 'डाइबिटिज नेपाल अन्तर्राष्ट्रिय सम्मेलन'का लागि आयोजक संस्था र यसका सम्पूर्ण पदाधिकारीहरुलाई हार्दिक धन्यवाद तथा सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु।

मधुमेह 'क्रोनिक मेटाबोलिक' रोग हो, जुन रगतमा ग्लुकोज (चिनी) को मात्रा उच्च स्तरमा पुगेपछि लाग्छ। समयमै यो रोगको पहिचान, निदान, व्यवस्थापन र रोकथाम गर्न नसके व्यक्तिको शरीरमा विभिन्न किसिमको जटिलताहरु निम्त्याउन सक्छ। खासगरी, शरीरका महत्वपूर्ण अंगहरु मुटु, रक्त नली, आँखा, मृगौला, गिजा, खुट्टा र स्नायुहरुमा गम्भीर क्षति पुऱ्याउनुको साथै रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउन सक्छ। ह्रदयघात, पक्षघात, छालामा संक्रमण, खुट्टामा क्षति र दृष्टिदोषको समस्या पनि हुन सक्छ। त्यसैले यी समस्याहरुबाट बच्नका लागि हामी सचेत हुन अति आवश्यक छ।

केहि वर्षयता सर्ने रोगको तुलनामा नसर्ने रोगका कारण धेरै मानिस मृत्युवरण गर्न बाध्य छन्। मुटु रोग, क्यान्सर, उच्च रक्तचापको लहरमै आउने मधुमेहबाट पनि मृत्यु हुनेको संख्या उच्च छ। यी रोगहरुलाई निर्मुल पार्न नसके पनि अनुशासित जीवन शैली, खानपान, शारीरिक व्यायाम, नियमित स्वास्थ्य जाँच र समयमै औषधी सेवन गरी यसलाई नियन्त्रणमा राख्न सकिन्छ।

नेपालजस्तो विकासोन्मुख देशमा जहाँ स्वास्थ्यमा जनताको राम्रो पहुँच छैन, यो रोगको परीक्षण पनि समय-समयमा हुन सकेको छैन। परिक्षणको अभावले गाउँघरमा मधुमेहबाट संक्रमितको संख्या बढ्दै गएको छ।

शरीरमा प्यान्क्रियाजले पर्याप्त मात्रामा इन्सुलिनको उत्पादन गर्न छाडेपछि लाग्ने यो रोग तीन दशकयता विश्वमा नाटकीय रुपमा बढेको तथ्यांकहरुले देखाएको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को एक प्रतिवेदन अनुसार विश्वभर ४२ करोड २० लाख मानिसमा मधुमेह छ, जसमध्ये अधिकांश निम्न र मध्यम आय भएका देशहरुमा बसोबास गर्दछन्।

यसैगरी, प्रत्येक वर्ष १५ लाख मानिसको मृत्यु प्रत्यक्ष रुपमा मधुमेहकै कारणले हुने गरेको छ। यी डरलाग्दा तथ्यांकहरुले मानिस आफ्नै स्वास्थ्यप्रति गम्भिर नरहेको देखाउँदछ। त्यसैले हामी सबै आ-आफ्नो शरीर र स्वास्थ्यप्रति सचेत, सावधान र गम्भिर बनौं।

शरीरमा दीर्घकालीन प्रभाव र जटिलताहरु बढाउने मधुमेहलाई उचित औषधि र स्वस्थ जीवनशैलीले व्यवस्थापन/नियन्त्रण गर्न सकिन्छ। स्वस्थ आहार र शारीरिक गतिविधि बढाउने र धुम्रपान परित्याग गर्न सके मधुमेहलाई रोक्न वा ढिलो गर्न सकिन्छ। यति गर्दा गर्दै पनि यो रोग लागेमा नियमित स्वास्थ्य परीक्षण, औषधि सेवन, स्क्रिनिङ गरी यसको जटिलताहरुलाई कम गर्न सकिन्छ।

सीमित स्रोत र साधनका कारण स्वास्थ्य परीक्षण, परामर्श र औषधी उपचारका लागि 'डाइबिटिज नेपाल' जस्ता संस्थाहरु ग्रामिण भेगहरुमा पुग्न जरुरी छ। सरकारले चाहेर पनि कतिपय कार्यहरु समयमै गर्न नसकिरहेको अवस्थामा यस्ता संघ संस्थाले गर्ने शिविरहरु महत्वपूर्ण हुन सक्छ।

अन्त्यमा, यस कार्यक्रममा सहभागी सम्पूर्ण विशेषज्ञहरुलाई स्वास्थ्य जस्तो महत्वपूर्ण विधामा आफुले प्राप्त गरेका ज्ञानहरुलाई एक आपसमा बाँड्न सफलता मिलोस्। कार्यक्रममा सम्मानित हुने संस्थालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै पुनः सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु।

धन्यवाद।
२२ वैशाख २०८१ ।

Rt. Honorable Vice President Ramsahay Prasad Yadav's

Speech at the 'South Asian Women's Conference on Economic Empowerment 2024' held on 30th Baishak 2081

First of all, I would like to express my heartfelt best wishes to all of you gathered here today and my special thanks to the organizers for organizing the South Asian Women's Conference on Economic Empowerment, 2024.

Women's empowerment through digital transformation is the need of the day. I have no doubt that each of you will surpass expectations and make significant contributions in your respective fields.

Women's economic participation and empowerment are important for increasing economic productivity, addressing gender disparities, and achieving the Sustainable Development Goals.

The organization and its working counterparts have developed a series of cases exploring the limitations that gender sets on women's engagement in the South Asian economy, including their access to capital and their participation in the SAARC region markets.

We know that social norms can be a major obstacle to gender equality in many areas. In South Asia, women face more disadvantages in accessing economic opportunities than in most developing regions, despite economic growth, rising education, and declining fertility.

Economic empowerment includes promoting women's economic rights and justice and closing gender gaps in the workplaces.

Women's role in policy-making and economic development should be further integrated. Women in South Asia have a unique culture of safeguarding the well-being of others but may neglect themselves.

Although Nepal has made strides in empowering women in the political arena, with 33% of parliamentary seats held by women through proportional representation, there remains much ground to cover in other spheres such as gender equality, women's entrepreneurship, and access to financial resources.

Women's participation in trade, production, tourism management, agriculture, and various other sectors also demands attention and action, and I think this is true for most countries in South Asia.

I am encouraged to see this conference deep into identifying the root causes and shortcomings of the current situation across the South Asian region. I am confident that you will collectively address the challenges hindering women's empowerment.

Furthermore, I trust that the insights gained from this conference will not only be implemented in Nepal but also resonate across the entire South Asian region. Bringing women into the mainstream of development is not just a necessity but a crucial imperative for progress and relevance in today's world.

At the end, thank you once again for your presence and commitment. I wish you all fruitful discussions and meaningful connections. I also hope this conference will be a wonderful opportunity for networking among women entrepreneurs and women in the economic sector across South Asia. I am quite sure our Nepali women entrepreneurs, besides networking, will also look forward to promoting joint business ventures among other South Asian countries.

Saying so, I hope the participants of the conference, coming from other countries in South Asia, have a wonderful stay in Nepal. I wish you the best of luck at the conference.

Thank you.
30th Baishakh 2081.

Rt. Honorable Vice President Ramsahay Prasad Yadav's

Speech at the '1st International Congress of Nepalese Academy of Neurology, 2024' held on 5th Jestha 2081

First of all, I would like to express my heartfelt best wishes to all of you gathered here today and my special thanks to the organizers for organizing the 1st International Congress of the Nepalese Academy of Neurology -2024.

I would also like to pay tribute to all the healthcare professionals who have made exceptional contributions to the health sector, science, research, and education in Nepal.

All your contributions have had a great impact on the advancements in neurology and the health and well-being of our community. I am highly hopeful that this international conference and the discussions that should take place add a new dimension to neuroscience in Nepal.

We recognize the critical importance of neurology sciences and need to support dedicated professionals.

Although neuro-related stroke usually occurs in people over the age of 55, various media reports have pointed out that this problem appears at a young age in Nepal. In our country, it has been found that more than 24 percent of young people under the age of 45 are suffering from stroke. This is a matter of great concern.

According to doctors, the age of 40 to 45 is not the age to have a stroke. They say that this problem is only in 5 to 10 percent of developed countries.

According to a study conducted by the Bir Hospital Neurology Department in 2073, only 287 stroke patients came to the Neurology Department for treatment that year. Among them, 22.3 percent were under 45 years of age. It is very necessary to minimize this frightening situation.

Diseases related to neurosis cause serious damage to various parts of the human body, so it is necessary to find a way to avoid them.

In my opinion, the treatment process for neuro-related diseases should be extended to the villages . It is also necessary to spread public awareness and information about this.

According to the doctor, if there is a stroke, the symptoms of loss of physical balance, loss of eyesight, distorted face, slurred speech, etc. are seen. So, it is very important to have facilities with specialists in villages or remote areas so that patients can get treatment immediately when these symptoms appear.

It is also mentioned in medical science that if the patient receives treatment within four and a half hours after the stroke, they can return to normal. Therefore, it is necessary for all of us to pay attention to this as well.

In my opinion, the main reason for the increase in various diseases is the disordered lifestyle of people.

Many people die prematurely due to a comfortable life, smoking, alcohol consumption, high blood pressure, diabetes, and cholesterol. We need to improve our daily routine and lifestyle.

We can also increase our life expectancy by controlling many diseases through regular exercise, timely healthy eating, periodic health checkups, and medical consultation.

According to a study conducted by the Ministry of Health and Population in 2008, stroke was the fifth leading cause of death in Nepal, while according to the 2019 Nepal Health Survey, brain stroke was the third leading cause of death in Nepal. Although there has been a lot of change in this situation, the problem is still complex, so we should all work together to deal with the long-term effects of the disease on various parts of the body, emphasizing its diagnosis and treatment.

Overall, the situation in the health sector is not satisfactory. Even though it is common in urban areas, I have felt that it is difficult for ordinary citizens living in remote areas to get treatment on time. They need to go abroad for the treatment of complex and fatal diseases should be stopped, and international-level services should be ensured in the country itself.

It is the need of the day that organizations active in this field, along with the government, commit themselves to protecting the lives of all Nepalese by providing reliable arrangements for the prevention, control, and treatment of brain and cyanotic diseases.

I believe that this organization can play an important role in the control of diseases related to neurology. May this conference/congress be successful in identifying the problems seen in the field of neurology and their solutions.

At last, I am sure you will collaborate with people you have met here today. Only through collaboration, cooperation, exchange of ideas and expertise, we can elevate standard of care, researches and ultimately improve the quality of lives of individuals affected by neurological conditions.

I wish you all the very best for the success of this conference.

Thank you.
5th Jestha 2081.

Rt. Honorable Vice President Ramsahay Prasad Yadav's

Speech at the 30th International Sustainable Development Research Society (ISDRS)'s 'Annual International Conference on Sustainable Development Research' held in Kathmandu on June 10-14, 2024

First of all, I would like to express my heartfelt best wishes to all of you gathered here today and my special thanks to the organizers for organizing the 30th ISDRS Annual International Conference on Sustainable Development Research, 2024.

This gathering, which brings together brilliant minds from around the globe, is a testament to our shared commitment to forging a sustainable future for all.

As we convene amidst the cultural richness and natural splendor of Nepal, we are reminded of the delicate balance between human civilization and nature. Our commitment to sustainable development is not merely a noble pursuit but a necessity for the preservation of our planet and the well-being of future generations.

Our world stands at a critical juncture. The challenges we face—climate change, environmental degradation, social inequality, and economic instability—are immense and complex. Yet, within these challenges lies an unprecedented opportunity to transform our societies and economies in ways that are both equitable and sustainable.

This year's conference theme, FLinking Futures of Mountain and Ocean: Rescuing the SDGs 2030 for Sustainable Livelihood," emphasizes the interconnectedness of mountain and ocean ecosystems in achieving the Sustainable Development Goals.

It highlights the need for integrated approaches to bridge the gap between these environments and preserve them, ensuring resilient and equitable livelihoods for the communities that rely on them.

As scholars with diverse research backgrounds and expertise gather here to share their knowledge, strategies, and innovations, we are reminded of our collective responsibility to ensure that development meets the needs of the present without compromising the ability of future generations to meet their own needs.

Nepal is committed to embracing innovative solutions and fostering collaboration across all sectors of society. Our initiatives to promote renewable energy, conserve forests, and empower our rural communities through sustainable agriculture and eco-tourism are just a few examples of our efforts to create a harmonious relationship with our environment.

However, we know that the efforts of one country alone are not enough. The interconnectedness of our world means that no nation can address global challenges in isolation. Global challenges demand global solutions. This conference embodies the spirit of global cooperation and the shared pursuit of solutions that transcend borders.

I urge each of you to actively engage in discussions, share your scientific discoveries, and present innovative solutions over the next few days. Let us acknowledge the importance of traditional knowledge systems, the role of renewable energy, the necessity of conservation efforts, and the potential of cutting-edge technologies in addressing sustainability.

At last,I am confident that this conference will contribute significantly to shaping policies and practices that will lead humanity toward a more sustainable, equitable, and prosperous future.I wish you all a successful and impactful conference.

Thank you. 28 Jestha 2081.

लोक सेवा आयोगको वार्षिकोत्सव समारोहमा

सम्माननीय कार्यवाहक राष्ट्पति रामसहाय प्रसाद यादवले गर्नुभएको

सम्बोधन

लोक सेवा आयोगको ७४औं वार्षिकोत्सवको अवसरमा आयोगका सम्पूर्ण कर्मचारी/पदाधिकारी सहित सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

वार्षिकोत्सव विगतका कामहरुको समीक्षा र मूल्यांकन गर्दै सकारात्मक पाटोलाई आत्मसात गरी अघि बढ्नका लागि महत्वपूर्ण मार्गदर्शन प्राप्त गर्ने अवसर हो । आयोगले यो अवसरलाई आफ्ना विगतका कमीकमजोरीको स्वपरिक्षण, स्वविश्लेषण र स्वमूल्यांकन गर्दै समयानुकुल परिष्कृत, परिमार्जन र सुधारका साथ अघि बढ्ने ज्यावलका रुपमा उपयोग गर्न सक्नु पर्दछ ।

मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रुपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले ७३ वर्षयता आफ्नो मूल सिद्धान्त योग्यता, निष्पक्षता र स्वच्छतालाई प्रमुख आधार मानेर गर्दै आएको कार्यसम्पादनको उच्च प्रशंसा गर्दछु । आयोगले सदैव वर्तमान पुस्ता प्रति न्याय र भविष्यका पुस्ता प्रतिको आशाको केन्द्रका रुपमा सधैं आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्नै पर्दछ । तत् तत् जिम्मेवारी सहितको काममा आयोग सफल भएकोमा खुशी व्यक्त गर्दछु ।

कर्मचारी भर्ना र छनौट समग्र प्रशासन संयन्त्रको जग भएकोले गलत भर्ना नीति र प्रक्रियाले प्रशासनिक संगठनभित्र स्थायी खराबीहरु प्रवेश गर्न सक्ने भएकोले आयोग यसप्रति सदैव सचेत र सावधान हुन जरुरी छ । आयोग योग्यताका सबै तत्वहरु पूर्वानुमानयोग्य हुने गरी आफ्नो परीक्षण विधिहरुमा समयसापेक्ष सुधार र परिस्कृत गर्दै अघि बढ्नु सकारात्मक छ । यसले योग्यताको धरातलमा अवलम्बन गरिने सुधारहरु उच्च नैतिकवान र उत्प्रेरित कर्मचारी छनौटमा टेवा पनि पुगेको छ । मुलुकमा सुशासन कायम गर्ने यो मुल मर्मसहितको आफ्नो मार्गमा किन्चित विचलित हुनु हुँदैन ।

साथै, सुशासन समग्र सिद्धान्त, व्यवहार र आम नागरिकले अनुभूति गर्ने विषय समेत भएकोले यसलाई नारामा मात्रै सीमित राखिनु हुँदैन । आयोगले गर्ने भर्ना छनौटको उद्देश्य वर्तमान परिवेशले सिर्जित समस्या र चुनौतीहरुको सामना गर्न सक्ने, सबैखाले परिवर्तनलाई कुशल व्यवस्थापन गर्न सक्ने दक्ष, सक्षम र उत्कृष्ट जनशक्ति सरकारी सेवामा प्रवेश आजको आवश्यकता हो ।

निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने र यो सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, अन्य संघीय सरकारी सेवा तथा संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी तथा कर्मचारी व्यवस्थापनका विभिन्न विषयमा परामर्श लिनुपर्ने काम आयोगको हुने भन्ने पछिल्लो व्यवस्था महत्वपूर्ण छन् ।

आयोगले विगतमा 'अप्टिकल मार्क रिडर (ओएमआर)' विधिबाट उत्तरपुस्तिका परीक्षण शुरुवात गरी 'एसेसमेन्ट सेन्टर मेथोडोलजी(एसीएम)' हुँदै 'इन बास्केट एक्सरसाईज' विधिसम्म आइपुगेको जानकारी पाएर खुशी लागेको छ । यी प्रामाणिक परिक्षण विधि र प्रविधिबाट सक्षम उम्मेदवारको सिफारिस हुनु सकारात्मक त छँदैछ, नेपालको संविधान, ऐन र कानूनको परिधिभित्र रही स्वीकृत आचारसंहिताको पूर्ण परिपालन पनि हो ।

आयोगले योग्यता (प्रिन्सिपल अफ मेरिट), निष्पक्षता (प्रिन्सिपल अफ इम्पार्सियालिटी), स्वच्छता (प्रिन्सिपल अफ फेयरनेश), समान अवसर (प्रिन्सिपल अफ इक्वैल अपरच्युनिटी), समावेशिता (प्रिन्सिपल अफ इन्क्लुसिभनेस), द्विअन्ध (प्रिन्सिपल अफ

डबल ब्लाइन्ड), परिचय शून्यता (प्रिन्सिपल अफ आइडन्टिटि मास्किङ), असंलग्नता (प्रिन्सिपल अफ ननइन्भल्वमेन्ट) तथा गोपनियता (प्रिन्सिपल अफ सेक्रेसी) को सिद्धान्तहरु अनुसार कार्य सम्पादन गर्नु प्रसंनीय छन् । यी सिद्धान्तहरुले आयोगका काम प्रतिको जनविश्वास पनि बढाएको छ । यसलाई कायम राख्न नितान्त जरुरी छ ।

मुलुकमा संघीयता कार्यान्वयन पछि लोक सेवा आयोग ऐन-२०७९ जारी भए पश्चात आयोगबाट लोक सेवा आयोग नियमावली, आयोगको कार्य सञ्चालन निर्देशिका तर्जुमा गरी त्यसलाई कार्यान्वयन गर्दै ६ महिनायता आयोगले दोस्रो रणनीतिक योजना कार्यान्वयनमा ल्याउनु सह्रानीय छ ।

आयोगले संघीयता अनुरुप समावेशी समूहतर्फ उम्मेदवार छनौट प्रक्रियालाई समय सापेक्ष परिष्कृत गर्दै यी समूहबाट थप उम्मेदवार सफल हुन सक्ने गरी कार्यसम्पादन गर्न अति आवश्यक छ ।

अन्त्यमा, आज सम्मानित हुनु भएका सम्पूर्ण व्यक्तित्वलाई हार्दिक बधाई संगै उहाँहरुको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

साथै, आयोगले समयको माग अनुसार आफुलाई प्रविधिमैत्री बनाउँदै आफ्नो दायित्व र जिम्मेवारीलाई थप विश्वसनीय बनाउने विश्वासका साथ आयोगको ७४औं वार्षिकोत्सव र आगामी समयमा सम्पादन हुने कामका लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
१ असार २०८१ ।

The Vice President

Greenhouse, Lainchaur
Kathmandu, Nepal

शुभ-कामना

नयाँ वर्ष २०८० साल आरम्भ भएको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको शुभकामना व्यक्त गर्दछु।

नयाँ वर्ष आशा, अपेक्षा र उमङ्गको उत्सव हो। हरेक नयाँ वर्षलाई हामीले विगतको समीक्षा गर्ने र नयाँ सङ्कल्पका साथ अगाडि बढ्ने अवसरका रूपमा ग्रहण गर्दै आएका छौं। संविधान जारी भएको ७ वर्ष बितिसक्दा पनि सङ्घीयतालाई कार्यान्वयन गर्ने, राज्यका हरेक अङ्ग र निकायहरूमा समानुपातिक समावेशितालाई बलियो बनाउने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने काम अझै चुनौतीपूर्ण रहेको छ। गत वर्ष विश्वव्यापी रूपमा देखापरेका मन्दीले मुलुकको जनजीवन र अर्थतन्त्रमा चुनौतीहरू थप्यो। प्राकृतिक विपद्का कारण जनधनको क्षति हुनका साथै निर्माण सम्पन्न सडकहरूका पूर्वाधारहरूमा नोक्सानी हुन पुग्यो। त्यसको परिणामस्वरूप औद्योगिक उत्पादन तथा व्यावसायिक क्षेत्रमा आएको ह्रास, बढ्दो व्यापारघाटा, न्यून पुँजीगत खर्च, घट्दो राजस्व सङ्कलन, पुँजी बजारमा आएको गिरावट, वित्तीय क्षेत्रमा तरलता सङ्कुचन लगायतका समस्याले अर्थतन्त्रमा समस्या सृजना गर्‍यो। जलवायु परिवर्तन र हाम्रो आफ्नै क्रियाकलापले देशको पर्यावरण र जैविक विविधतामाथि नकारात्मक प्रभाव पार्‍यो। ठूलो सङ्ख्यामा युवा शक्ति विदेशिएका छन्। तसर्थ देशभित्रै रोजगारी र अवसरहरूको सिर्जना गर्न ढिलाइ गरिनु हुँदैन। हाम्रो देशमा प्रकृतिले हामीलाई वरदानको रूपमा दिएका जल, जमिन, जङ्गल, जडीबुटी र जनशक्ति जस्ता महत्त्वपूर्ण स्रोत साधनहरू छन्। त्यसको उच्चतम सदुपयोग गरी मुलुकलाई तीव्र आर्थिक विकासको बाटोमा डोऱ्याउन, दिगो विकासको लक्ष्य हासिल गर्न तथा सामाजिक न्यायसहितको समतामूलक समाज स्थापना गर्न म सबैमा आह्वान गर्दछु।

अन्तमा, नयाँ वर्ष २०८० ले देशमा दिगो शान्ति, सुदृढ राष्ट्रिय एकता र सामाजिक सद्भावसहित आर्थिक समृद्धिका लागि नयाँ जोश, जाँगर, उत्साह र उमङ्गका साथ समाजमा विद्यमान सबैखाले शोषण, उत्पीडन र विभेदको अन्त्य गर्दै सङ्घीयता, सुशासन, समृद्धि र समाजवादको लक्ष्य हासिल गर्ने, शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्ने तथा सबै नेपालीबीच एकता, पारस्परिक मेलमिलाप, भाइचारा र सौहार्दपूर्ण भावनालाई अभिवृद्धि गर्दै अघि बढ्न स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

१ वैशाख २०८०

रामसहाय प्रसाद यादव

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

ईद (ईद उल फित्र) पर्व, २०८० को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरूको महान चाड ईद (ईद-उल-फित्र) पर्वको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

ईद (ईद-उल-फित्र) पर्वलाई मुस्लिम समुदायले आपसी रिस, राग र द्वेषलाई बिर्सेर आपसमा खुसियाली सद्भाव र शुभकामना आदानप्रदान गरी हर्षोल्लासका साथ मनाउने गरिन्छ। विशेष नमाज पढी सकेपछि ईदको अवसरमा आफूभन्दा ठूला बडाबाट आशिर्वाद लिने र आफूभन्दा सानालाई आशिर्वाद दिँदै मिष्टान्न एवं स्वादिष्ट परिकार खाने र खुवाउने परम्परा रहिआएको छ। यस पर्वले मुस्लिम समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासका साथै राष्ट्रिय सद्भाव र एकता प्रवर्धनमा समेत योगदान पुग्ने विश्वास लिएको छु।

मुस्लिम समुदायको बसोबास रहेका सबैजसो भागमा यो पर्व मनाइन्छ। यो पर्व नेपाली समाज र सांस्कृतिक विविधताको परिचायकको रुपमा समेत रहेको छ। सामाजिक, धार्मिक एवं सांस्कृतिक विविधता बीचको एकताले नै नेपाली राष्ट्रियतालाई मजबुत बनाउने कुरामा विश्वस्त छु।

अन्तमा, यस पर्वले राष्ट्रिय एकता र सांस्कृतिक ऐक्यवद्धताको भावना सुदृढ भई सभ्य, समुन्नत र समृद्ध समाज निर्माण गर्न थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

रामसहाय प्रसाद यादव
कार्यवाहक राष्ट्रपति

२०८० साल वैशाख ०९ गते शनिबार।

उपराष्ट्रपति

हरितगृह, शीतल निवास
काठमाडौं, नेपाल

आठौं भूकम्प स्मृति दिवसको सन्देश

गोरखा जिल्लाको बारपाक केन्द्रबिन्दु भई वि.सं. २०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पहरूमा परी जीवन गुमाउनु हुने दिदी बहिनी तथा दाजुभाइहरूको स्मरण गर्दै उहाँहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

भूकम्प एक प्राकृतिक विपद भएता पनि प्रत्येक वर्ष बढ्दै गएको सहरीकरणले पनि भूकम्पीय जोखिम बढाउँदै लगेको छ। नेपाल भूकम्पीय जोखिममा पर्नुका मुख्य कारणहरू मध्ये नेपालको भौगोलिक अवस्थिति र भूबनावट रहेको छ। भूकम्पबाट अत्याधिक क्षति हुनुमा मानव निर्मित भौतिक संरचना मुख्य कारकको रुपमा रहेको छ। हामी प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको हुँदा आम जनमानसमा भूकम्पीय जोखिम न्यूनीकरणका उपायहरू र सोबाट बच्ने सुरक्षात्मक उपाय सम्बन्धी जनचेतना फैलाउनु पनि उत्तिकै जरुरी रहेकोले सम्बन्धित निकायहरूको ध्यान आकृष्ट गराउन चाहन्छु।

नेपाल सरकारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरी भूकम्पबाट ध्वस्त भएका भौतिक संरचनाहरूको पुनर्निर्माण कार्य लगभग सम्पन्न गरिसकेको छ। बाँकी रहेका कामहरू सम्पन्न गर्ने जिम्मेवारी समेत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट सम्बन्धित निकायहरूलाई हस्तान्तरण भई तदारुकताका साथ निर्माण कार्य संचालन भईरहेको छ। पुनर्निर्मित भौतिक संरचनाहरूमा हाम्रो मौलिकता झल्किनुका साथै भूकम्प प्रतिरोधात्मक प्रविधिको समेत प्रयोग गरिएको छ। पुनर्निर्माण तथा पुनःस्थापनाका कार्यहरूमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग पुर्‍याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्तमा, यो प्राकृतिक विपद सबैका लागि जोखिमपूर्ण हुने र विगतका अनुभवबाट शिक्षा लिई पूर्वतयारी र चुस्त व्यवस्थापन भए मात्र भूकम्पको सामना गर्न र प्रभावकारी रुपमा प्रतिकार्य गर्न सकिने विश्वासका साथ सुरक्षित जीवनका लागि भूकम्प स्मृति दिवसबाट आपसमा मिलेर काम गर्ने प्रेरणा सबैलाई मिलोस् भन्ने कामना गर्दछु।

धन्यवाद।

२०८० बैशाख, १२ गते मङ्गलबार।

रामसहाय प्रसाद यादव
कार्यवाहक राष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, शीतल निवास
काठमाडौं, नेपाल

शुभ-कामना

२५६७ औं बुद्ध जयन्तीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका बुद्ध धर्मावलम्बी समुदायलाई एवम् सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवम् भौगोलिक विविधताले भरिपूर्ण देश हो। यहाँ सबै समुदायको आ-आफ्नै मौलिक पहिचान झल्किने भाषा, धर्म, संस्कार, संस्कृति र धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरू छन्। विभिन्न धर्म, जातजाति, भेषभुषाको साझा फुलबारी हो। प्राचिनकाल देखि नै विभिन्न धर्मावलम्वीबिच आपसी सद्भाव भाइचारा एवम् धार्मिक सहिष्णुता कायम राखी आ-आफ्नो धर्म, संस्कृति मनाउँदै आइरहेका छन्। गौतम बुद्ध नेपालको लुम्बिनीको पावन भूमिमा जन्म लिनु भई पहिले प्रतिपादन गर्नु भएको बुद्ध धर्म दर्शनका अनुयायीहरू संसार भरी नै रहेकाछन्। बुद्धको वाणीहरू वर्तमान परिप्रेक्ष्यमा अतिनै सान्दर्भिक एवम् वैज्ञानिक ठहरिएको छ। यी दर्शनहरूलाई मानवजातिले अंगाल्न सकेमा विश्व शान्तिका लागि सफलता हासिल हुन सक्नेमा दुविधा छैन। बुद्ध दर्शनले भौतिक सुख मात्र हासिल गर्न नभई आध्यात्मिक सुख र अनन्त बोधी मार्गमा प्रस्थान भई निर्वाण लाभ समेत गर्न गराउन सकिन्छ। अतः बुद्ध धर्मका ज्ञान हामीले समस्त सत्व प्राणीहरूको हितार्थ चाहन जरुरी छ।

यस सन्दर्भमा तथागत बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाण भएको पवित्र अवसरमा मयूरवर्ण महाविहार, मिन्द्रेबहालले बुद्ध जयन्तीको अवसरमा गर्न गईरहेको भव्य कार्यक्रमको सफलताको कामना गर्दै समस्त नेपालीको सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

अन्तमा यस पावन अवसरमा नेपालीहरू बीच आपसी सद्भाव, सहिष्णुता, भाईचारा र एकता अभिवृद्धि हुँदै जाने र हाम्रो मौलिक धार्मिक, संस्कृतिको संरक्षण एवम् प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा लिएको छु।

धन्यवाद।

२०८० बैशाख, १२ गते मङ्गलबार।

रामसहाय प्रसाद यादव
कार्यवाहक राष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

सीता जयन्तीको शुभकामना सन्देश

राष्ट्रिय विभूति सीता जयन्तीको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति एवम् समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन माता सीताको पूजा अर्चना गरी सीता जयन्ती मनाउने गरिन्छ। त्रेता युगमा मिथिलामा राजा जनकले यज्ञको प्रतिष्ठान गर्दा विधि पूर्वक खेत जोत्ने क्रममा सीता भेटिएको वर्णन रामायणमा गरिएको छ। माता सीताको जन्म हाम्रो पौराणिक तथा साँस्कृतिक विश्वासको धरोहरका रूपमा रही आएको छ। जानकी, वैदेही, जनकनन्दनी लगायतका सीताका अन्य धेरै नामहरू रहेका छन्।

माता सीतालाई धैर्यता, सहनशीलता र उदारताकी प्रतिमूर्तिको रूपमा लिइन्छ। एक वीरांगना हुनाका साथै मिथिला कालिन सभ्यतादेखि नै समाजमा महिलाको स्थान उच्च राख्न मार्गदर्शन गर्ने आदर्श नारीको रूपमा समेत माता सीतालाई श्रद्धा गरिन्छ। जगत जननीको रूपमा पूजा अर्चना गरिने मातृशक्ति सीता नेपाल भूमिकी पुत्री हुनु हामी सबै नेपालीहरूका लागि गौरवको विषय हो।

अन्तमा, सीता जयन्तीको यस पावन अवसरमा लैङ्गिक विभेद लगायत सबै प्रकारका सामाजिक र साँस्कृतिक विभेदको अन्त्य गर्दै प्रगतिशील, सभ्य र सुसंस्कृत समाजको निर्माणका लागि हामी सबैमा निरन्तर प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

धन्यवाद।

२०८० वैशाख, १६ गते शनिबार।

रामसहाय प्रसाद यादव
कार्यवाहक राष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

गणतन्त्र दिवस-२०८० को शुभकामना सन्देश

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन जेठ १५ को सम्मानलाई चिरस्थायी बनाउन प्रत्येक वर्ष राष्ट्रिय पर्वका रूपमा मनाइने गणतन्त्र दिवसको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ आफ्नो अमूल्य जीवनको आहुति दिने अमर सहिदहरूप्रति हार्दिक भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलन, थारुहट, आदिवासी, जनजाति र विभिन्न जनसमुदायको अधिकार प्राप्तिको संघर्षहरूमा सहभागी भई घाइते र अपाङ्ग भएका सबैप्रति उच्च सम्मान र आभार प्रकट गर्दछु। साथै, यी आन्दोलन र संघर्षहरूको अगुवाइ गर्ने अग्रज नेतागण, जनसमुदाय, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैको उच्च सम्मानसहित उच्च प्रशंसा गर्दछु।

नेपालको संविधानले गणतन्त्र, संघीयता, समानता, समावेशिता र कानूनी राज्यलाई अंगीकार गरेको छ। यसैका आधारमा नेपालको कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, शासन र प्रशासनमा विगो मुलुकभित्रको बहुलता र विविधता झल्किने प्रयास एउटा साझा चौतारी र फूलबारी झैं देख्न थालिएका छौं। यसलाई अझ परिष्कृत, सु-संस्कृत, मर्यादित, रूपान्तरित र व्यवस्थित बनाउनुपर्ने कर्तव्य, दायित्व र जिम्मेवारी हामी सबैको काँधमा आइपरेको स्मरण गराउन चाहन्छु। विविधतामा एकता हाम्रो मौलिक राष्ट्रिय पहिचान हो। गणतन्त्र दिवसलाई सबैले देशको संविधानको मूलभावी गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता, समानता, समाजवाद तथा मुलुकको समृद्धि एवं शान्ति र विकासको लागि प्रतिज्ञा र प्रतिबद्धता व्यक्त गर्ने अवसरको रूपमा लिनु पर्दछ।

हाम्रो गणतान्त्रिक संवैधानिक व्यवस्था प्रणालीले बहुभाषा, बहुसंस्कृति, बहु-भेषभूषा आदिलाई संरक्षण मात्र गरेको छैन, सबै क्षेत्र, भूगोल, सम्प्रदाय, धर्म, संस्कृतिलाई जोड्ने काम पनि गरेको छ। पूर्व-पश्चिम, मधेश, पहाड र हिमाललाई एकताको सूत्रमा बाँध्ने काम पनि गर्दै आएको छ। यसभित्र संघीयता, समावेशिता र समानता मार्फत सबै क्षेत्र, भूगोल र तप्काले आ-आफ्नो अधिकारको उपयोग गरी नेतृत्व र प्रतिनिधित्व गर्ने सफल भएकोमा म खुसी व्यक्त गर्न चाहन्छु। यी महान उपलब्धिहरूलाई अझ प्रभाव, सुदृढ, दिगो र समृद्ध बनाउने दायित्व र जिम्मेवारी सबैको हो। हामी आफ्ना कमिकमजोरीहरूलाई सच्याउँदै प्रगति पथमा निरन्तर लम्कन र अग्रगमन उन्मुख हुनु निर्विकल्प हो। राष्ट्र, राष्ट्रियता, लोकतान्त्रिक संस्कार, सुचरित्र र जिम्मेवारीबोध जस्ता कुराले मात्रै जनताको वास्तविक प्रतिनिधि हुन सक्ने आत्मबोध र गौरव दिन सक्छ। त्यसैले गणतन्त्र दिवस मनाइरहँदा इतिहासको गौरवलाई बिर्सेर नगरी वर्तमानको समीक्षासहित नवीन र समुन्नत भविष्यको यात्रा गर्ने दृढ संकल्प गर्नु पर्दछ। लोकतान्त्रिक गणतन्त्र जनताको सामूहिक भावनाको सम्मान र कदर गरी राष्ट्रलाई समुन्नतिको मार्गमा अघि बढाउने उत्कृष्ट व्यवस्था हो। यो व्यवस्थाप्रति जनताको विश्वास बढाउन हामीले असल काम, सुशासन, रोजगारीका अवसर र मुलुकलाई समुन्नत बनाउने मार्गचित्रका साथ अघि बढ्नै पर्दछ।

अन्तमा, हरेक व्यक्तिमा हुने राष्ट्रवाद, त्याग, पराक्रम, इमानदारी, विश्वास र साहसले देश र समाजलाई उन्नत, समृद्ध र शक्तिशाली मात्र बनाउँदैन, विगो व्यक्तिलाई असल, नैतिकवान र परिश्रमी पनि बनाउँदछ। हामी आनका लागि शिक्षित, देश र समाजको उत्थानका लागि संगठित तथा मुलुकको स्वाभिमानका लागि जतिसुकै संघर्षको अवस्थामा पनि अगाडि बढ्नु पर्दछ। आजको यो ऐतिहासिक दिवसले सामाजिक न्याय र सामाजिक रूपान्तरणमा तुलनात्मक रूपमा कमजोर देखिएका र पछि परेकाहरूलाई माथि उठाउने प्रतिबद्धताका साथ मुलुकको भौगोलिक अखण्डता, स्वाधीनता, सार्वभौमिकता र राष्ट्रिय एकतालाई अझ सुदृढ गर्दै समृद्धिको मार्गमा अग्रसर हुन सबैलाई उत्प्रेरित गर्ने अपेक्षा सहित फेरी पनि १५ औं गणतन्त्र दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८० जेठ १५ सोमबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

विश्व वातावरण दिवसका अवसरमा सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवको सन्देश ।

[illegible] संयुक्त राष्ट्र संघको आह्वानमा हरेक वर्षको जुन ५ लाई **विश्व वातावरण दिवस**का रूपमा मनाउँदै आएकोमा आज (जेठ २२ गते तदनुसार ५ जुन २०२३) 'प्लास्टिक प्रदूषणविरुद्ध लागौं' (Beat Plastic Pollution) भन्ने नाराका साथ नेपालमा पनि यो दिवस मनाउन लागेकोमा खुसी व्यक्त गर्दछु । यो अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना समेत व्यक्त गर्दछु ।

विश्वभर हरेक वर्ष उत्पादन हुने प्लास्टिकमध्ये आधा भन्दा बढी एक पटक मात्र प्रयोग हुने गरेको छ । यसले वातावरण प्रदूषित मात्र गरेको छैन, यसको व्यवस्थापन अझ जटिल हुनुको साथै चुनौतीपूर्ण समेत बन्दै गएको छ । यसले प्रकृतिको स्वाभाविक सन्तुलनमाथि नकारात्मक प्रभाव बढाउँदै लगेको तितो यथार्थ [illegible] छ । अतः प्लास्टिकजन्य प्रदूषणले सिर्जित पुर्‍याउने प्रभावलाई न्यूनीकरण गर्न हामी सबैको तर्फबाट अझ आवश्यक भइसकेको छ ।

बढ्दो जनसङ्ख्या, महत्वपूर्ण जैविक विविधताका क्षेत्र बढ्दो शहरीकरण, जनताको पूर्वाधार विकासप्रतिको तीव्र चाहना र आवश्यकता, जल तथा वायु प्रदूषण, जलवायु परिवर्तनको कारणले हुने गरेको अतिवृष्टि, खण्डवृष्टि, अनावृष्टि आदि वातावरण र दिगो विकासका लागि चुनौतीहरूलाई चिर्न सबै सरोकारवाला पक्ष सचेत र सावधान हुँदै दत्तचित्त भई अघि बढ्नु पर्दछ । यस वर्षमा वातावरण संरक्षण र दिगो विकासको चुनौतीहरूलाई अवसरको रूपमा परिणत गर्नका लागि सरोकारवाला बीचको सहकार्य, समन्वय र सहभागिताको आवश्यकता [illegible] छ । यस सन्दर्भमा विश्व वातावरण दिवसको सान्दर्भिकता अझै बढ्दै गएको स्मरण गराउन चाहन्छु ।

नेपालको [illegible] २०५३ को धारा ५३ [illegible] ऐन ०६८ पारित गरेको र ०७२ को संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको मौलिक हकको प्रत्याभूत गरी पीडित पक्षलाई वातावरणीय प्रदूषण वा ह्रास बाट क्षतिपूर्ति पाउने व्यवस्था गरेको सर्वविदितै छ । पछिल्लो समय नेपालको वातावरण प्रदूषणले मानव स्वास्थ्य मात्र होइन आर्थिक, सांस्कृतिक र सामाजिक रूपमा पनि गम्भीर प्रभाव परेको छ । त्यसैले पृथ्वी र प्रकृति सबैको साझा हो भन्ने मूल मर्म बुझेर वातावरण प्रदूषण न्यूनीकरण गर्न सबै सरोकारवाला सचेत हुँदै सक्रिय सहभागिता अपरिहार्य छ । भावी पिढीलाई प्रकृतिसँग माया र प्रेम गर्ने सिकाउँदै वातावरण प्रदूषणले सिर्जित मानव जातिमाथि पर्ने प्रभावको न्यूनीकरण गर्न सबै पक्ष सचेत भई अग्रसर हुनु पर्दछ ।

अन्त्यमा, मानव क्रियाकलापको कारण, जैविक विविधता सङ्कटमा पर्दै विभिन्न खालका प्राकृतिक प्रकोपहरूको सामना गरिरहनु परेको सन्दर्भमा स्वच्छ र स्वस्थ जीवन निर्वाहका लागि प्रकृति र प्राकृतिक वातावरणलाई दिगो संरक्षणमा एकजुट भई लाग्न सबैलाई विश्व वातावरण दिवसमा हार्दिक अपील गर्दछु । सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई व्यक्तिगत र सामूहिक रूपमा प्रकृति र प्राकृतिक वातावरणको संरक्षणमा सक्रियताका साथ लाग्न मात्र विश्व वातावरण दिवसको सार्थकता, सान्दर्भिकता र महत्वले मूर्तरूप लिन सक्छ । विश्व वातावरण दिवस-२०८० को अवसरमा फेरि पनि सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२१ जेठ २०८० आइतबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

ईद-उल-अज्हा (बकर ईद) पर्व २०८० को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरूको महान पर्व ईद-उल अज्हा (बकर ईद)-२०८० को शुभ उपलक्ष्यमा देश र विदेशमा रहनु भएका सम्पूर्ण नेपाली मुस्लिम दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु, सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना र मुबारकबाद व्यक्त गर्दछु ।

नेपालको संविधानले गणतन्त्र, संघीयता, समानता, समावेशिता, धर्मनिरपेक्षता र कानुनी राज्यलाई अंगीकार गरेको छ । हाम्रो गणतान्त्रिक संवैधानिक व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई आपसमा जोड्ने काम पनि गरेको छ । 'विविधतामा एकता' हाम्रो मौलिक राष्ट्रिय पहिचान हो । नेपालमा मुस्लिम जनसमुदायले मनाउने यो पर्वले इस्लामहरूलाई मात्र नभई सम्पूर्ण नेपालीले देशको संविधानको सुरक्षाकवच गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता, समानता, समाजवाद तथा मुलुकको समरसता एवं शान्ति तथा व्यवस्थित विकासका लागि प्रतिज्ञा र प्रतिबद्धता व्यक्त गर्ने सु-अवसरका रूपमा लिनुपर्दछ ।

हाम्रो सामाजिक विविधताभित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबुत बनाउन यो पर्वले योगदान पुग्ने विश्वास व्यक्त गर्दछु । आपसी रिस, राग, वैमनस्यता, उच्छृङ्खलता, द्वन्द्व, द्वेषलाई बिर्सेर परस्पर खुशी, सद्भावका साथ शुभकामना आदान-प्रदान गर्न यो पर्वले उत्प्रेरित गर्न सकोस् । यस्ता पर्वहरूले विभिन्न जातजाति, सम्प्रदाय, वर्ग, समुदाय तथा समाजको मौलिक संस्कृति र रहनसहनलाई संवर्द्धन र संरक्षण गर्दै जातीय, धार्मिक एवं सांस्कृतिक विविधतालाई आपसी सद्भाव, सहिष्णुता, मेलमिलाप र भाइचारा अभिवृद्धिमा टेवा पुग्ने गर्दछ ।

मुस्लिम समुदायमा ईद-उल-फित्रपछिको दोस्रो ठूलो पर्व बकर ईद हिजरी सम्वत् अनुसार १४४५ वर्षअघि अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माइल अलेह सलामलाई बलिदान गर्न तयार भएको दिनको सम्झनामा यो पर्व मनाउन थालिएको किम्वदन्ति मुस्लिम धर्मावलम्बीमा प्रचलित छ । यो पर्वका अवसरमा मुस्लिम धर्मावलम्बीहरू मस्जिदमा भेला भई नमाज पढेपछि परस्पर ईद मुबारक भन्दै शुभकामना आदान प्रदान गर्ने मौलिक परम्परा, संस्कृति पनि वर्षौंदेखि कायम छ ।

विभिन्न समुदायका चाडपर्व, धर्म, संस्कृति, रीतिरिवाज, परम्परा र संस्कारले आपसी सहिष्णुतालाई थप प्रगाढ बनाउन र नेपाली राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकतालाई अझ बलियो बनाउन ईद-उल अज्हा पर्वले सहयोग गर्ने विश्वास व्यक्त गर्दै मुलुक निर्माण र व्यवस्थित विकासको मार्गमा द्रुत गतिले लम्कन सफल होऔं, समृद्ध नेपालको परिकल्पना साकार होस् भन्ने शुभकामना दिन चाहन्छु ।

धन्यवाद
२०८० असार १३ गते बुधबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, शैतलबौर
काठमाडौं, नेपाल

गौरा पर्वको शुभकामना

नेपालको सुदूरपश्चिम तथा कर्णाली प्रदेशसहित मुलुकको विभिन्न भूभागमा परापूर्व कालदेखि धुमधामका साथ मनाइँदै आएको धार्मिक, सांस्कृतिक एवं परम्परागत **गौरा पर्वको** शुभ उपलक्ष्यमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, वर्ग, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई आपसमा जोड्ने काम गरेको छ । 'विविधतामा एकता' हाम्रो मौलिक राष्ट्रिय पहिचान हो । त्यही पहिचान भित्र गौरा पर्व पनि पर्दछ । यो पर्वको धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वलाई सबैले आत्मसात गर्दै यसका सकारात्मक सन्देशहरू ग्रहण गर्न सक्नु पर्दछ ।

हाम्रो सामाजिक, सांस्कृतिक र भौगोलिक विविधताभित्रको बलियो, सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबुत बनाउन यो पर्वले योगदान पुग्ने विश्वास व्यक्त गर्दछु । आपसी रिस, राग, वैमनस्यता, उच्छृङ्खलता, द्वन्द्व, द्वेषलाई बिर्सेर परस्पर खुसी, सद्भावका साथ शुभकामना आदान-प्रदान गर्ने गौरा पर्वले सबैलाई उत्प्रेरित गर्न सकोस् । हामीबीच परस्पर सद्भाव, सहिष्णुता, मेलमिलाप र भाइचारा अभिवृद्धिमा टेवा पुर्‍याउने यो पर्वसहित हाम्रा सबै मौलिक संस्कृति, चाडपर्व र रहनसहनलाई संवर्द्धन एवं संरक्षण गर्ने दायित्व हामी सबैले निर्वाह गर्न सक्नु पर्दछ ।

अन्त्यमा, विभिन्न वर्ग, समुदाय, क्षेत्र र भूगोलमा प्रचलनमा रहेका चाडपर्व, संस्कृति, रीतिरिवाज, परम्परा र संस्कारले आपसी सहिष्णुतालाई थप प्रगाढ बनाउन र नेपाली राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकतालाई अझ बलियो बनाउन गौरा पर्वले सहयोग पुग्ने विश्वास व्यक्त गर्दै मुलुक निर्माण र व्यवस्थित विकासको मार्गमा द्रुत गतिले लम्कन सफल होस्, समृद्ध नेपालको परिकल्पना साकार होस् भन्ने शुभकामना पनि दिन चाहन्छु ।

धन्यवाद ।
२०८० भदौ ७ गते बिहीबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, शैतलबौर
काठमाडौं, नेपाल

रक्षा बन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी) २०८० को शुभकामना

नेपालमा परापूर्व कालदेखि मनाइँदै आएको पौराणिक, धार्मिक, सांस्कृतिक एवं परम्परागत **रक्षा बन्धन, जनै पूर्णिमा** (ऋषि तर्पणी)का शुभ उपलक्ष्यमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, वर्ग, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई आपसमा जोड्ने काम गरेको छ । नेपालका बसोबास गर्ने विभिन्न समुदायले एकै तिथिमा मनाउने रक्षा बन्धन र जनै पूर्णिमा पर्व तथा क्वाँटी खाने परम्परा सदियौंदेखि सांस्कृतिक विविधता स्वरूप प्रचलनमा रही आएको छ । यस्ता पौराणिक पर्व एवं सांस्कृतिक परम्परालाई हामी सबैले सौहार्दपूर्ण माहोलमा मनाउनु पर्दछ ।

तराई-मधेशतिर भाइबहिनीबीच स्नेह, प्रेम बढ्ने पर्वको रूपमा धुमधामका साथ रक्षा बन्धन मनाइन्छ । यो पर्वमा दिदीबहिनीले दाजुभाइको निधारमा रातो टीका लगाइदिने, आरती उतार्ने र हातमा 'राखी' (डोरो) बाँधेर सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्छन् । दाजुभाइले पनि दिदीबहिनीको रक्षाको संकल्प लिँदै आफ्नो स्नेहभाव दर्साउने गर्छन । यसले परस्पर आत्मीयता र स्नेहको बन्धनलाई थप बलियो बनाउनुको साथै सामाजिक तथा पारिवारिक ऐक्यबद्धता एवं एकत्वमा वृद्धि गर्न सहयोग पुग्छ । यो पर्वमा कतै-कतै पूर्णिमा तथा बाक्लोकन मिसाले बहुमान्छको घर पुगेर डोरो बाँधने र उपहार लगायत धन, वस्त्र र भोजन आदि प्राप्त गर्ने चलन पनि रही आएको पाइन्छ । यसले आपसी सद्भाव बढाउनुको साथै विभिन्न जातजातिबीचको सम्बन्धलाई थप समृद्ध र प्रगाढ बनाउँछ ।

यसैगरी, जनै पूर्णिमाका रूपमा मनाइनेहरू पवित्र जलाशयमा स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण गरी वैदिक महर्षिहरू पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेर्ने गर्छन् । यसपछि सोह्र आठ ऋषिलाई पूजा एवं तर्पण गरी आफ्नो हातको कलाईमा रक्षासूत्र पनि बाँध्ने गरिन्छ । आजकै दिन एघार थरीका गेडागुडी मिसाई भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाने परम्परा पनि रही आएको छ । यसले शरीरमा रोग नलाग्ने र पेट सफा हुने आयुर्वेद शास्त्रीय मान्यता छ । हाम्रो स्वास्थ्यका लागि कृषि उपजको महत्वलाई यसले दर्शाउँदछ ।

आजकै दिन नेपालका कैयौं पवित्र धार्मिक स्थलमा मेला पनि लाग्ने गर्छ । यी मेलाले आन्तरिक पर्यटनको क्षेत्रमा टेवा पुर्‍याउने गर्छ । यसलाई विदेशी पर्यटक भित्र्याउने माध्यम बनाई यसबाट प्रशस्त आयआर्जन गरी मुलुकको अर्थतन्त्रलाई सुदृढ र सबल बनाउनेतर्फ केन्द्रित हुन आवश्यक छ ।

अन्त्यमा, नेपाली राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकतालाई अझ बलियो बनाउन रक्षा बन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी) पर्वले सहयोग पुग्ने विश्वास व्यक्त गर्दै मुलुक निर्माण र व्यवस्थित विकासको मार्गमा द्रुत गतिले लम्कन सफल होस्, समृद्ध नेपालको परिकल्पना साकार होस् भन्ने शुभकामना पनि दिन चाहन्छु ।

धन्यवाद ।
२०८० भदौ १४ गते बिहीबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

श्रीकृष्ण जन्माष्टमी पर्व-२०८० को शुभकामना

प्रत्येक वर्षको भाद्र कृष्ण अष्टमीमा ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान श्रीकृष्णको जन्म भएको पवित्र दिनको सम्झनामा मनाइने **श्रीकृष्ण जन्माष्टमी**को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

श्रीकृष्णलाई धर्मको रक्षक र अधर्मको विनाशकका रूपमा प्रतिष्ठा प्राप्त भएको कारण उहाँको सम्झनामा हरेक वर्ष कृष्ण जन्माष्टमी अत्यन्तै उमङ्ग, उत्साह र धुमधामका साथ मनाइन्छ । ठाउँ विशेषमा प्रचलनमा रहेका मान्यता अनुसार कृष्ण जन्माष्टमी मनाउने परम्परा र अनुष्ठानहरूमा केही फरकपन भएपनि यो पर्वप्रतिको अगाध आस्था र विश्वास सबैमा उस्तै रहेको पाइन्छ । यो दिन श्रीकृष्णको पूजा गरे यश, कीर्ति, पराक्रम, ऐश्वर्य, सौभाग्य, वैभव, धन, सम्पन्नता, आरोग्य, आयु तथा सुख-समृद्धि प्राप्त हुने जनविश्वास छ ।

कृष्ण जन्माष्टमीको दिन श्रद्धापूर्वक पूजा-अर्चना र भगवान श्रीकृष्णबाट आशिर्वाद लिन नजिकैको मन्दिरहरूमा जाने परम्परा छ । यो अवसरमा केही भक्तजन दिनभरी उपवास बसी भागवत गीताको पाठ पनि गर्दछन् । कतिपय स्थानमा जन्माष्टमीको दिन अर्धरात्रीमा माटोको मूर्तिको अनावरण गर्ने र त्यसको बोलिवाल्ट मेला भर्ने, श्रीकृष्णको झाँकीसहित शोभायात्रा तथा रथयात्रा निकाल्ने चलन पनि छ । यसले सामुहिकतामा एकता र सांस्कृतिक परम्परालाई जीवन्त बनाउन सघाउँदछ । विविध धर्म, संस्कृति, परम्परा तथा रीतिरिवाज हाम्रो सभ्यता र सम्पन्नताका सूचक भएकाले हाम्रो धार्मिक सहिष्णुता र आपसी सद्भाव कायम गर्न यस्ता पर्वले सहयोग गर्दछ ।

श्रीकृष्णलाई आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेको मानिन्छ । हिन्दू ग्रन्थहरूमा भगवान श्रीकृष्णलाई प्रेम, करुणा र कोमलताको देवताका रूपमा वर्णन गरिएको छ । जसैले श्रीकृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाउने यो पर्वलाई असत्यमाथि सत्यको विजयको सम्मान गर्ने अवसरका रूपमा पनि लिन्छन् । हामीले भगवान श्रीकृष्णको असल सत्यगुणहरूलाई आत्मसात गरी अघि बढ्नु पर्दछ । समाज र देशलाई सत्यमार्गमा डोर्‍याउने प्रण, प्रतिबद्धता र दृढता लिई मुलुकको विकासमा आफ्नो शक्तिलाई उपयोग गर्न सक्नु पर्छ । समाजमा विद्यमान कुकृत्य, कुसंस्कार, कुविचार र कलुषित भावनालाई त्यागी शान्ति, अमनचयन, भाइचारा, सहिष्णुता कायम गर्न अग्रपंक्तिमा आफूलाई राख्नु पर्दछ ।

अन्त्यमा, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, वर्ग, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई आपसमा जोड्ने काम गरेको छ । नेपाली राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकतालाई अझ बलियो बनाउन श्रीकृष्ण जन्माष्टमी पर्वले सहयोग पुग्ने विश्वास व्यक्त गर्दै पुनः यो अवसरमा हार्दिक शुभकामना दिन चाहन्छु ।

धन्यवाद ।
२०८० भदौ २० गते बुधबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

राष्ट्रिय बाल दिवस-२०८० को शुभकामना सन्देश

नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेको दिनको स्मरण गरी मनाइने राष्ट्रिय बाल **दिवस-२०८०** को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली बालबालिकामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

सन् १९९० सेप्टेम्बर १४ मा नेपालले बालअधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेको हो । हरेक वर्षको भदौ २९ गते बालबालिकाको विशेष दिनको रूपमा सम्मान गरी मनाइने यो दिवस बाल अधिकारको क्षेत्रमा नेपालले जनाएको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने भन्ने प्रतीक पनि हो । हरेक वर्ष विभिन्न नारासहित महत्त्वपूर्ण सन्देश दिने र बाल अधिकारको सार्थकता र उपयोगितामाथि सु-सूचित गराई बाल अधिकार संरक्षणका लागि समाजले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भन्ने विश्वास लिएको छु । यो दिवसको यस वर्षको मूल नारा '**बालबालिकामा लगानी : सुनिश्चित भविष्यको [illegible]**' रहेकोमा त्यसको कार्यान्वयनमा हामी सबै प्रतिबद्ध भई अघि बढ्नु पर्दछ । तर, यो नारा र प्रतिबद्धतामा मात्र सीमित नभई त्यसको कार्यान्वयनमा जोड दिन आवश्यक छ ।

संविधानमा भएको व्यवस्था अनुरूप बालबालिकाको शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासका योजनाहरू प्रभावकारी रूपमा तर्जुमा गरी लागु गर्नु पर्दछ । बालबालिका, स्थानीय तहमा बाल क्लब तथा किशोर-किशोरी समूहका सञ्जालमा पनि व्यक्तित्व विकासका कार्यक्रमलाई प्राथमिकतामा राख्नु पर्दछ । उनीहरूका लागि प्राविधिक शिक्षा तथा सीपमूलक प्रशिक्षणहरूको आयोजना गर्नु पर्दछ । बालश्रम, बालगृहमा अनधिकृत सिफारिस, बाल हिंसा तथा दुर्व्यवहार गर्ने र बालविवाहलाई प्रश्रय र समर्थन गर्ने जस्ता गलत कार्यहरू समाजबाट निषेध गर्नु पर्दछ ।

सबै स्थानीय तहमा बालकोषको स्थापना गरी नेपाल सरकारले तय गरेका कार्यहरू सामाजिकीकरण गर्न, जोखिममा परेका बालबालिकालाई आपतकालीन राहत सेवा, स्वास्थ्य उपचार सहयोग आदिमा जोड दिई बालअधिकारको संरक्षण र प्रवर्द्धनमा सबै उत्प्रेरित भएर लाग्नु पर्दछ । यसमा जनप्रतिनिधिहरूको महत्त्वपूर्ण भूमिका रहेकाले उनीहरूले यसका लागि आवश्यक कार्यक्रमहरूको सञ्चालन गर्न आवश्यक छ । बाल संरक्षण घटना व्यवस्थापन कार्यमा स्वास्थ्यकर्मीहरूको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण छ । बालबालिकाको उपचारको लागि आउने अभिभावक र बालबालिकालाई स्वास्थ्य सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने, बालबालिकालाई बालमैत्री रूपमा उपचार र स्वास्थ्य परीक्षण आदिका लागि चासो राख्न स्वास्थ्यकर्मीहरू सक्रिय हुनु पर्दछ ।

बाल अधिकारको संरक्षणमा शिक्षकहरूको भूमिका, कर्तव्य र जिम्मेवारी पनि महत्त्वपूर्ण हुन्छ । किनभने विद्यालय तहमा सबैभन्दा बढी बालबालिकाहरू शिक्षककै रेखदेखमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागि हुने गर्दछन् । शिक्षकहरूले बालमैत्री विद्यालय अवधारणा अनुरूप बालबालिकालाई विद्यालयमा ल्याउन आवश्यक पहल गर्ने, विद्यालयमा भय तथा हिंसा रहित सिकाइका उपायहरू अवलम्बन गरी शिक्षण सिकाइ गर्ने, विद्यालयमा बाल सहभागिता प्रवर्द्धन, बालक्लब गठन लगायत विभिन्न सिर्जनात्मक क्रियाकलापहरूमा बालबालिकाको सहभागिताका लागि सक्रियकरण गर्ने जस्ता कार्यहरू गर्न सक्नु पर्दछ ।

अन्त्यमा, आजका बालबालिका नै भविष्यका कर्णधार भएकाले बालबालिकालाई नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले व्यवस्था गरेको उनीहरूको हक, अधिकार उपभोग हुने गरी कार्य गर्न हामी सबै अझ बढी सचेत हुँदै सक्रिय हुनु जरुरी छ । बालबालिकामाथि हुने कुनैपनि हिंसा र दुर्व्यवहार रोक्ने कार्य सबैको दायित्व, जिम्मेवारी र कर्तव्य भएकोले यो पटकको राष्ट्रिय बाल दिवसले उत्प्रेरणाको काम गर्नेछ भन्ने विश्वासका साथ फेरि पनि यो अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।
धन्यवाद ।

२०८० भदौ २९ गते शुक्रबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

हरितालिका तीज, विश्वकर्मा पूजा र चौरचन, २०८० को शुभकामना सन्देश

हरितालिका तीज, विश्वकर्मा पूजा र चौरचन (चकचन्द) पर्वका उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुदीर्घ र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

विविधतामा एकता हाम्रो मौलिक पहिचान हो। हामीले वर्षभरी नै विभिन्न चाडपर्वहरू धूमधामका साथ मनाउँदै आएका छौं। हाम्रा सामाजिक मान्यता, परम्परा, रीतिरिवाज, र पूर्व संस्कारहरूको आधारमा मनाइने चाडपर्वहरूले हाम्रो जीवनमा परिवर्तन र उत्साहको संचार गर्ने गर्दछ। जसरी प्रत्येक समुदाय, जाति र धर्मको आ-आफ्नै [illegible] छन्, त्यसरी नै चाडपर्वहरूको अनुष्ठान र विधिहरूमा स्थान र भूगोल अनुसार विविधता रहेको पाइन्छ। तर, यी सबैभित्र सामाजिकता, एकता, धार्मिक सहिष्णुता, भाइचारा र मेलमिलापको महत्वपूर्ण सन्देश र मूल भावना निहित रहेका हुन्छन्। जसमध्ये उल्लास, उमङ्ग र खुसी साटासाट गर्दै आपसी वैमनस्यता, विभेद, द्वेष, कलह, हिंसा, चिन्ता र कलुषित मनोभाव हटाउनमा चाडपर्वहरूले [illegible] गर्नुका साथै सत्य, निष्ठा, शिष्टाचार र आत्मविश्वासको उच्च र श्रेष्ठ मानवताको व्यक्तित्वमा संचार गर्न पनि सहयोग गर्दछ। सांस्कृतिक र सामाजिक चेतनाको प्रतीकका रूपमा रहेका हाम्रा चाडपर्व र उत्सवहरू समाज र देशको कल्याण एवं सुख, शान्ति र समृद्धिहरूको माध्यम पनि मानिन्छ भने [illegible] महत्वपूर्ण उद्देश्य, प्रेम र सद्भावका साथ हामीले मनाउनु पर्दछ।

हरेक वर्षको भाद्र शुक्ल तृतीयाका दिन मनाइने **हरितालिका तीज** हिन्दू महिलाहरूको आफ्नो हर्षोल्लास र उमङ्गका साथ मनाउने एउटा मौलिक र महान पर्व हो। विवाहित महिलाहरूले आफ्नो स्वास्थ्य र श्रीमानको दीर्घायु तथा अविवाहिताहरूले सुयोग्य वर पाउने आकांक्षा र आस्थाका साथ तीजको व्रत बस्ने परम्परा छ। [illegible] महिला तथा दिदीबहिनीहरूले नेपाली मौलिकतालाई जीवन्त राख्ने संस्कार र संस्कृतिको [illegible] यो पर्व मनाउनु पर्दछ। [illegible] नेपाली जनजीवनको सामाजिक, धार्मिक र सांस्कृतिक पहिचान [illegible]। आधुनिकताको नाममा मौलिक संस्कृतिलाई [illegible] विकृतिहरूलाई हटाउँदै यो पर्वको सांस्कृतिक महत्वको जगेर्ना हामी सबैले गर्न अति आवश्यक छ।

यसैगरी, प्रत्येक वर्षको कन्या संक्रान्तिका दिन **विश्वकर्मा पूजा** (विश्वकर्मा जयन्ती) कलकारखाना, [illegible] मनाइन्छ। विश्वकर्मालाई विश्वकै पहिलो वास्तुकार र इन्जिनियर भएको मानिन्छ। सम्पूर्ण सृष्टिमा सबै सृजनात्मक कार्यको मूल स्रोत भगवान विश्वकर्मा भएको मान्यता अनुसार उहाँको पूजा गरे प्रत्येक व्यक्तिलाई प्राकृतिक ऊर्जा प्राप्त हुने [illegible] आएको छ। यो पर्वले सम्पूर्ण नेपाली नागरिकमा [illegible] सन्देश संचार गरेको छ। विश्वकर्मा पूजाका अवसरमा समाज र देशलाई नवनिर्माणको पथमा [illegible] सम्पूर्ण शिल्पीकार, रचनाकार र वास्तुकारलाई हार्दिक बधाई दिँदै सुख, वैभव एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

त्यस्तै, मधेशका जिल्लाहरूमा भदौ शुक्ल चौथीका दिन [illegible] **चौरचन (चकचन्द)** पर्व मनाउने मौलिक प्रचलन रही आएको छ। [illegible] चौठीको नामले [illegible] दही, मौसमी फलफूल [illegible] पूजाको अनुष्ठान सम्पन्न गरिन्छ। यो पर्वले मधेशमा धार्मिक सहिष्णुता, भाइचारा र मेलमिलापमा सघाउ पुर्‍याउने विश्वास लिएको छु।

अन्त्यमा, हाम्रा सबै चाडपर्व, त्यौहार र उत्सवहरू देशलाई एकताको सूत्रमा बाँध्दै राष्ट्रिय एकता, सद्भाव, सार्वभौमसत्ता र राष्ट्रियतालाई बलियो बनाउने भएकाले हामी सबै एक आपसमा मिलिजुली यी पर्वहरू मनाऔं। सामाजिक, सांस्कृतिक, सहिष्णुता र एकताको प्रतीकका रूपमा मनाइने हरितालिका तीज, विश्वकर्मा पूजा एवं चौरचन (चकचन्द) को फेरि पनि मंगलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८० असोज १ गते सोमबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

संविधान दिवस, २०८० को शुभकामना सन्देश

हजारौं नेपालीको बलिदान, योगदान, आहुति, त्याग, तपस्या र [illegible] जनप्रतिनिधिहरूमार्फत आठ वर्षअघि नेपालको संविधान २०७२ सालको दिन (असोज ३ गते) जारी भएको सम्झना र सम्मानमा मनाइने **संविधान दिवस** (राष्ट्रिय दिवस) को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइहरू तथा दिदीबहिनीहरूलाई हार्दिक बधाई दिँदै सुख, शान्ति र समृद्धिको मंगल शुभकामना व्यक्त गर्दछु।

नेपालको संविधानको प्रस्तावना 'हामी सार्वभौम सम्पन्न नेपाली जनता' बाट शुरु भएको छ। संविधानको आत्मा भनेको जनताको प्रतिस्पर्धात्मक अर्थात् बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, निष्पक्ष र सक्षम न्यायपालिका, कानूनी राज्य, समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने हो।

हाम्रो संविधानले मुलुकमा शताब्दीयौं अक्षुण्ण रहेको विविधता र एकतालाई संयोजन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संकल्प लिएको छ। प्रजातान्त्रिक राजनीतिक व्यवस्था अपनाइएका मुलुकहरूमा संविधानलाई मूल कानूनको रूपमा मानिएको हुन्छ। संविधानसँग बाझिने कानून [illegible] हदसम्म अमान्य हुन्छन्।

नेपालको संविधानले मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्व-शासनको अधिकारलाई आत्मसात समेत गरेको छ। कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भन्ने विषय मौलिक हकमै समावेश गर्नुले संवैधानिक उच्चता र गरिमालाई दर्शाउँदछ।

संवैधानिक अंग र निकायहरूको पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त कार्यान्वयन गरिने संवैधानिक व्यवस्था हाम्रो संविधानको मूल मर्मलाई किञ्चित अवहेलना गरिनु हुन्न। संविधानको मर्म र भावनाहरूले निर्दिष्ट गरेको समाजवाद उन्मुख आर्थिक-सामाजिक प्रणाली तथा गणतन्त्रात्मक लोकतान्त्रिक संरचना, समावेशीता आदिलाई सबैले पालना गर्नु पर्दछ। संघ, प्रदेश र स्थानीय तहलाई शक्ति र स्रोतको बाँडफाँडमा केही क्लिष्टता भएकोले आगामी दिनमा संघीय प्रणालीलाई सम्बोधन गर्दै प्रदेशलाई संविधान सम्मत अधिकार सम्पन्न बनाउन अति आवश्यक र अपरिहार्य छ। यसप्रति सम्बन्धित सबैको ध्यान आकृष्ट हुने विश्वास लिएको छु।

तर, जनसांख्यिक लाभांशको रूपमा रहेका लाखौं कर्मशील युवाहरू श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको लागि [illegible] विभिन्न मुलुकमा [illegible] नेपाली नागरिकहरूले गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा हुन कठिन हुने भएकाले सम्बन्धित सबैले यो विषयमाथि गम्भीर चिन्तन र मनन गर्दै समस्याको समाधान उन्मुख हुन जरुरी छ। संविधानको मर्म र भावना अनुसार प्रत्येक नागरिकलाई स्वदेशमै रोजगारीको अवसर प्राप्त हुनेगरी काम गर्न सबैजना प्रतिबद्ध भै अघि बढ्नै पर्दछ।

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलन, आदिवासी, जनजाति र विभिन्न जनसमुदायको अधिकार प्राप्तिको संघर्षका क्रममा अमूल्य जीवन गुमाउनु भएका सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली, घाइते र अपाङ्ग [illegible] उच्च सम्मान एवं संघर्षका लागि [illegible] प्रदर्शन गर्नु भएका सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मानसहित उच्च प्रशंसा व्यक्त गर्दै संविधानको कार्यान्वयनमार्फत नेपाली आमजनको हित र दिगो मुलुकको समृद्धि एवं दिगो विकासका लागि संविधान दिवस २०८० को हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८० असोज ३ गते बुधबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति।

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

कुमारी इन्द्रजात्रा पर्व, २०८० को शुभकामना सन्देश

कुमारी इन्द्रजात्रा पर्व, २०८० को उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, दीर्घायु, समृद्धि र सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

कुमारी इन्द्रजात्रा नामले प्रसिद्ध यो पर्वमा वर्षा र सहकालका देवता इन्द्र, जीवित देवी कुमारी, गणेश, भैरव, देवी लक्ष्मी र भगवान विष्णु आदिको पूजा-अर्चना गर्ने परम्परा र संस्कृति परापूर्वकालदेखि रही आएको छ। इन्द्रजात्राका अवसरमा ठड्याउने लिंगो (ध्वजा) र विश्वमै अनौठो चलन जीवित कुमारीको पूजा गर्नु नेपाली संस्कृतिको मौलिक पहिचान हो। नेवाः समुदायले येँयाः भनेर पनि मनाउने इन्द्रजात्रा काठमाडौं उपत्यका लगायत नेपालको विभिन्न भूभागमा धुमधामका साथ मनाउने प्रचलन छ। यसमा कुमारी, भैरव र गणेशको रथयात्रा पनि गर्ने परम्परा छ। यस पर्वमा विभिन्न मौलिक नाच र देवी-देवताहरूको प्रदर्शन गर्नुले सांस्कृतिक र धार्मिक परम्परालाई जीवन्त बनाउन सहयोग पुग्दछ। काठमाडौं उपत्यकामा रैथाने समुदाय/जातजातिहरूले आ-आफ्नो परम्परा, रितिरिवाज र संस्कृति अनुसार एकिकृत भई संयुक्त र सामूहिक रूपमा इन्द्रजात्रा मनाउनुले हाम्रो विविधतायुक्त संस्कृति र पहिचानलाई अक्षुण्ण राख्न मद्दत गर्दछ।

तराई-मधेशतिर हरेक वर्षको भाद्रपद शुक्ल पक्ष चतुर्थीको दिन देवी लक्ष्मी र भगवान विष्णुको विधि-विधान अनुसार पूजा-अर्चना गर्दै अनन्त चतुर्दशी (अनन्त) मनाउने परम्परा छ। यसै दिन विष्णुको पूजा-उपासनापछि उहाँलाई रक्षा सूत्र बाँधेपछि श्रद्धालुहरूले पनि पाखुरामा विशेष खालको अनन्त डोरो (धागो) बाँध्ने प्रचलन छ। यसले सुख, शान्ति, गृहक्लेशको अन्त्य, धन-धान्यमा वृद्धि र शुभलाभ हुने धार्मिक मान्यता रहिआएको छ।

विविधतामा एकताको सन्देश संचार गर्ने धार्मिक आस्था र पर्वहरू भूगोल, क्षेत्र र समुदाय अनुसार मनाउने चलन, परम्परा, विधि-विधान र अनुष्ठान फरक-फरक भएपनि सबैको सारतत्व एवम् उद्देश्य समाज र देशमा धार्मिक सहिष्णुता, परस्पर विश्वास, सहयोग, मित्रता, भाइचारा, मेलमिलाप, आदर, सम्मान र सद्भाव कायम गर्नु नै हो। हाम्रा चाडपर्व, उत्सव, महोत्सव आदिले मुलुकमा शान्ति र प्रगति एवम् पारिवारिक सुख, दीर्घायु तथा सु-स्वास्थ्यको कामना गर्नु मूल मर्म, ध्येय र सकारात्मक सन्देशहरु बोकेका छन्। हाम्रो मौलिक चिनारी र अद्भूत परिचय बनेका यी चाडपर्वहरू र यसले बोकेका पवित्र भावना र भावहरूलाई हामीले जीवन्त बनाउँदै भावी पुस्ताहरूमा हस्तान्तरण गर्दै अघि बढ्न जरुरी छ।

हाम्रो समाजमा विभिन्न तिथिहरूमा गरिने पूजापाठ र अनुष्ठानले सामूहिकतालाई बढावा दिनुका साथै मानिसको मन, वाणी र कर्ममा पवित्रता एवम् शुद्धताको संचार गर्ने भावनाहरूले अभिप्रेरित छन्। यसले धार्मिक आस्था र विश्वासलाई थप बल पनि पुग्दछ। मानिसमा असल संस्कार, चालचलन, व्यवहार र सामाजिकताको पृष्ठपोषण गर्ने पनि सघाउ पुग्दछ।

अन्त्यमा, देशलाई एकताको सूत्रमा बाँध्दै राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र राष्ट्रियतालाई बलियो बनाउने कुमारी इन्द्रजात्रा पर्वका अवसरमा हुने विभिन्न यात्राहरु र जीवित देवी कुमारी, गणेश, भैरव, देवी लक्ष्मी एवम् भगवान विष्णुको पूजा-अर्चनाले मुलुकलाई समृद्धितर्फ उन्मुख गराउन सम्पूर्ण नेपालीलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८० असोज ११ गते बिहीबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

जितिया पर्व, २०८० को शुभकामना सन्देश

तराई-मधेशका आमाहरु २४ घण्टासम्म पानी समेत सेवन नगरी निराहार उपवास बसी सन्तानको सुख, शान्ति, दीर्घ जीवन र प्रगतिका लागि परापूर्वकालदेखि मनाउँदै आएको जितिया पर्व, २०८० को उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

आश्विन कृष्णपक्षको सप्तमी, अष्टमी र नवमी तिथि गरी तीन दिनसम्म मनाइने जितिया पर्व तराई-मधेशका मधेशी र थारु समुदायको ठूलो चाड हो। धार्मिक तथा सांस्कृतिक महत्व बोकेको यो पर्व तराई-मधेशका मुढैमान्छे, मूल आदिवासी, रैथाने समुदाय/जातजातिहरूले आ-आफ्नो परम्परा, रितिरिवाज र संस्कृति अनुसार एकिकृत भई संयुक्त र सामूहिक रूपमा मनाउनुले हाम्रो विविधतायुक्त संस्कृति र पहिचानलाई अक्षुण्ण राख्न सहयोग गर्दछ।

यो पर्वलाई जिवित्पुत्रिका व्रतको नामले समेत चिनिन्छ। प्रकृति/वनस्पतिबाट प्राप्त हुने केराको पात, सिरीमालको पात, तोरीको पिना, चिनी/सखर, भिजाएको केराउ, दही-च्यूरा, कमलीमा पाँच प्रकारका फलफूलहरू लगायतका सामग्री पूजाआजामा प्रयोग गर्ने ऐतिहासिक परम्परा छ। यसले यो पर्व वातावरण मैत्री पनि रहेको पुष्टि हुन्छ। यो पर्वको अवसरमा गाइने र पढ्न गरिने जितवाहन भगवानको कथामा चील र स्यालको चर्चाले पनि त्यस्तै सन्देश बोकेको छ। साथ, जीतवाहनको व्रत कथामा प्राणी जगत अन्तर्गत पक्षी वर्गमा पर्ने चील (चोंची) र स्तनधारी स्याल (सीयरी) लाई निर्दोषहरूको पात्रका रूपमा प्रयोग गरिनुले सिंगो मानव जीवनमा महिलाको महत्वलाई समेत प्रतिबिम्बित गरेको छ। प्राचीन कविला समुदायमा मातृत्वको वर्चस्व परापूर्वकालदेखि नै रहेको पनि यो पर्वले दिन्छ। अर्थात् धर्म र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विस्तारमा महिलाहरूको योगदान दशकौंदेखि रही आएको छ।

यो पर्वका अवसरमा थारु समुदायमा मौलिक नाच 'झमटा' प्रदर्शन गर्ने चलन छ। यसले थारु संस्कृतिलाई जीवन्त राख्न सहयोग पुग्छ। मधेशी समुदायमा यो पर्व सकेपछि उपवास बस्नुअघि मरुवा (कोदो) को रोटी मिठो परिकारहरूले बनाएर खाने परम्परा छ। कतै-कतै माछाको पनि परिकार बनाएर खाने चलन छ। विविधतामा एकताको सन्देश संचार गर्ने हाम्रा चाडबाड, पर्वहरु भूगोल, क्षेत्र र समुदाय अनुसार मनाउने चलन, परम्परा, विधि-विधान र अनुष्ठान फरक-फरक भएपनि सबैको सारतत्व एवम् उद्देश्य समाज र देशमा सामाजिक एवं धार्मिक सहिष्णुता, परस्पर विश्वास, सहयोग, मैत्रीभाव, भाइचारा, मेलमिलाप, आदर, सम्मान र सद्भाव कायम गर्नु नै हो। मौलिक परिचय बनेका जितियासहितका चाडपर्वहरु र यसले बोकेका पवित्र भावना र भावहरूलाई हामीले जीवन्त बनाउँदै भावी पुस्ताहरूमा हस्तान्तरण गर्दै अघि बढ्न जरुरी छ।

अन्त्यमा, विभिन्न तिथिहरूमा गरिने पूजापाठ र अनुष्ठानले हामीबीच सामूहिकता र एकतालाई बढावा दिनुका साथै व्यक्तिको मन, वाणी र कर्ममा पवित्रता एवम् शुद्धताको संचार गर्ने भावनाहरूले अभिप्रेरित छन्। व्यक्तिमा असल संस्कार, व्यवहार र सामाजिकताको पृष्ठपोषण गर्ने पनि सघाउ पुग्दछ। देशलाई एकताको सूत्रमा बाँध्दै राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र राष्ट्रियतालाई बलियो बनाउने जितिया पर्वले मुलुकलाई समृद्धितर्फ उन्मुख गराउन सम्पूर्ण नेपालीलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८० असोज २९ गते शनिबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

विश्व हात धुने दिवस, २०८० को शुभकामना सन्देश

सन् २००८ यता विश्वभर हरेक वर्ष अक्टोबर १५ मा मनाइने **'विश्व हात धुने दिवस'**, २०२३ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा स्वच्छ र स्वस्थ जीवनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

यो दिवस विश्वभरका मानिसहरूलाई हात धुने बानीमा सुधारका लागि उत्प्रेरित र परिचालन गर्ने एउटा अन्तर्राष्ट्रिय अभियानका रूपमा घोषणा गरिएको हो। सन् २००८ मा पहिलो पटक विश्वभर हात धुने दिवस मनाइएको थियो। जीवाणु (ब्याक्टेरिया) र विषाणु (भाइरस) जन्य रोग लाग्नबाट रोक्ने र जीवन बचाउने सजिलो, प्रभावकारी र किफायती तरिका साबुनपानीले हात धुनु हो। साबुनपानीले हात धुँदा झाडापखाला र निमोनियाको जोखिम कम हुनुका साथै गम्भीर रोग र अकालमा मृत्यु हुनबाट पनि जोगाउन सहयोग पुग्छ। साबुनपानीले हात धुँदा इन्फ्लुएन्जा र कोभिड-१९ लगायत अन्य संक्रमण र भाइरसको फिँजावटलाई पनि रोक्छ।

यस वर्ष यो दिवसको मूल नारा (अंग्रेजीमा) **'क्लिन ह्यान्ड्स आर विदिन रिच'** भन्ने रहेको छ। यो नारा पछिल्ला वर्षहरूमा हातको स्वच्छतामा प्रतिबद्धता र कामको प्रगतिमा केन्द्रित छ। साथै, हातको स्वच्छताका लक्ष्यहरू पूरा भएको सुनिश्चित गर्दै थप ठोस प्रयासहरूका लागि पनि यसले आह्वान गरेको छ। साबुनपानीले हात धुँदा कीटाणुहरूबाट मुक्ति पाउनुका साथै आफूलाई र आफ्ना वरपरका मानिसलाई बिरामी हुनबाट जोगाउँदछ। खाना पकाउनु अघि र पछि, खाना खानु अघि र पछि, शौचालय गएपछि, नाक-मुख सफा गरेपछि, खोक्दा वा हाच्छ्युँ गर्दा हातले छोएपछि हात धुने स्वस्थ बानी हामी सबैले बसाल्न जरुरी छ। श्वासप्रश्वास सम्बन्धी विषाणु संक्रमितको सिंगान तथा खकारका साथै सूक्ष्म थोपाहरू आँखा, नाक वा मुखको माध्यमबाट स्वस्थ मानिसको शरीरमा प्रवेश गर्न सक्छ। अधिकांश अवस्थामा यस्तो संक्रमण मानिसको हातकै माध्यमबाट हुने गर्दछ। एक व्यक्तिबाट अर्कोमा विषाणु सर्ने प्रमुख माध्यम हात नै भएकाले विद्यालय, कार्यालय, सार्वजनिक स्थल, यातायात, पानी आदिको प्रयोग गरेपछि साबुनपानीले राम्ररी हात सफा गर्नु पर्दछ। यो दिवसलाई साबुनपानीले हात धुने बानी बसाल्ने प्रण र संकल्प लिने दिवसका रूपमा सबैले लिनु पर्दछ।

कोरोनाभाइरस विरुद्धको लडाईमा सही तरिकाले साबुनपानीले हात धुनु अति प्रभावकारी सिद्ध भएको उदाहरण हामी सामु छ। यस्ता रोगबाट आफू तथा अरूलाई जोगाउन यो सबैभन्दा सजिलो, सस्तो र प्रभावकारी उपाय पनि हो। साबुनपानीले २० सेकेन्ड मिचिमिचि हात धुने बानीले हरेक वर्ष लाखौंको जनजीवनमा ज्यान जानबाट जोगाउँदछ। यसगरी, जीवाणु (ब्याक्टेरिया) र विषाणु (भाइरस) जन्य रोगलाई रोक्न सक्ने यो महत्वपूर्ण उपाय हो। हात धुने पाँच चरणहरू - सफा पानीमा हात भिजाउने, भिजेको हातमा सबतिर साबुन लगाउने, हत्केलाको पछाडि, औंलाको बीच, नङको भित्र लगायत हातका सबै भागमा राम्रोसँग मिच्ने, बगिरहेको पानीले राम्ररी हात धुने तथा सफा कपडा वा एकपटक मात्र प्रयोग गरिने रुमालले हात पुछ्ने बानीको विकास हामी सबैले गर्नु पर्दछ। जीवाणुहरू सुक्खा भन्दा भिजेको छाला मार्फत सजिलैसँग सर्ने हुनाले हातलाई पूर्ण रूपले सुकाउनु पर्दछ। कागजी रुमाल वा सफा कपडाले पुछ्दा जीवाणु एक सतहबाट अन्यमा फैलिन पाउँदैन।

अन्त्यमा, समुदाय, संस्था र सार्वजनिक स्थानहरूमा सबैका लागि सुरक्षित पानी, सरसफाइ र स्वच्छता (वास) सेवाहरूमा विश्वव्यापी, समतामूलक, समावेशी र दिगो पहुँचका सिद्धान्तहरूलाई दिगो विकास लक्ष्य अनुरूप हुनेगरी आवधिक योजनामै समावेश गरी अघि बढ्न अति आवश्यक छ। नेपालमा पछिल्ला दिनहरूमा यस अनुरूप कामहरू पनि भएका छन्। तर, त्यो पर्याप्त नभएकाले सम्बन्धित र सरोकारवालाहरू सबै एकजुट भई दत्तचित्त भई यो अभियानलाई सफल बनाउनु पर्दछ। साथै, खानेपानी तथा सरसफाइ ऐनले तोके अनुसार सबै तहमा अनिवार्य रूपमा हात धुने सेवाको नियमनका लागि सबैको ध्यान आकृष्ट हुन पनि जरुरी छ। स्वच्छ र स्वस्थ जीवनका लागि अहम् भूमिका निर्वाह गर्ने माध्यम हात धुनु पनि भएकोले यसलाई व्यवहारमा उतार्नका लागि घोषणा गरिएको 'विश्व हात धुने दिवस' र यसका नाराहरूलाई सार्थक बनाउन सबैले आ-आफ्नो नियमित दिनचर्यामा अनिवार्य समावेश गर्न हार्दिक आह्वान गर्दछु।

धन्यवाद।

२०८० असोज २८ गते आइतबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

शुभकामना

विश्वको सर्वोच्च शिखर सगरमाथाको फेदीमा रहेको सोलुदुधकुण्ड नगरपालिका-४ स्थित चिवाङ त्यइछुप छोलिङ गुम्बाको सतवार्षिकी अवसरमा **चिवाङ गुम्बा १००औं वार्षिकोत्सव स्मारिका** प्रकाशन हुन लागेको जानकारी पाउँदा अत्यन्तै खुसी लागेको छ, यसका लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

लब्ध प्रतिष्ठित एवम् समाजसेवी साङ्गे लामाको परिकल्पना र महत्वपूर्ण योगदानको जीवन्त रूप रहेको यस गुम्बाका लागि जग्गा प्रदान गर्ने र निर्माणमा अतुलनीय सहयोग गर्नुहुने सम्पूर्ण महानुभावसहित गुम्बाको भव्यता र सौन्दर्यलाई अद्वितीय एवम् बेजोड बनाउने शिल्पकार र कालिगढहरूलाई स्मरण गर्न चाहन्छु।

यस गुम्बाको स्थापनाले यो क्षेत्र मात्र नभई अन्य भूगोलमा समेत बसोबास गर्नेहरूलाई बुद्ध धर्मको संरक्षण, सम्बर्द्धन र प्रचारप्रसारमा सहयोग गरेको छ भन्ने विश्वास लिएको छु। यहाँ वार्षिक प्रचलनमा रहेका नृत्येश्वर महाकरुणाको साधनामा आधारित धार्मिक नृत्य, मनिरिम्दु साधना आदिले बौद्ध परम्परा, मान्यता र संस्कृतिलाई अक्षुण्ण राख्न सफल हुनु उच्च प्रशंसनीय कार्य हो।

नेपालको सोलखुम्बु जिल्लाको फाप्लु नजिकै रहेको चट्टानी पहाडमा अवस्थित यो गुम्बाको रमणीयता र आध्यात्मिक महत्वले शान्ति एवम् आत्मनिरीक्षण खोज्नेहरूका लागि एउटा महत्वपूर्ण धार्मिक स्थलको रूपमा यो विकसित हुनु सिंगो नेपालीहरूलाई गौरवान्वित तुल्याउने पवित्र कार्य पनि हो। विनय पिटक अन्तर्गत शील आचरण कायम गर्नमा महत्वपूर्ण सहयोग गर्ने यो गुम्बाले कडा अनुशासनको पाठ सिकाइ रहेकै हुनुपर्छ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, सम्पूर्ण भक्तजनहरू एकताबद्ध भई सामूहिक प्रार्थना तथा कर्मफल सिद्धान्तको सही पालना गर्दै कुशलकर्म तर्फ उन्मुख हुन र गुम्बाका धर्मगुरुहरूको असल मन, वचन र कर्मलाई अनुशरण गर्दै सम्पूर्ण देशवासीलाई समाज र मुलुकको हित एवं कल्याणमा लाग्न यसले प्रेरित गर्न सकोस्। चिवाङ गुम्बाको सतवार्षिकी (१००औं वार्षिकोत्सव) मा प्रकाशित हुने स्मारिकामा समावेश गरिएका महत्वपूर्ण विषयवस्तुहरूले यस गुम्बाबारे ऐतिहासिक र महत्वपूर्ण जानकारी तथा सन्देश विद्वत् पाठकवर्ग समक्ष सम्प्रेषण गर्न सफल हुने नै छ भन्ने विश्वासका साथ फेरी पनि हार्दिक बधाई तथा गुम्बाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

३० असोज २०८० मंगलबार

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

विजयादशमी, २०८० को शुभकामना सन्देश

विजयादशमी २०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, उत्तरोत्तर प्रगति, दीर्घायु र सु-स्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधानले गणतन्त्र, संघीयता, समानता, समावेशिता, धर्मनिरपेक्षता र कानुनी राज्यलाई अंगीकार गरेको छ । हाम्रो गणतान्त्रिक संवैधानिक व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई परस्पर जोड्ने काम गरेको छ । भूगोल, क्षेत्र, वर्ग र समुदाय अनुसार बडादशैं, दशहरा, दुर्गापूजा, नवरात्री आदि नामले मनाइने विजयादशमी पर्व अधर्ममाथि धर्म, असत्यमाथि असल एवम् असत्यमाथि सत्यको जीतका रूपमा परापूर्वकालदेखि हिन्दूहरूले मनाउँदै आएको महान चाड हो । आ-आफ्नो मौलिक चलन, परम्परा, रीतिरिवाज, विधि-विधान, अनुष्ठान र संस्कृति अनुसार एकीकृत भई संयुक्त र सामूहिक रूपमा यो चाड मनाइनुले हाम्रो विविधतायुक्त संस्कृति र पहिचानलाई अक्षुण्ण राख्न सहयोग पुगेको छ । हाम्रो सामाजिक विविधताभित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबुत बनाउन विजयादशमी पर्वले योगदान पुर्ने विश्वास व्यक्त गर्दछु । आपसी रिस, राग, वैमनस्यता, उच्छृङ्खलता, द्वन्द्व, द्वेषलाई बिर्सेर परस्पर खुशी, सद्भावका साथ यो पर्व मनाउन सबैलाई उत्प्रेरित गर्न चाहन्छु ।

धार्मिक, सांस्कृतिक र सामाजिक महत्व बोकेको विजयादशमीले हामीलाई अहंकार, लोभ, मोह, क्रोध जस्ता कुराबाट टाढा रहन पनि प्रेरणा दिन्छ । यसले साम्प्रदायिक-एकता, धार्मिक-समन्वय, सामाजिक-समानताको भावलाई जीवन्त राख्न सहयोग गर्दै समाज र राष्ट्रको एकता, समृद्धि, प्रेम, आपसी एकता, मेलमिलापका लागि उत्प्रेरित गर्दै आएको छ । हाम्रा चाडपर्वहरूको विशेषता अनेकौं जन्म-कालदेखि नै यसमा कायम रहेको पवित्रता र शालिनताको भावनालाई बचाएर राख्नु पनि हो । कुनै क्षेत्र र भूगोलमा विशेष रूपमा मनाइने स्थानीय, क्षेत्रीय वा राष्ट्रिय चाडपर्वहरू अखण्ड राष्ट्र तथा राष्ट्रियताका लागि अवश्यमेव श्रद्धा र विश्वास, नैतिकता र शिष्टताका परिचायक हुन् । यसले समाजमा विद्यमान सबैखाले द्वन्द्व, राग, मनोमालिन्यता, कलुषिता र हीनताको भावनालाई समाप्त पार्दै विशो मानवभित्र सच्चाई, निष्कपटता तथा आत्मविश्वासको उत्पत्ति र श्रेष्ठ भावनालाई पनि जन्म दिन्छ ।

मानवीय मूल्यहरू र मानवीय आदर्शहरूलाई स्थापित गर्ने हाम्रो मुलुकमा चाडपर्वहरूको एउटा शृङ्खला नै छ । त्यसैले त एउटा पर्व सकिने बित्तिकै अर्को आइपुग्छ । यसको अर्थ हामी वर्षभरी नै विभिन्न चाडपर्वहरूको मधुर मिलनसँग जोडिएकै हुन्छौं । हाम्रा पर्वहरूले विभिन्न जातजाति, सम्प्रदाय, वर्ग, समुदाय तथा समाजको मौलिक संस्कृति र रहनसहनलाई संवर्द्धन र संरक्षण गर्दै जातीय, धार्मिक एवं सांस्कृतिक विविधतालाई आपसी सद्भाव, सहिष्णुता, मेलमिलाप र भाइचारा अभिवृद्धिमा टेवा पुग्ने गर्दछ । 'विविधतामा एकता' को सन्देश सञ्चार गर्ने हाम्रा चाडबाडहरूको सारतत्व एवम् उद्देश्य समाज र देशमा सामाजिक एकता, धार्मिक सहिष्णुता, परस्पर विश्वास, सहयोग, मैत्रीभाव, भाइचारा, मेलमिलाप, आदर, सम्मान र सद्भाव कायम गर्नु नै हो । विजयादशमीले बोकेको पवित्र भावना र भावहरूलाई हामीले जीवन्त बनाउँदै भावी पुस्ताहरूमा हस्तान्तरण गर्दै अघि बढ्न जरुरी छ ।

अन्त्यमा, विजयादशमी हामीबीच सामूहिकता र एकतालाई बढावा दिनुका साथै व्यक्तिको मन, वचन र कर्ममा पवित्रता एवम् शुद्धताको सञ्चार गर्ने भावनाहरूले अभिप्रेरित छ । व्यक्तिमा असल संस्कार, व्यवहार र सामाजिकताको पृष्ठपोषण गर्नमा पनि यसले सघाउँदछ । देशलाई एकताको सूत्रमा बाँधे राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र राष्ट्रियतालाई बलियो बनाउँदै मुलुकलाई समृद्धितर्फ उन्मुख गराउन विजयादशमीले सम्पूर्ण नेपालीलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८० कात्तिक ३ गते शुक्रबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

फाल्गुनन्द जयन्ती, २०८० को शुभकामना सन्देश

किरात धर्म र संस्कृतिको मौलिक पहिचानको संरक्षणमा जोड दिँदै समाज सुधारको अभियानमा जीवनभर अहोरात्र समर्पित एवम् सक्रिय रहनु भएका किरात धर्मावलम्बीहरूको महागुरु फाल्गुनन्दको जन्म जयन्तीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण किरात धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

फाल्गुनन्द किरात समुदायका धर्मगुरु भए पनि सबै समुदायले उहाँप्रति समान श्रद्धा र आस्थाका साथ उहाँको जन्म जयन्ती भव्यताका साथ मनाउने गर्दछन् । उहाँले किरात धर्म, दर्शन र संस्कृतिको पुनःजागरणका क्रममा कुम्भकर्ण हिमशृङ्खलालाई किरात धर्मावलम्बीको तीर्थस्थल र मुक्तिभूमिका रूपमा पहिचान गराउनु भएको थियो । उहाँले तयार पार्नुभएको 'सत्यधर्म मुचुल्का' आज पनि उत्तिकै सान्दर्भिक छन् । उक्त सत्यधर्म मुचुल्कामा छोरीको विवाह गर्दा मोल-रीत (पैसा लिन नहुने), भगवानको पूजा गर्दा जीव हत्या गर्न नहुने, मद्यपान तथा मासु सेवन नगर्ने, मृत्यु संस्कार तीन दिनमा सम्पन्न गर्नेजस्ता समाज सुधारका महत्वपूर्ण सामाजिक एवम् सांस्कृतिक पक्षहरू समेटिएका छन्, जुन किरात धर्मावलम्बीहरूका लागि मात्र नभई सबै धर्म, सम्प्रदाय, जाति, समुदाय र समाजका लागि उत्तिकै अनुकरणीय र अनुसरणीय छन् ।

हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई परस्पर जोड्ने काम गरेको छ । फाल्गुनन्दको उच्च आदर्श, सद् विचार, पवित्र उद्देश्य र उहाँले अवलम्बन गर्नुभएको सत्मार्ग किरात धर्म र संस्कृतिका लागि मात्रै नभई सिंगो नेपाली समाज र अन्य धर्मावलम्बीहरूका लागि पनि उत्तिकै मार्गदर्शन गर्ने महत्वपूर्ण पक्षहरू हुन् । उहाँका प्रेरणादायी उपदेश र मार्गदर्शनमा आ-आफ्नो संस्कृति र परम्परा मनाउने नाममा पछिल्लो समय नेपाली समाजमा विकास हुँदै गएको महङ्गाउन्मोन्मुख, आडम्बर र महङ्गा कुसंस्कृतिलाई मितव्ययी एवम् संयमित बनाउन सहयोग पुग्ने भएकाले हामी सम्पूर्णले त्यसको परिपालना र अनुसरण गर्न अति जरुरी छ । यसले हाम्रो मुलुकमा परापूर्वकालदेखि कायम रहेको धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधतालाई जीवन्त राख्दै समाजमा जातिय, क्षेत्रिय, वर्गीय र धार्मिक सहिष्णुता, सद्भाव, भाइचारा, मेलमिलाप, सदाचार, मैत्रीभाव, बन्धुत्वभावको प्रादुर्भाव भई हाम्रो राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई थप सुदृढ र सबल बनाउन सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, राष्ट्रिय विभूति फाल्गुनन्दको पावन जन्मजयन्ती अवसरमा हामी सम्पूर्ण नेपालीलाई देश र समाजमा सदाचार, सद्भाव, सहिष्णुता र एकता कायम गर्दै मुलुकको विकासको महाअभियानमा जुट्ने उत्प्रेरणा प्राप्त होस् भन्ने कामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८० कात्तिक २५ गते शनिबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

तिहार (दीपावली), २०८० को शुभकामना सन्देश

तिहार पर्व (शुभ दीपावली), २०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, उत्तरोत्तर प्रगति, दीर्घायु र सु-स्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

अत्यन्तै हर्षोल्लासका साथ मनाइने दीपावली नेपालमै दोस्रो ठूलो महान पर्व हो। प्रकाशमय यो पर्वको आध्यात्मिक सन्देश मनैको अन्धकारमाथि प्रकाश शक्ति र अज्ञानतामाथि ज्ञान शक्तिको विजयलाई दर्शाउनु हो। यो पर्वमा देवी लक्ष्मीको पूजाआराधना गरे धन, समृद्धि र सफलता प्राप्त हुने एवम् दरिद्रताको नाश हुने जनविश्वास रही आएको छ। यो पर्व अन्तर्गत धनतेरस, नरकचतुर्दशी, कागतिहार, कुकुरतिहार, लक्ष्मी पूजा, गाई पूजा, गोवर्धन पूजा, म्ह पूजा र भाइटीका (भातृ द्वितीया) पर्दछन्।

यो पर्व मनाउने तयारी केही महिनाअघिदेखि घर, दलान र कार्यस्थलहरू सफासुग्घर गर्दै शुरू हुन्छ। यसैले यो पर्वको अवसरमा आ-आफ्नो घरआँगन सजाउन रंगीचङ्गी फूल, रंगोली र झिलीमिली बत्तीहरूको प्रयोग गरिन्छ। कुकुर, काग, गाई, गोरुको पूजा गर्ने, लक्ष्मी पूजा गर्ने, देउसीभैलो खेल्ने, हुक्का लोली (मुक्कापाति) खेल्ने, जुवातासी खेल्ने र कुनै प्रतियोगिता गर्ने, दाजुभाइ-दिदीबहिनीबीचको सम्बन्धलाई बलियो बनाउन भाइटीका (भातृ द्वितीया) मनाउने, मिठाई बाँड्ने, एकअर्कालाई शुभ दीपावलीको शुभकामना आदानप्रदान गर्ने परम्परा परापूर्वकालदेखि रही आएको छ।

दीपावली हाम्रो सामाजिक, सांस्कृतिक र धार्मिक परम्परालाई अक्षुण्ण राख्ने मौलिक संस्कृतिको महत्वपूर्ण पाटो हो। यस अवसरमा बालिने प्रकाशले हाम्रा सबै खराब आचरण, व्यवहार, विचारलाई त्याग्न उत्प्रेरित गर्नु पनि हो। यसले वातावरणको अन्धकारे पक्षलाई निराशावादी हिँडे व्यक्तिलाई स्वच्छ र नैतिकवान बन्ने सन्देश पनि दिने गर्दछ।

हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-भेषभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई परस्पर जोड्ने काम गरेको छ। भूगोल, क्षेत्र, वर्ग र समुदाय अनुसार लक्ष्मी पूजा, दीपावली, तिहार, सुखराती, दियावाली आदि नामले मनाइने तिहार पर्व मूलतः धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गर्दै परापूर्वकालदेखि हिन्दूहरूले मनाउँदै आएको महान पर्व हो। आ-आफ्नो मौलिक चलन, परम्परा, रीतिरिवाज, विधि-विधान, अनुष्ठान र संस्कृति अनुसार एकिकृत भई संयुक्त र सामूहिक रूपमा यो पर्व मनाउनुले हाम्रो विविधतामूलक संस्कृति र पहिचानलाई जीवन्त राख्न सहयोग पुगेको छ। हाम्रो सामाजिक विविधताभित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबुत र सबल बनाउन तिहार पर्वले योगदान पुग्ने विश्वास व्यक्त गर्दछु। आपसी रिस, राग, वैमनस्यता, उच्छृङ्खलता, द्वन्द्व, द्वेषलाई बिर्सेर परस्पर खुशी, सद्भावका साथ यो पर्व मनाउन सबैलाई उत्प्रेरित गर्न सकोस्।

'विविधतामा एकता' को सन्देश संचार गर्ने हाम्रा चाडपर्वहरूको सारतत्व एवम् उद्देश्य समाज र देशमा सामाजिक एकता, धार्मिक सहिष्णुता, परस्पर विश्वास, सहयोग, मैत्रीभाव, भाइचारा, मेलमिलाप, आदर, सम्मान र सद्भाव कायम गर्नु नै हो। तिहार पर्वले बोकेको पवित्र भावना र चाहनालाई हामीले जीवन्त बनाउँदै भावी पुस्ताहरूमा हस्तान्तरण गर्दै अघि बढ्न सक्नेछौं।

अन्त्यमा, तिहार पर्व हामीबीच सामूहिकता र एकतालाई प्रवाहित गर्दै व्यक्तिको मन, वचन र कर्ममा पवित्रता एवम् शुद्धताको संचार गर्ने भावनाहरूले अभिप्रेरित छ। व्यक्तिमा असल संस्कार, व्यवहार र सामाजिकताको पृष्ठपोषण गर्नमा पनि यसले सघाउँदछ। देशलाई एकताको सूत्रमा बाँधी राष्ट्रिय एकता, अखण्डता, सार्वभौमसत्ता र राष्ट्रियतालाई बलियो बनाउँदै मुलुकलाई समृद्धितर्फ उन्मुख गराउन तिहारले सम्पूर्ण नेपालीलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८० कार्तिक २५ गते आइतबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

नेपाल संवत् ११४४ को शुभकामना सन्देश

नेपालको मौलिक नेपाल संवत् ११४४ प्रारम्भ भएको सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

राष्ट्रिय विभूति शंखधर साख्वाद्वारा प्रवर्धन गरिएको नेपालको यो राष्ट्रिय संवत् चन्द्रमास गणना गरी तय गर्ने प्रचलन छ। कार्तिक शुक्लपक्ष प्रतिपदाबाट शुरु हुने यो संवत्को पहिलो दिन काठमाडौं उपत्यकामा नयाँ बही खाताको सुरुवात गर्ने परम्परा रही आएको छ। शंखधरले काठमाडौं उपत्यकाका किसान तथा गरीब जनतालाई ऋण एवम् दासत्वबाट मुक्त गराई स्वाभिमान र स्वतन्त्रतापूर्वक बाँच्न पाउने अवस्था सिर्जना गर्नु भएकोमा उहाँप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँलाई हृदयदेखि नै स्मरण गर्न चाहन्छु। साथै, नेपाल र नेपाली समाजमा शान्ति स्थापना, नेपाली जनताको स्वतन्त्रता र स्वाभिमान बढाउन उहाँले गर्नुभएको अतुलनीय योगदानको प्रशंसा पनि गर्दछु।

नेपाल संवत्ले सम्पूर्ण नेपालीमा सहिष्णुता, मेलमिलाप, भाइचारा, मैत्री भाव, अपनत्व भाव र आपसी सद्भाव बढाउन सहयोग पुग्ने विश्वास लिएको छु। 'विविधतामा एकता' हाम्रो मौलिक संस्कृति र पहिचान हो। यसले राष्ट्रिय एकता, भौगोलिक अखण्डता र सार्वभौमसत्तालाई थप प्रगाढ, बलियो र सबल बनाउँदै हामीलाई एकताबद्ध भई मुलुकको विकासको महाअभियानमा दत्तचित्त र एकाग्रताका साथ अघि बढ्न प्रेरणा प्रदान गरोस्।

अन्त्यमा, राष्ट्रिय विभूति शंखधरले निस्वार्थ, लोककल्याणकारी र परोपकारी भावले समाजको हित, समृद्धि, उन्नति तथा प्रगतिका लागि पुर्‍याउनु भएको योगदानको हामीले उच्च कदर गर्न सक्नु पर्दछ। उहाँले अवलम्बन गर्नुभएको सत्कर्म, सत्मार्ग र सत्यनिष्ठालाई अनुकरण र अनुसरण गर्न नेपाल संवत् ११४४ ले हामी सम्पूर्ण देशवासीलाई उत्प्रेरित गर्ने विश्वासका साथ पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८० कार्तिक २८ गते मंगलबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

शुभकामना

मधेश प्रदेशको धनुषा जिल्ला, कमला नगरपालिका-६ स्थित कमला नदीको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, भौगोलिक एवम् पौराणिक महत्वलाई जीवन्त राख्न पाँच वर्षदेखि सक्रिय **कमला जलाधार संरक्षण अभियान** (कमला बचाऊ अभियान) नामक संस्थाले कमला नदीबारे विभिन्न जानकारी र नदी संरक्षणका लागि विगतमा गरेका गतिविधि एवम् भावी योजनाहरू समेटेर **कमला बचाऊ अभियान स्मारिका-२०८०** प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ, यसका लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

कमला नदी वरपर बसोबास गर्ने मधेशका बहुसंख्यक किसानलाई सिँचाइका लागि पानी तथा भौतिक पूर्वाधार निर्माणमा आवश्यक पर्ने बालुवा, गिट्टी र ढुंगा जस्ता नदीजन्य सामग्रीहरूको मुख्य स्रोत भएकाले यसको समुचित प्रयोग गर्दै नदीको अत्याधिक दोहन रोक्न जरुरी छ।

मूल जनभावनाबाट अभिप्रेरित भई स्वस्फूर्त रूपमा कमला नदी संरक्षणको अभियानमा एउटा अभियानकै रुप दिने यो संस्थासहित यस पुनित कार्यमा सक्रिय रहनुभएका सम्पूर्ण महानुभाव, स्थानीय नागरिक समाज तथा सहयोगी हातहरूको उच्च प्रशंसा गर्न चाहन्छु। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति सम्माननीय डा. रामवरण यादव ज्यूको सद्प्रेरणाबाट राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको आवश्यकता महसुस गर्दै उहाँकै महत्वपूर्ण सोचबाट प्रेरित भई कमला बचाऔं, पर्यावरण जोगाऔं, भूमि बन्जर हुनबाट बचाऔं, चुरे बनको माटो पुर्नलाई, सफा पानी सबैलाई आदि मूल नाराका साथ सञ्चालनमा रहेको अभियानले कमला नदीको महत्वलाई उजागर गर्दै सबैको ध्यानाकृष्ट गर्न सफल भएकै हुनुपर्दछ भन्ने विश्वास लिएको छु।

कमला नदीको संरक्षण र बचाऊ अभियानले नदीको संरक्षण मात्र गरेको छैन, नदी र जलाधार क्षेत्रको महत्व बारे जन-जनमा अतुलनीय चेतना र उत्प्रेरणा जगाउँदै पर्यावरण संरक्षणमा पनि उत्तिकै सहयोग पुगेको छ। त्यसका लागि यो अभियानको नेतृत्व गर्ने व्यक्तित्व, संघसंस्था र स्थानीयवासीसहित सम्पूर्ण अभियानीलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यो अभियानलाई थप परिस्कृत गर्दै यस क्षेत्रका बहुसंख्यक नागरिकलाई यसमा सहभागि र सक्रिय बनाउन अति आवश्यक छ।

अन्त्यमा, अभियान पाँचौं वर्षमा प्रवेश गरेको अवसरमा प्रकाशित हुने स्मारिकामा समावेश गरिएका महत्वपूर्ण विषयवस्तुहरूले कमला नदीको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक र भौगोलिक जानकारी तथा उत्प्रेरणा जगाउने सन्देशहरू विज्ञ एवम् विद्वान पाठकवर्ग समक्ष सम्प्रेषण गर्न सफल हुने नै छ भन्ने विश्वासका साथ पुनः हार्दिक बधाई दिँदै यो अभियान र संस्था आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिमा अविछिन्न र अनवरत रूपमा अघि बढ्न सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८० कार्तिक ३० गते बिहीबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

छठ पर्व, २०८० को शुभकामना सन्देश

सूर्यदेवको पूजा, उपासना र आराधना गरी चार दिनसम्म मनाइने छठ पर्व, २०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, उत्तरोत्तर प्रगति र सु-स्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

यो महापर्वलाई प्राकृतिकसँग प्रेमको प्रतीकका रूपमा लिइन्छ। यस पर्वमा यो मौसममा उपलब्ध हुने सबैखाले नयाँ अन्न, फलफूल, कन्दमूलहरु प्रसादका रूपमा प्रयोग गरिन्छ। धार्मिक मात्रै होइन जातिय सद्भावलाई सबल र प्रगाढ बनाउने यो पर्वमा ठूलासानो भन्ने हुँदैन। यो पर्वमा प्रसादहरू राख्न डोम समुदायले बनाएको बाँसको डाला, सुपा, डाँकी आदिको प्रयोग गरिन्छ भने माली समुदायले बनाएको फूल, कुम्हाले समुदायले बनाएको माटोको दीयो, कलश, ढकनी आदिको उपयोग गरिन्छ। छठ पर्वमा महिलाको आँचलमा नटुवा समेत नचाउने परम्परा छ।

यो पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यदेवको पूजाआराधना गर्ने मौलिक चलन रही आएको छ। पृथ्वीमा जीवनको स्रोतका रूपमा सूर्यलाई देउता मानेर यस प्रकारको अनुष्ठान गर्ने मान्यता छ। यो पर्वको उद्देश्य पृथ्वीलाई ऊर्जा प्रदान गर्ने र जीवन प्रदान गर्ने सूर्यदेवलाई धन्यवाद अर्पण गर्ने पनि हो। मानिसलाई पृथ्वीमा बसोबास गर्नका लागि उपयुक्त वातावरण उपलब्ध होस् भन्ने कामना पनि यसमा निहित रहेको मानिन्छ।

व्रतालु र श्रद्धालुहरूले यो अवसरमा सूर्यदेवसँगै 'छठी मैया' को पनि पूजा गर्दछन्। छठी मैयालाई सूर्यदेवको पत्नीको रूपमा मानिन्छ, जसलाई सन्तानको रक्षा, सुदीर्घ, सुस्वास्थ्य प्रदान गर्ने देवीको नामले पूजाआराधना गर्ने ऐतिहासिक र पौराणिक मान्यता छ। यो पर्वमा श्रद्धालुहरु नदी, तलाउ, पोखरीलगायतको जलाशयहरू सरसफाई गरी निर्माण गरेको पवित्र घाटमा खानी कुट्टा एकत्रित भई आ-आफ्नो घरमा बनाइएको मौलिक प्रसादहरु ठेकुवा, पिरकिया, खजुरिया, भुसुवा र फलफूलसहितको प्रसाद सूर्य भगवान र छठी मैयालाई अर्पित गर्छन्।

छठ पर्व मुख्यतः ४ दिनमा नहाय-खाय, खरना, अस्ताउँदो सूर्यलाई अर्घ्य र उदाउँदो सूर्यलाई अर्घ्य र पूजाआराधना गरी सम्पन्न हुन्छ। पहिलो दिन नहाय-खाय अनुष्ठान गरिन्छ। यो दिन व्रतालुहरू नुहाएर नयाँ कपडा लगाउने र पवित्र मनले खाना पकाएर खाने चलन छ। दोस्रो दिन खरना अनुष्ठान गरिन्छ। यो दिन व्रतालुहरू उपवास बसी साँझ पख सूर्यदेवको पूजा गर्दै छठ पर्वको विधि-विधानपछि प्रसादका रूपमा खीर पकाएर ग्रहण गर्दछन्। तेस्रो दिन निर्जला बसेको व्रतालुहरूले साँझ अस्ताउँदो सूर्यलाई नदी, तलाउ, पोखरीलगायतका जलाशयमा झकिझकाउ बनाइएको घाटमा पुगेर अर्घ्य दिने परम्परा छ। छठ पर्वको अन्तिम चौथो दिन बिहानै पुनः जलाशयहरूमा निर्मित पवित्र घाटमा पुगेर उदाउँदो सूर्यलाई अर्घ्य र पूजाआराधना गर्दै छठ पूजाको पूर्णाहुति गरेपछि प्रसाद वितरण गरिन्छ।

परिवारका कुनै सदस्यले एक पटक छठ पर्वको व्रत शुरु गरी सकेपछि उसले नै हरेक वर्ष व्रत बस्नु पर्ने मान्यता रही आएको छ। यसले नयाँ पिढीहरुलाई छठ पर्व अनिवार्य कर्तव्य बन्न पुग्दछ। यसरी पुस्तान्तर हुँदै यो पर्व नयाँ पिढीहरुमा हस्तान्तरण हुँदै जान्छ। हाम्रो सामाजिक, सांस्कृतिक र धार्मिक परम्परालाई अक्षुण्ण राख्ने मौलिक छठ पर्वले हाम्रा सबै खराब आचरण, व्यवहार, विचारलाई त्याग्न उत्प्रेरित गरोस्।

अन्त्यमा, छठ पर्व हामीबीच सामूहिकता र एकतालाई महत्व दिनुका साथै व्यक्तिको मन, वचन र कर्ममा पवित्रता एवम् शुद्धताको संचार गर्ने भावनाहरूले अभिप्रेरित छ। देशलाई एकताको सूत्रमा बाँधै राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता र राष्ट्रियतालाई बलियो बनाउँदै मुलुकलाई समृद्धितर्फ उन्मुख गराउन छठ पर्वले सम्पूर्ण नेपालीलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८० मंसिर १ गते शुक्रबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, शीतल निवास
काठमाडौं, नेपाल

गुरुनानक जयन्ती, २०८० को शुभकामना सन्देश

प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमाका दिन शिख धर्मावलम्बीले मनाउने गुरुनानक जयन्तीका अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण शिख समुदायमा सुख, शान्ति र सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

गुरुनानक जयन्ती गुरु पर्व, प्रकाश पर्व, गुरु पूरबको रुपमा समेत मनाइन्छ । गुरुनानक देवको जन्म भएको दिनमा उहाँको सम्झनामा शिख धर्मावलम्बीले गुरुद्वारामा अत्यन्तै श्रद्धा र भक्ति भावले कीर्तन गर्ने, दीप प्रज्वलित गर्ने लगायतका कार्यक्रमहरुको आयोजना गरी मनाउँदछन् ।

गुरुनानकले सम्पूर्ण मानवलाई आफैंभित्र ईश्वर खोज्न, परिश्रम गर्न र अन्न बाँडेर ग्रहण गर्न दिनुभएको सन्देश आज पनि उत्तिकै सान्दर्भिक र महत्वपूर्ण छन् । गुरुनानक जयन्तीका पावन अवसरमा शिख समुदायहरुले गुरुद्वाराहरुमा आफ्नो पवित्र धार्मिक ग्रन्थ 'गुरु ग्रन्थ साहिब' पढ्ने परम्परा छ । यो दिन गुरुद्वारामा कीर्तन गर्ने, दीप प्रज्वलित गर्ने र दिउँसोको खाना त्यही पकाएर पंक्तिबद्ध भई सबैले प्रसादका रुपमा ग्रहण गर्ने गर्दछन्, जसलाई 'लंगर' पनि भनिन्छ ।

गुरुनानकले आफ्नो यात्राका क्रममा धुपी भजन र गीत रचेर मानव मात्रको कल्याण गर्ने जीवन सूत्रहरु दिनुभएको छ । उहाँले धर्म समानता र प्रेमको प्रचार गर्दै 'एक ओमकारा', 'एक सतनाम' अर्थात् सबैका लागि ईश्वर एउटै भएको बताउनु भएको थियो । समाज र देशमा विद्यमान सबैखाले विकृति, विसंगती, विभेदको अन्त्य गर्दै समतामूलक शान्त, सौम्य, सभ्य र सुसंस्कृत समाजको निर्माणमा दत्तचित्त भई लाग्न गुरुनानक जयन्तीबाट प्रेरणा प्राप्त हुने पूर्ण विश्वास लिएको छु ।

अन्त्यमा, शिख समुदायका महान पर्व गुरुनानक जयन्तीको पावन अवसरलाई उहाँले दिनुभएको साम्प्रदायिक एकता, सत्यता, सहिष्णुता, भाइचारा, शान्ति, सद्भावना, आपसी मेलमिलाप र भ्रातृत्वको सन्देश सबैले आत्मसात गर्दै पवित्र मन, वचन र कर्मले देश विकासको महाअभियानमा लाग्न उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८० मंसिर ११ गते सोमबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, शीतल निवास
काठमाडौं, नेपाल

अन्तर्राष्ट्रिय मानवअधिकार दिवस,२०८० को शुभकामना सन्देश

संयुक्त राष्ट्रसंघको महासभाबाट मानवअधिकारको विश्वव्यापी घोषणापत्र (यूडीएचआर) जारी भएको दिनको सम्झनामा प्रत्येक वर्ष डिसेम्बर १० मा मनाइने गरेको अन्तर्राष्ट्रिय मानवअधिकार दिवस, २०८० को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

[illegible]

धन्यवाद ।
२०८० मंसिर २४ गते आइतबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

विवाह पञ्चमी,२०८० को शुभकामना सन्देश

हरेक वर्षको मंसिर शुक्लपक्ष पञ्चमी तिथिमा मनाइने विवाह पञ्चमी, २०८० को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धार्मिक मान्यता अनुसार यसै तिथिमा भगवान राम र जनक नन्दनी सीताको शुभ विवाह भएको तिथि । सनातन धर्ममा विवाह पञ्चमीको ठूलो महत्व छ । यस अवसरमा रामजानकी मन्दिरहरूमा भव्य कार्यक्रमहरूको आयोजना हुनुको साथै माता सीता र श्रीराम भगवानको पूजा-उपासना गर्ने परम्परा रही आएको छ । खासगरी, मधेश प्रदेशको राजधानी जनकपुरधाम स्वदेश र विदेशका श्रद्धालु भक्तजन र धार्मिक पर्यटकहरूले खचाखच भरिएको हुन्छ । यो अवसरमा सीता-राम स्तुति, कथावाचन, प्रवचन, धार्मिक झाँकी, प्राचीन सीताकालीन जातिको आयोजना हुने गर्दछ । यी ऐतिहासिक, सांस्कृतिक, धार्मिक र मौलिक अनुष्ठानहरूले हिन्दी मानव जीवनलाई सत्यनिष्ठा,प्रेम,स्नेह,सहिष्णुता, मेलमिलाप, मैत्रीभाव, कुटुम्बभाव, भाइचारा आदिको सकारात्मक सञ्चार गर्ने गरेको विश्वास लिएको छु ।

विवाह पञ्चमी वैवाहिक-धार्मिक महोत्सव पनि हो । जीवन पद्धतिमा पारिवारिक र सामाजिक जीवनलाई सहज र सुव्यवस्थित बनाउनका लागि विवाह-संस्कार अत्यन्त महत्वपूर्ण र सर्वश्रेष्ठ मानिन्छ । जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउने यो संस्कार दुई परिवारहरूलाई जोडेर एक नयाँ परिवार प्रारम्भ गराउने संस्कार पनि हो । दुई भिन्न संस्कारहरू र परिवेशमा हुर्के-बढेका युवायुवतीहरूलाई सँगै हिड्न सकिने सिप यसले सहयोग गर्दछ ।

व्यक्तिको जीवनको यति महत्वपूर्ण उत्सव समाजको सहयोग बिना सम्पन्न हुन सक्दैन । यसमा समाजलाई साक्षी मात्र बनाइँदैन, सहभागी बनाउन पनि उत्तिकै जरुरी हुन्छ । विवाह-संस्कारमा समाज साक्षी बन्छ, सहयोग गर्छ, ताकि वैवाहिक गाँठो कहिल्यै नखुकोस् र दाम्पत्य जीवनको नयाँ एकाईको निर्माण गर्दै समाजको शोभा बढोस् ।

त्रेता युगमा भएको भगवान राम-सीताको विवाहको झल्झल्को दिने गरी सम्पन्न रहने जनकपुरधाममा प्रतिकात्मक राम-सीताको विवाह गराउने परम्परा छ । यसका लागि भारतको अयोध्याबाट विवाह पञ्चमी भन्दा एक दिनअघिदेखि भारतीय सन्त महन्तहरूसहितको श्रद्धालु भक्तजनहरूको जन्ती जनकपुरधाम पुग्ने पौराणिक रीतिरिवाज छ । यसले नेपाल र भारतबीचको ऐतिहासिक, रोटीबेटी, सांस्कृतिक र धार्मिक सम्बन्धलाई थप प्रगाढ, सुदृढ र बलियो बनाउँदछ ।

परम्परागत रूपमा मनाइने विवाह पञ्चमी महोत्सव राम-सीताको प्रतिमा र झाँकीसहित 'नगरदर्शन' बाट शुरु भई 'फुलवारी लिला', 'धनुष यज्ञ', 'तिलकोत्सव', 'मटकोर', 'राम-सीताको स्वयम्बर-विवाह' अनुष्ठान गर्दै अन्तिम दिन 'रामकलेवा' गरी सम्पन्न हुन्छ । यो शुभ अवसरमा सीता र रामको विशेष पूजा गर्दा परिवार, समाज र देशमा सुख, शान्ति र समृद्धि प्राप्त हुने जनविश्वास रही आएको छ ।

आ-आफ्नो आस्था र विश्वास अनुसार धर्म, संस्कृति, रीतिरिवाज र परम्परा मनाउनु पर्छ । तर, यसैको नाममा पछिल्लो समय शुरु भएको विभिन्न आडम्बर, तडकभडक, देखासिकी, विकृति र विसंगतिलाई परित्याग गर्न सक्नुपर्दछ । साथै धुमधाम मनाइने महंगा पश्चात्‌ ठूलो परिणामको अनावश्यक खर्च बनाउने जस्ता आयातित र महँगा संस्कृतिले विवाह पञ्चमीको मौलिकता ओझेलमा पर्न सक्छ । यसैगरी, विवाह पञ्चमीलाई महोत्सवका रूपमा मनाउँदै गर्दा यो दिन वैवाहिक सम्बन्ध कायम गर्न राम्रो हुने मान्यतालाई पछिल्लो समय बाल विवाहलाई बढावा दिने गरेको पाइन्छ । यसतर्फ सबै सचेत र सावधान हुन अति जरुरी छ ।

अन्त्यमा, विवाह पञ्चमीले समाज र देशमा धार्मिक, सांस्कृतिक र सामाजिक एकता, सहिष्णुता, भाइचारा र मैत्रीभाव कायम गर्न सबैलाई उत्प्रेरित गर्न सकोस् भन्ने कामनासहित सम्पूर्ण श्रद्धालु भक्तजनहरूमा पुन: हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८० पुस १ गते आइतबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

क्रिसमस डे ,२०८० को शुभकामना सन्देश

ईसाई धर्मावलम्बीहरूले ईसा मसीहको जन्म भएको दिनका रूपमा हरेक वर्षको डिसेम्बर २५ मा नेपाललगायत विश्वभर मनाइने क्रिसमस डे, २०८० को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण ईसाई धर्मावलम्बी, नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ईसा मसीह परमेश्वरका पुत्र रहेको मान्यता ईसाई धर्मावलम्बीहरूमा रहेको पाइन्छ । रोमन क्याथोलिक चर्चले ईशुको जन्मदिनको रूपमा मनाउन यो दिनलाई चुनेको जनविश्वास रही आएको छ । ईसाई धर्मावलम्बीहरूका अनुसार मानव जातिको रक्षार्थ प्रभु ईसुलाई पृथ्वीमा पठाएको मान्यता पनि छ । पछिल्लो समय 'क्रिसमस डे' अन्य धर्मावलम्बीहरूले पनि धुमधामका साथ मनाउन थालेका छन् । सबै सर्व-धर्म र सर्व-सम्प्रदायको आस्था, परम्परा र मान्यताहरूलाई सम्मान गर्ने हाम्रो मौलिक पहिचानलाई जीवन्त राख्न सहयोग पुगेको विश्वास लिएको छु । यस अवसरमा पारिवारिक सदस्यहरूलाई सान्ता क्लजद्वारा 'क्रिसमस डे' को शुभकामना उपहार बाँड्ने परम्परा छ । मित्र र आफन्तजनहरूलाई सुन्दर ग्रिटिङ कार्ड पठाउने, मिठाई एवम् चकलेट बाँडेर खुशी साटासाट पनि गरिन्छ । क्रिसमस डे' का अवसरमा ईसाई धर्मावलम्बीहरूले आ-आफ्नो घरहरूलाई विद्युतीय झिलीमिली बत्ती, गुब्बारा, फूल आदिले सजाउने चलन पनि छ । गिर्जाघरहरूमा विशेष प्रार्थना गर्दै आपसमा खुशी, हर्ष र उल्लासका साथ मनाइने यो पर्वले आपसी सद्भाव, सहिष्णुता, मेलमिलाप, भाइचारा, बन्धुत्वभाव, मैत्रीभाव आदिलाई थप प्रगाढ, बलियो र सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु ।

नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पलाई अंगिकार गरेको छ । यस वर्षमा 'क्रिसमस डे' सहित हाम्रा अन्य पर्व, त्यौहारहरूको महत्व र उपादेयता अझै बढी रहेको पुष्टि हुन्छ ।

यहाँ सबै समुदायका मानिस एकआपसमा मिलेर विभिन्न चाडपर्वहरू मनाउँदछन् । 'क्रिसमस डे' नेपालमा मनाइने अन्य त्यौहार र पर्वहरू जस्तै प्रेम, हर्षोल्लास र एकजुटताका साथ मनाउने आनन्दमय सामाजिक र सांस्कृतिक उत्सव हो । यो यस्तो अवसर र उत्सव हो जसले मानिसलाई एकैठाउँमा ल्याउँदै नेपालमा बसोबास गर्ने विभिन्न समुदाय र सांस्कृतिक पहिचान भएकाहरूमा एकता र एकजुटताको भावनालाई बढावा दिन्छ । यस पर्वले अन्य चाडपर्वहरूमा जस्तै मानिसलाई दया, दान र स्वयंसेवा लगायतका कार्यहरूमा समावेश गराउँदै खुशी र सद्भाव फैलाउन प्रोत्साहित गर्दछ । यो यसको सकारात्मक पक्ष हो ।

अन्त्यमा, नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै मुलुकको समृद्धि, विकास, सुशासन, दिगो शान्तिका लागि अवसर र क्रियाशील हुनका लागि 'क्रिसमस डे' ले उत्प्रेरित गर्न सकोस् भन्ने हार्दिक शुभकामना पुन: व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८० पुस ९ गते सोमबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

उधौली पर्व,२०८० को शुभकामना सन्देश

हरेक वर्षको मंसिर पूर्णिमाका दिन पितृ र प्रकृतिपूजक किरात समुदायले मनाउने महान पर्व उधौली र विविध प्राचिन संस्कृति एवं परम्परागत विरासत बोकेका नेवार समुदायले मनाउने यमरीपुन्ही (धान्यपूर्णिमा) एवं ज्यापु दिवसको सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाल बहुजातिक, बहुधार्मिक, बहुसांस्कृतिक र विविधतायुक्त मुलुक भएकोले अनेकतामा एकता हाम्रो मौलिक परिचय र पहिचान हो । नेपालमा मनाइने सम्पूर्ण चाडपर्वहरुले मुलुकको एकता, अखण्डता एवं सार्वभौमिकता तथा सामाजिक एवं धार्मिक सद्भाव, भाइचारा, बन्धुत्वभाव, मैत्रीभाव आदिलाई अक्षुण्ण राख्न सहयोग गर्दछ । आज मनाइने उधौली पर्व तथा यमरीपुन्ही (धान्यपूर्णिमा), ज्यापु दिवस आपसमा विविधतायुक्त पर्व र उत्सवहरु हुन् । यी दुई पर्वहरु आ-आफ्नै मौलिक परम्परा, रीतिरिवाज अनुसार दुई फरक समुदाय किरात र नेवार समुदायले एकै दिन मनाउनुले विविधतामा एकताको सन्देश सम्प्रेषण गर्दै विशाल नेपाली समाज र मुलुकलाई एकतामा बाँध्ने विविध संस्कारगत र संस्कृतिगत एउटा महत्वपूर्ण सूत्रका रुपमा यसलाई सर्वत्र लिन सक्नु पर्दछ ।

किरात समुदायभित्र पर्ने लिम्बूहरुले 'चासोक तङनाम', किरात राईहरुले 'साकेला', 'साकेन्वा', किरात याक्खाहरुले 'चासुवा' एवं किरात सुनुवारहरुले 'फोलस्याँदर'को रुपमा उधौली पर्व मनाउने परम्परा रही आएको छ । १४ दिनसम्म यो पर्वका अवसरमा धामिम, जीवजन्तु तथा पशुपंक्षीहरु लेकबाट बेंसीतिर झर्ने समयमा [illegible] आ-आफ्ना पितृलाई चढाउने र राम्रो फसलका लागि धन्यवाद दिँदै भूमि पूजा गरी मनाइन्छ । यो पर्वका अवसरमा ढोल र झ्याम्टा बजाएर विभिन्न पशुपन्छी, जीवजन्तुहरुको हाउभाउहरुको अनुकरण गर्दै किरात समुदायका परम्परागत पहिरनमा सजिएर नाचिने 'साकेला' नृत्यले नेपाल सांस्कृतिक रुपमा मौलिक परम्पराका लागि धनी भएको संदेश दिन्छ ।

त्यसैगरी, आज नेवार समुदायले 'योमरीपुन्ही' (धान्य पूर्णिमा) कृषि कर्मसँग सम्बन्धीत छ, यो औपचारिक रुपमा धान काट्ने कार्य सम्पन्न भएको उपलक्ष्यमा रुपमा मनाउने मौलिक परम्परा रही आएको छ । यो अवसरमा चामलको पिठोलाई त्रिकोणात्मक स्वरुप बनाएर त्यसमा चाकु, तिल, खुवा आदि राखेर पानीको बाफबाट विशेष परिकार 'योमरी' बनाएर खाने चलन छ । पूर्वी नेपालमा सिट्टिमा प्रचलनमा रहेको चामलको पिठोबाट बनाइने गोलाकार आकृतिको सांस्कृतिक महत्व बोकेको 'मक्का' औपचारिक रुपमा यसैबाट पकाउन प्रारम्भ हुने मान्यता रहेको पाइन्छ ।

नेपालमा आजकै दिनबाट ज्यापु संस्कृतीको रक्षार्थ केही वर्षयता 'ज्यापु दिवस' मनाउँदै आएको छ । यो अवसरमा नेवाः संस्कृति, [illegible], [illegible] आदिलाई जगेर्ना गर्ने विभिन्न सांस्कृतिक झाँकी निकाल्दै नयाँ पुस्तामा यी अमूल्य परम्पराको हस्तान्तरण गर्ने उद्देश्यले काठमाडौंको विभिन्न स्थानमा ज्यापु दिवस मनाउने गरिन्छ । मौलिक बाजा [illegible] तालमा यो अवसरमा निकालिने बहुमूल्य झाँकीले नेपालभित्र प्रचलनमा रहेको नेवाःले रीतिरिवाज र परम्परालाई जीवन्त राख्न सहयोग गर्दछ ।

अन्त्यमा, नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै मुलुकको समृद्धि, विकास, सुशासन, दिगो शान्तिका लागि थप अवसर र क्रियाशिल हुन उधौली पर्व, यमरीपुन्ही (धान्यपूर्णिमा) र ज्यापु दिवसले उत्प्रेरित गर्न सकोस् भन्ने कामना गर्दै हार्दिक शुभकामना पुनः व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८० पुस १० गते मंगलबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

राष्ट्रिय एकता दिवस,२०८० को शुभकामना सन्देश

राष्ट्रिय एकता दिवस, २०८० को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आजको दिनलाई पृथ्वी जयन्तीको रुपमा पनि मनाइन्छ । नेपाल सरकारले पृथ्वीनारायण शाहले नेपालको एकीकरणमा पुर्याएको योगदानको कदर गर्दै यो जयन्तीलाई राष्ट्रिय एकता दिवसका रुपमा मनाउने निर्णय गरे अनुरुप यो दिवस मनाउन थालिएको हो । नेपालको हिमाली भेगमा बसोबास गर्ने तामाङ, शेर्पा लगायतका समुदायले प्रत्येक वर्षको पुस शुक्ल प्रतिपदाको दिन नयाँ वर्षका रुपमा मनाउने 'तोल ल्होसार' पनि आज बडो हर्षोल्लासका साथ मनाईदैछ । यो पर्व मनाउने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना दिन चाहन्छु ।

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र विविधतायुक्त मुलुक हो । यहाँ मनाइने विभिन्न दिवस र चाडपर्वले मुलुकको एकता, अखण्डता एवं सार्वभौमिकतालाई बलियो र सुदृढ बनाउनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु । नेपालको संविधानको धारा ३ ले नेपाली राष्ट्रलाई 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आबद्धता रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो' भनेर परिभाषित गरेको छ । यसमा बहुलता र विविधताबीचको एकतालाई स्वीकार गरिएको राष्ट्रिय दिवस र पर्व-त्योहारको महत्व र उपादेयता झनै बढेको छ । राष्ट्रसँग सम्बन्धित दिन नै राष्ट्रिय दिवस हो । राजनीतिक भन्दा भावनात्मक र पहिचानसँग सम्बन्धित यस्ता दिवसलाई राष्ट्र प्रति सद्भाव, मैत्रीभाव, अपनत्वभाव, भाइचारा, मेलमिलाप, एकता, सहिष्णुता र सम्मानको भावना संचार गर्ने अवसरको रुपमा उपयोग गर्न सक्नु पर्दछ । व्यावहारिक रुपमा राष्ट्रलाई समेट्दै सबै नागरिकलाई ऐक्यबद्ध र समावेश गराउँदै राष्ट्रिय दिवस मनाउनु आजको आवश्यकता हो ।

हिजो नेपाली राष्ट्रको पहिचान र भावनालाई प्रतिबिम्बित हुने गरी राष्ट्रिय एकता दिवस मनाइनु पर्दछ । यो दिवसमा जन-जातीय मनोभावनामा दूरी र फाटो बढाउने खालको नकारात्मक सन्देश प्रवाह गर्ने कार्य कहिल्यै हुनु हुँदैन । बहुलवादी दर्शन अनुसार सबै संस्कृति, विविधता, विचार र पहिचानमा आधारित भावहरुलाई मूल प्रवाहीकरण गर्दै अघि बढे आज जनसहभागिताबहिरको अवस्थामा समेत [illegible] भई समाज र मुलुक एकताको सूत्रमा बाँधिन सक्छ । हामीले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक तथा भौगोलिक विविधताप्रति समभाव राख्दै निजी मुलुकको हित र सम्पूर्ण नेपालीको एकता [illegible] शामेल हुने दिनका रुपमा राष्ट्रिय दिवस मनाउन सके हाम्रो मौलिक पहिचान 'विविधता एकता' को पुनरावलोकन मात्र होइन, हाम्रो विविधतायुक्त संस्कृति, पहिचान, परम्परालाई एकीकृत र एकाकार गर्दै नेपाली राष्ट्रियतालाई बलियो, सुदृढ र सबल बनाउन सघाउ पुग्छ ।

कुनै पनि मुलुकको आधार उसको एकता र अखण्डतामा निहित हुन्छ । देशको विकास, शान्ति, समृद्धि र अखण्डता राष्ट्रिय एकताबाट सम्भव छ । बाह्य [illegible], मनमुटाव र द्वन्द्वले मुलुकको राष्ट्रिय एकताको जगलाई कमजोर बनाउने भएकाले यसप्रति सजग सचेत र सावधान हुन अति आवश्यक छ । सय भन्दा बढी जातजातिको साझा फूलबारी नेपालको पूर्वी पहिचान नै विविधताबीचको एकता हो । विविधताको सौन्दर्यलाई राष्ट्रिय भावनामा रुपान्तरण गर्ने कार्य मात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ । हाम्रो संविधानले यही विविधतालाई सकारात्मक परिणाममुखि बनाउन धर्म निरपेक्षता, समावेशिता र समानताको सिद्धान्तलाई स्वीकार र आत्मसात गरेको छ । संविधानको यो मर्मलाई सम्पूर्ण नेपाली नागरिकले सबैपरी ठानी राष्ट्रिय एकतालाई बलियो, एकबद्धता र सुदृढ बनाउनमा हामी एकजुट भई लाग्नु पर्दछ ।

अन्त्यमा, नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै मुलुकको समृद्धि, विकास, सुशासन, दिगो शान्तिका लागि थप अवसर र क्रियाशील हुन यो दिवस र पर्वले उत्प्रेरित गर्ने सकोस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।
२०८० पुस २७ गते शुक्रबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

माघी पर्व, मकर संक्रान्ति २०८० को शुभकामना सन्देश

माघ १ गते मनाइने माघी पर्व, माघसंक्रान्ति, तिलासंक्रान्ति, मकरसंक्रान्ति, उत्तरायण, छ्यार स्योङ, पेंसे सम्बत्, मकरस्नान र राष्ट्रिय कृषि जैविक विविधता दिवस, २०८० को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

माघ संक्रान्तिका दिन थारु समुदायले माघी पर्व, मगर समुदायले मौलिक पर्व [illegible], मधेसी समुदायले तिलासंक्रान्ति, किराँत समुदायका राई, लिम्बु, सुनुवार, गुरुङ, याक्खा, हिमाल तमाङहरूले आफ्ना राजा पलम्बरको स्मरणमा पेंसे सम्बत्, छन्त्याल समुदायले छ्यार स्योङ (मिलाके योङ्को) पर्वका रूपमा यसै हर्षोल्लास, उमङ्ग, उत्साह र शुभकामनाका साथ मनाउने परम्परा रही आएको छ। हिन्दु धर्मावलम्बीहरूले पवित्र नदीहरूमा मकरस्नान गर्ने, सूर्यदेवको पूजा-उपासना गर्ने र दान-दक्षिणा दिएर मकरसंक्रान्ति मनाउँछन्। नेपाल जैविक विविधतामा धनी मुलुक भएको सन्दर्भमा आजकै दिन राष्ट्रिय कृषि जैविक विविधता दिवस पनि विभिन्न कार्यक्रमको आयोजना गरी मनाइन्छ। एकै दिन यतिका धेरै पर्व, त्योहार, उत्सव, अनुष्ठान र दिवस मनाइनुले नेपालको विविध संस्कृति, परम्परा, रहनसहन, रीतिरिवाजलगायतलाई सबै नेपालीले सहर्ष स्वीकार गर्दै ऐक्यबद्ध भई अझ बढ्न दृढ संकल्पित रहेको सन्देश संचार गर्दछ। यसले 'अनेकतामा एकता' हाम्रो मौलिक पहिचान र विविधतालाई अक्षुण्ण राख्न उत्प्रेरित पनि गर्दछ।

हाम्रा चाडपर्व, त्योहारमा प्रयोग हुने कृषिजन्य वस्तु र त्यसबाट बनाइने परिकारहरूले पनि नेपालको मौलिक संस्कृति र ऐतिहासिक परम्परालाई जीवन्त राख्न सहयोग पुगेको छ। यसले नेपाल कृषि उपजहरू (सखरखण्ड, तिल, सक्खर आदि) 'फ्युचर स्मार्ट फुड' को महत्त्व बुझेर र त्यसको जगेर्ना गर्न पनि प्रेरणा पुगेको छ। साथै, यी पर्व, त्योहारहरूलाई आफ्नो रीतिरिवाज, रहनसहन, संस्कृति र परम्परालाई बचाई राख्नमा भावी पीढीहरूलाई प्रेरणा पनि प्रदान गर्ने गर्दछ।

अनेक नामले विभिन्न चाडपर्वहरू आ-आफ्नै मौलिक पहिचान, परम्परा अनुसार मनाइए पनि सबैको सारतत्त्व र सकारात्मक सन्देश सबैको राष्ट्रियता र परस्पर भाइचारा, मेलमिलाप, मैत्रीभाव, अपनत्वभाव, बन्धुभाव एवं सामूहिकतामा एकता नै हो। नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै मुलुकको समृद्धि, विकास, सुशासन, दिगो शान्तिका लागि यस अवसर र क्रियाशील हुन यी पर्व, उत्सव, अनुष्ठान र दिवसहरूले उत्प्रेरित गर्ने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विशेषताहरूले भरिएको सुन्दर मुलुक नेपालमा मनाइने चाडपर्वहरूले जन-जनमा नयाँ उमङ्ग र उत्साह भर्दै सबैमाझ आपसी वैमनस्य, मनोमालिन्यता, मनमुटाव र विभेद अन्त्यका लागि प्रेरणाको स्रोत बन्न सकोस्। सबै क्षेत्र, भूगोल, भुभाग, जाति, वर्ण, समुदाय, भाषा, धर्म र संस्कृतिको सुदृढीकरण गर्दै राष्ट्रिय एकताका साथै मुलुकको आर्थिक समृद्धि र विकासमा एकीकृत र दत्तचित्त भई लाग्न ऊर्जा प्रदान गरोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८० माघ १ गते सोमबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

सहिद दिवस,२०८० को सन्देश

सहिद दिवस, २०८० को अवसरमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, नागरिक स्वतन्त्रता, जनताको सार्वभौम अधिकार, समावेशिता, समानता, सबैखाले विभेदको अन्त्य, लोकतन्त्रको स्थापना र गणतन्त्रसहितको सङ्घीय लोकतान्त्रिक समाजवादउन्मुख शासन व्यवस्थाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात महान सहिदहरूलाई स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

माघ १६, वीर सहिदहरूको बलिदानलाई स्मरण गर्ने र उहाँहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्ने दिन हो। स्वतन्त्रताको अभिलाषसहित सामाजिक तथा आर्थिक रूपमा एउटा सबल, सुदृढ र विकसित मुलुक निर्माणका लागि आफ्नो जीवन बलिदान गर्ने सहिदहरूको त्याग सबैका लागि प्रेरणा हो। नेपालको भूमि महान वीरवीराङ्गनाहरूको जननी हो। नेपालको इतिहासमा यस्ता महान सपूतहरूले जन्म लिएका छन्, जसले मुलुकमा लोकतन्त्र, समानता, परिवर्तन, [illegible], समान अधिकारका लागि आफ्नो प्राणको आहुति दिएका छन्। उहाँहरूको अदम्य साहस, वीरता र त्यागलाई स्मरण गर्नका लागि हरेक वर्ष आजको दिन मुलुकभर विभिन्न कार्यक्रमको आयोजना गरी सहिद दिवस मनाइन्छ।

[illegible] जुन बलिदान र साहस राष्ट्रप्रेम गर्नेहरूमा हुन्छ, त्यसको तुलना अरु कुनै भौतिक वस्तुसँग गर्न सकिन्न। अमर सहिदहरूको बलिदानको ऋण तिर्न सकिन्न तर, देशप्रतिको उहाँहरूको त्याग र आहुतिको स्मरण गर्दै समाजमा जागरूकता र चेतना फैलाउन सकिन्छ। नेपाल जस्तो विविधतामा एकताको धनी र सम्पन्न संस्कृति भएको मुलुकमा समय-समयमा कुनै न कुनै महापुरुषले जन्म लिई देशको सुरक्षा, लोकतन्त्र, समावेशिता र गणतन्त्रका लागि आफ्नो जीवनको आहुति दिएका छन्। इतिहासमा यस्ता अप्रिय घटनाहरू पनि भए, जब कुनै न कुनै कारणबाट देशका महान व्यक्तित्व, वीर सपूत र वीराङ्गनाहरू हामीबाट छुटिए। तर, उहाँहरूले देशको स्वाधीनता, अखण्डता, सार्वभौमिकता, सुरक्षाको महान दायित्व हामीलाई सुम्पिएर जानुभएको छ। त्यो दायित्व निर्वाह गर्न सम्पूर्ण नेपालीहरू दत्तचित्त भई सचेत, सक्रिय र क्रियाशील रहनु पर्दछ।

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र विविधतायुक्त मुलुक हो। यहाँ मनाइने विभिन्न दिवसहरूले मुलुकको एकता, अखण्डता एवं सार्वभौमिकतालाई जोगाउने र सुदृढ बनाउनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दछु। कुनै पनि मुलुकको आधार उसको एकता र अखण्डतामा निहित हुन्छ। देशको विकास, शान्ति, समृद्धि र अखण्डता राष्ट्रिय एकताबाटै सम्भव छ। महान सहिदहरूको बलिदानबाट प्राप्त उपलब्धिहरूको माध्यमबाट मुलुकको दिगो शान्ति, सुशासन, विकास, सम्पन्नता, समृद्धिको आकांक्षा पूरा गर्न सम्पूर्ण राजनीतिक दल, आम नागरिक समाजलगायत सबै एक भएर, उच्च आदर्श, पवित्र मन, वचन र कर्मका साथ लाग्नु आजको आवश्यकता हो। वीर सहिदहरूको सपना र आकांक्षालाई साकार पार्न सके मात्र उहाँहरूप्रतिको सच्चा श्रद्धाञ्जली अर्पण गरेको ठहरिनेछ।

अन्त्यमा, देश र जनताको हित र अधिकारका लागि विभिन्न समयमा भएका आन्दोलनमा होमिएर वीरगति प्राप्त गर्नुभएका सम्पूर्ण सहिदको साहस र त्यागको तेजस्विता एवं उच्च मूल्याङ्कन गर्दै महान उद्देश्यका साथ मनाइने सहिद दिवसले मुलुकमा सुशासन, सभ्य र विभेदरहित समाज, समानता, समावेशिता, सह अस्तित्व र दिगो विकासका लागि सबैलाई इमानदारीका साथ आ-आफ्नो क्षेत्रबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्न थप सक्रिय भई उत्प्रेरित गर्न सकोस् भन्ने आशा मात्र होइन पूर्ण विश्वास लिएको छु।

धन्यवाद।
२०८० माघ १६ गते मंगलबार।
(ने.सं. ११४४ पोहेलाथ्व ४ मंगलबार)

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

सोनाम ल्होसारको शुभकामना सन्देश

हरेक वर्षको माघ शुक्ल प्रतिपदाका दिन तामाङ लगायतका समुदायले अत्यन्तै हर्षोल्लासका साथ मनाइने महान पर्व सोनाम ल्होसारको सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

भूमिपूजा, कुलपूजा एवं दानदक्षिणा, भोजभेट, नाचगान, मिठो परिकार बनाएर खाने र शुभकामना आदानप्रदान गरी यो पर्व मनाउने चलन छ। समुदायका सबै जना एकै ठाउँमा भेला भई सामूहिक रुपमा मनाइने यो पर्व मुलुकका विभिन्न भूभागमा बसोवास गर्ने तामाङसहित ह्योल्मो, थकाली, शेर्पा, नेस्याङ्बा, भोटे, दुरा, लेप्चा लगायतले आ-आफ्नो परम्परा अनुसार मनाउँछन्। नेपालको मौलिक संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धन गर्न सोनाम ल्होसारले सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु।

नेपालको संविधानले गणतन्त्र, संघीयता, समानता, समावेशीता, धर्मनिरपेक्षता र कानूनी राज्यलाई अंगीकार गरेको छ। हाम्रो गणतन्त्रात्मक संवैधानिक व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गरी सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई परस्पर जोड्ने काम गरेको छ। भूगोल, क्षेत्र, वर्ग र समुदाय अनुसार चाडपर्वहरूमा विविधता रहेको पाइन्छ। हाम्रो सामाजिक विविधताभित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबुत बनाउन सहयोग पुगेको छ। आपसी रीस, राग, वैमनस्यता, उच्छृङ्खलता, द्वन्द्व र द्वेष बिर्सेर परस्पर खुसी र उल्लास साटासाट गर्न सोनाम ल्होसार पर्वले सबैलाई उत्प्रेरित गरोस्।

अन्त्यमा, सोनाम ल्होसारले समुदाय, समाज र देशमा सामाजिक एकता, परस्पर विश्वास, सहयोग, मैत्रीभाव, भाइचारा, मेलमिलाप, आदर, सम्मान र सद्भाव कायम गर्दै मुलुकलाई एकताको सूत्रमा बाँध्दै राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र राष्ट्रियतालाई बलियो बनाउँदै मुलुकलाई समृद्धितर्फ उन्मुख गराउन सम्पूर्ण नेपालीलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८० माघ २७ गते शनिबार।
(ने.सं. ११४४ सिल्लाथ्व, १ शनिबार)

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

वसन्त पञ्चमी तथा सरस्वती पूजा, २०८० को शुभकामना सन्देश

हरेक वर्षको माघ शुक्ल पञ्चमी तिथिमा मनाइने वसन्त पञ्चमी तथा सरस्वती पूजा, २०८० को शुभ उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

यस अवसरमा कला, विद्या, बुद्धि तथा ज्ञानको प्रतिकका रूपमा देवी सरस्वतीको पूजा-अर्चना गर्ने हिन्दू विश्वास र पौराणिक परम्परा छ। [illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

२०८० फागुन २ गते बुधबार।
(ने.सं. ११४४ [illegible], ३ बुधबार)

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

राष्ट्रिय प्रजातन्त्र दिवस २०८०, को शुभकामना सन्देश

मुलुकमा १०४ वर्षसम्म कायम रहेको जहानियाँ निरंकुश शासनविरुद्ध बलिदानीपूर्ण संघर्षको परिणामस्वरूप २००७ सालको आन्दोलन सफल भएको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान स्वरूप प्रत्येक वर्ष फागुन ७ मा मनाइने राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मुलुकमा प्रजातन्त्र स्थापनार्थ विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनसंघर्ष, मधेश जनविद्रोह, आदिवासी जनजातिलगायतका आन्दोलनमा आफ्नो ज्यानको आहुति दिने सम्पूर्ण महान सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, लोकतान्त्रिक मूल्य, मान्यता, आदर्श र सिद्धान्तप्रति प्रतिबद्ध रहनुभएका प्रजातन्त्रका सम्पूर्ण सेनानीहरूलाई स्मरण गर्दै उहाँहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

विश्वमा अनेक शासन प्रणाली मध्ये लोकतन्त्र सर्वश्रेष्ठ शासन-प्रणाली हो । यो प्रणाली एउटा सामाजिक व्यवस्था पनि हो, जसको लक्ष्य सबै नागरिकलाई यथासम्भव बढी भन्दा बढी लाभान्वित गर्नु हो । लोकतान्त्रिक व्यवस्थालाई कमजोर बनाउने काम लोकतन्त्रमा विश्वास राख्नेहरूबाट हुनै सक्दैन । यो व्यवस्था-प्रणालीमा राजनीतिक दल र त्यसका नेतृत्वहरू सकारात्मक सोचका साथ अघि बढ्नु जरुरी छ । सम्पूर्ण राजनीतिक दल र नेतृत्व पंक्तिले आफ्नो आचरण आचार संहिता लागू गर्न उत्तिकै आवश्यक छ । लोकतन्त्रको आत्मा जनताको जनताको सम्प्रभुता हो, जसको परिभाषा युगसापेक्ष परिवर्तन भइ हुँदै आएका छन्, तर, यसको आधुनिक आविर्भावका पछाडि एउटा लामो इतिहास छ । उक्त इतिहासबाट पाठ सिक्दै, कमिकमजोरीमा सुधार गर्दै, नेपालको संविधानमा व्यवस्था भएको संघीयता, समानता, समावेशीता, धर्मनिरपेक्षता, कानुनी राज्य, सार्वभौमसत्तालाई मजबुत राख्नु आजको आवश्यकता हो । नेपालमा लोकतन्त्रलाई सफल बनाउन गरिबी, अशिक्षा र बेरोजगारीको अन्त्य गर्दै मुलुकलाई सबल र समृद्ध बनाउनतर्फ हामी सबै क्रियाशील र दत्तचित्त हुँदै अघि बढ्नु पर्दछ ।

लोकतन्त्र, शासनको रूपमा मात्र सीमित हुनु हुँदैन । मुलुकमा सामाजिक आदर्श, चरित्र, परम्परा, संस्कृति, सद्भाव र मूल्यमान्यतालाई बलियो बनाउन तर्फ पनि लोकतन्त्रलाई केन्द्रित गर्नु पर्दछ । लोकतन्त्रमा कुनै पनि विशेषाधिकारयुक्त वर्ग हुँदैन, जाति, धर्म, वर्ण, पद, धन, लिंग आदिका आधारमा कुनै पनि व्यक्तिमा कुनै प्रकारको भेदभाव पनि गरिन्न । यस प्रकारको लोकतान्त्रिक समाजलाई लोकतान्त्रिक राज्यको आधार पनि मानिन्छ । राजनीतिक लोकतन्त्रको सफलताका लागि उसको आर्थिक लोकतन्त्रसँग गठबन्धन आवश्यक छ । आर्थिक लोकतन्त्रको अर्थ-समाजका प्रत्येक सदस्यलाई विकासमा समान रूपमा भौतिक सुविधाहरू प्राप्त हुनु हो, जन-जन बीच आर्थिक विषमता नबढोस्, एउटा व्यक्तिले अर्कालाई शोषण गर्न नसकोस् भन्ने पनि हो । एकातिर घोर निर्धनता र अर्को तिर विपुल सम्पन्नताको वातावरणमा लोकतान्त्रिक मुलुकको निर्माण सम्भव छैन । यसप्रति हामी सबैजना सचेत, चनाखो र सावधान हुँदै सम्पन्न, सुदृढ र बलियो मुलुक निर्माणमा योगदान पुर्‍याउन तत्पर हुन नितान्त आवश्यक छ ।

अन्त्यमा, लोकतन्त्रको विकल्प लोकतन्त्र नै भएकाले यसको प्रयोगमा सकारात्मक सोचका साथ अघि बढ्नु पर्दछ । लोकतन्त्रलाई प्रभावकारी बनाउन सरकार मात्रै होइन, सबै राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चारमाध्यमलगायत सबैको प्रतिबद्धता र कटिबद्धता उत्तिकै आवश्यक छ । प्रजातन्त्र दिवसले देशमा लोकतन्त्रको सुदृढीकरण, राजनीतिक स्थिरता, संविधानको मूल मर्म-भावना अनुरुप लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको कार्यान्वयन, जनताको जीवन पद्धतिमा गुणात्मक परिवर्तन ल्याउनका लागि उत्प्रेरक बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८० फागुन ७ गते सोमबार ।
(ने.सं. ११४४ सिल्लाथ्व, १० सोमबार)

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

महाशिवरात्री, सेना दिवस र अन्तर्राष्ट्रिय महिला दिवसको शुभकामना सन्देश

महाशिवरात्री, सेना दिवस र अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
फागुन मास कृष्ण चतुर्दशीमा मनाइने महाशिवरात्री भगवान शिवमा समर्पित पर्व हो । महाशिवरात्रीमा शिवलिङ्गलाई स्नान गराएर जलाभिषेक गर्नुलाई अत्यन्त महत्वपूर्ण अनुष्ठान मानिन्छ । यो पर्वमा भगवान शिवको पूजाआजा र व्रतउपवास गरे सबै रोग र शारीरिक दोषबाट मुक्ति पाइने जनविश्वास रही आएको छ । महाशिवरात्रीका अवसरमा शिवालय, महादेव मठ र शिवमन्दिरहरूमा हिन्दु धर्मावलम्बीहरूको घुइँचो लाग्ने गर्दछ । मधेशमा 'जन्मदी', 'शिवरात्री', 'शिवपर्व' आदि नामले समेत चिनिने महाशिवरात्रीमा भगवान शिवलाई बेलपत्र, धतुरो, अबीर आदि अर्पित गर्दै पूजाआजा गर्ने परम्परा छ । यो पवित्र पर्वले काम, क्रोध, लोभ, मोह र अहंकार त्यागन सबैलाई उत्प्रेरित गर्न सकोस् । नेपाल र सम्पूर्ण विश्वमा शान्ति, पवित्रता र प्रेमको सन्देश स्थापित गर्दै आध्यात्मिक उन्नतीका लागि सबैलाई अनुकूलित हुने अवसर यो पर्वले प्रदान गरोस् ।

सेना दिवस-२०८० को अवसरमा प्रधानसेनापति लगायत नेपाली सेनाको सकल दर्जामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । नेपाली सेना आफूलाई थप सक्षम, सबल र सुदृढ बनाउँदै परिवर्तित समय र युग अनुरूपको आधुनिकीकरण गर्दै अघि बढ्नु पर्दछ । यसमा सबै पक्षको साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु ।
नेपाली सेनाका लागि आवश्यक सैन्य सामग्री र प्रविधि नेपालमा उत्पादन गर्ने र यसको सम्भावनालाई खोज्ने आर्थिक-प्राविधिक क्षमताले सेना रक्षा उद्योग, सबलीकरण र आधुनिकीकरण गर्ने प्रक्रियामा परनिर्भरता घट्दै जानु राष्ट्रिय हितको दृष्टिमा गैर-अनुकूलित र संवेदनशील विषय भएकाले यसमा सम्बन्धित सबैको ध्यान पुग्न जरुरी छ ।
परिवर्तित राजनीतिक परिस्थिति, व्यवस्था र लोकतान्त्रिक संघीय गणतन्त्रात्मक प्रणाली अनुरूपको सैन्य संरचना निर्माणलाई प्राथमिकतामा राख्न जरुरी छ । सबै क्षेत्र, भूगोल, समुदायको प्रतिनिधित्व ग्रहण गर्न सक्ने गरी समानता र समावेशिताको चरित्र यसमा प्रदर्शन हुन आवश्यक छ । हुन त, पछिल्लो समय नेपाली सेनाले यो चरित्रलाई अंगिकार गरेको देखिन्छ । आगामी दिनहरूमा यो थप सुदृढ र फराकिलो बन्ने छ भन्ने विश्वास लिएको छु । नेपाली सेनाको सक्षम, सबल, दक्ष र अनुभवी नेतृत्वले यो कार्य गर्न सक्नेमा म विश्वस्त पनि छु । अत्याधुनिक प्रविधि, सीपले सुसज्जित, अध्ययन अनुसन्धानमा पारंगत र कूटनीतिक कौशलमा निपुण सेना आजको आवश्यकता हो ।

आज अन्तर्राष्ट्रिय महिला दिवस-२०८० पनि मनाइ रहेको सन्दर्भमा महिलाको सशक्तिकरण, समावेशिकरण र समानताको पक्षमा सबैलाई उभिन यो दिवसले उत्प्रेरित गरोस् भन्ने शुभकामना दिन चाहन्छु ।
पुरै संकटग्रस्त भौगोलिक विश्वमा विभिन्न समुदायहरूमाथि ठूलो प्रभाव परिरहेको अवस्थामा लैङ्गिक समानता हासिल गर्नु पहिलेको तुलनामा झनै महत्वपूर्ण छ । जीवनका सबै पक्षहरूमा महिला र बालिकाहरूको अधिकार सुनिश्चित गर्नु नै समृद्ध र न्यायपूर्ण अर्थतन्त्र एवं भावी पुस्ताका लागि स्वस्थ तथा सुरक्षित समाज र देश निर्माण गर्नु हो । 'महिलाहरूमा लगानी गर्नुहोस् : प्रगतिलाई गति दिनुहोस्' भन्ने अन्तर्राष्ट्रिय मूल नाराका साथ हामी अन्तर्राष्ट्रिय महिला दिवसको ११४ औं श्रृंखला मनाइ रहेका छौं । यो नाराले संविधान बमोजिम महिलाको सबैखाले हकअधिकारको सुनिश्चितताका लागि त्यो प्राप्तिका लागि सबैलाई थप प्रेरित गर्ने विश्वास लिएको छु ।
लैङ्गिक समानता मानव अधिकारको सबैभन्दा ठूलो चुनौती रहेको सन्दर्भमा समावेशी समाज निर्माणका लागि महिलामा लगानी गर्नु जस्तो मानवअधिकारको अनिवार्य र आधारस्तम्भलाई कमैले पनि विरोध गर्न सकिन्न । महिलाको समानता, समावेशिता र प्रगतिले हामी सबै लाभान्वित हुने विषयमा कसैको दुई मत हुने छैन । यसका लागि गरिबीको अन्त्य, लैङ्गिक-उत्तरदायी वित्तीय कार्यान्वयन, हरित अर्थ व्यवस्था र हेरचाह तथा महिला र परिवर्तनका नायकलाई उत्प्रेरित हुन जरुरी छ ।

धन्यवाद ।

२०८० फागुन २५ गते शुक्रबार ।
(ने.सं. ११४४ सिल्लाथ्व, १२ शुक्रबार)

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति



उपराष्ट्रपति

काठमाडौं, नेपाल

ग्याल्पो ल्होसार-२१५१ को शुभकामना सन्देश

शेर्पा समुदायको महान पर्व एवं नयाँ वर्ष ग्याल्पो ल्होसार-२१५१ को शुभ उपलक्ष्यमा देश र विदेशमा रहनु भएका शेर्पा समुदायका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

[illegible]

धन्यवाद।

२०८० फागुन २८ गते सोमबार।
ने.सं. ११४४ चिल्लाथ्व, १ सोमबार

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति



उपराष्ट्रपति

काठमाडौं, नेपाल

फागुपूर्णिमा (होली) पर्व-२०८० को शुभकामना सन्देश

नेपालीहरूले कलात्मक उत्साह, उमङ्ग र हर्षोल्लासका साथ मनाउने महान पर्व फागुपूर्णिमा (होली) को शुभ उपलक्ष्यमा देश र विदेशमा रहनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

[illegible]

धन्यवाद।

२०८० चैत ११ गते आइतबार।
(ने.सं. ११४४, चिल्लाथ्व १४ आइतबार)

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

ईद-उल-फित्रको शुभकामना

इस्लाम धर्मावलम्बीहरूले आफ्नो हर्षोल्लास, उत्साह र उमंगका साथ मनाउने महान पर्व 'ईद-उल-फित्र' को अवसरमा देश र विदेशमा रहनु भएका सम्पूर्ण इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, सुस्वास्थ्य, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

इस्लाम धर्मावलम्बीहरूले सूर्योदयदेखि सूर्य अस्ताएसम्म लगातार एक महिनाका दिनमा निर्जल उपवास व्रत पूरा भएको भोलिपल्ट यो पर्व धुमधामका साथ मनाउँदछन्। रमजानलाई अल्लाहको रहमत महिनाको रूपमा पनि चिनिन्छ। रमजान पवित्र महिनामा मुस्लिम समुदायले आत्म-संयमको पालना गर्दै रोजा (उपवास) बस्ने र अल्लाहको इबादत गर्ने परम्परा छ। रमजानको महिनामा मुस्लिम समुदायहरूले मन र शरीरका लागि अशुद्ध मानिएका वस्तुहरूबाट टाढा बस्ने दृढ प्रयास गर्छन। यसले मानिसमा सकारात्मक भाव संचार गर्न सहयोग पुग्ने विश्वास लिएको छ।

नयाँ-नयाँ कपडा लगाउने, नमाज पढ्ने, एक अर्कासंग गला मिलाउँदै बधाई, शुभकामना र उपहारहरू साटासाट गरी मनाइने 'ईद-उल-फित्र' का दिन विशेष परिकारहरू बनाएर खाने र खुवाउने परम्परा छ। ईदको चन्द्रमा हेरेर सबैलाई 'चाँद मुबारक' वा 'ईद मुबारक' भन्ने चलन छ। साथै मानिसहरू आफ्नो श्रद्धा अनुसार कमाएको रकममध्ये केही हिस्सा दान दिने चलन पनि रही आएको छ। यसले यो पर्वको महत्व झनै बढाएको विश्वास व्यक्त गर्दछु।

खुशी, भाइचारा, सद्भाव, मेलमिलाप, सामूहिकतामा एकता र क्षमाको प्रतीकका रूपमा रहेको ईद-उल-फित्र पर्वले सबैलाई एकआपसमा मिलेर बस्न सन्देश मात्रै दिँदैन गरीब र सहयोगको आवश्यकता रहेकाहरूलाई मद्दत गर्न समेत उत्प्रेरित गर्दछ। जीवनमा आशा र विश्वासको सन्देश दिँदै सत्यनिष्ठ, कर्मनिष्ठ र कर्तव्यनिष्ठ बन्न पनि यो पर्वले सिकाउँदछ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक मुलुक भएको र विविधतामा एकता हाम्रो मौलिक पहिचान र विशेषता हो। नेपालमा मनाइने यी र यस्ता पर्वहरूले समुदाय, समाज र मुलुकमा एकता, सद्भाव, भाइचारा, मेलमिलाप, अपनत्वभावलाई प्रोत्साहन गर्दै यहाँको मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, 'ईद-उल-फित्र' ले राष्ट्रिय एकता र सांस्कृतिक ऐक्यबद्धताको भावना सबल र सुदृढ गर्दै सभ्य, शान्त, समुन्नत र समृद्ध समाज निर्माणमा थप प्रेरणा प्रदान गर्न सकोस्। लोकतन्त्र, सामाजिक न्याय, स्वाधीनता, राष्ट्रिय अखण्डता र राष्ट्रियतालाई थप बलियो बनाउन यो पर्वले प्रेरित गर्ने विश्वासका साथ पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८० चैत २८ गते बुधबार।

ने.सं. ११४४ चौलाथ्व २ बुधबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

नव वर्ष, २०८१ को शुभकामना सन्देश

नव वर्ष २०८१ को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनीहरू तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, सुदीर्घ र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

[illegible]

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

महावीर जयन्तीको शुभकामना सन्देश

जैन धर्मावलम्बीहरुले आफ्नो हर्षोल्लासका साथ मनाउने महावीर जन्मजयन्तीको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण जैन समुदायका दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जैन धर्मका २४औं तीर्थंकर भगवान्‌ महावीरले मानव जीवनका लागि आधिकार्य र अनिवार्य 'पञ्चशील' को सिद्धान्त प्रतिपादन गर्नुभयो । उहाँले मोक्ष प्राप्त गर्न मानिसका लागि दिनुभएको ती सिद्धान्तहरुमा अहिंसा, अस्तेय, ब्रह्मचर्य, सत्य र अपरिग्रह हुन् । यी सबै सिद्धान्तलाई अक्षरशः पालना गर्ने हामीले उहाँको जन्मजयन्तीलाई प्रण र अठोट लिने अवसरका रूपमा लिन सक्नु पर्दछ ।

भगवान महावीरले आफ्नो जीवनकालमा अहिंसा र आध्यात्मिक स्वतन्त्रताको प्रचार गर्नुभयो । सबै मानिसलाई सबै जीवहरुलाई सम्मान र आदर गर्न पनि सिकाउनु भयो । साधु स्वयं सत्य बोल्ने र अरुलाई पनि सत्य बोल्नका लागि उत्प्रेरित गर्ने अवसरका रूपमा महावीर जन्मजयन्तीलाई लिनु पर्दछ । उहाँले क्रोधलाई शान्तिको मार्गबाट, दुष्टलाई साधुता र असत्यलाई सत्यबाट जीत्नका लागि दिनुभएको सन्देशको सान्दर्भिकता वर्तमान परिवेशमा उत्तिकै महत्वपूर्ण छन् ।

महावीरले सम्पूर्ण विश्वलाई 'बाँच र बाँच्न देऊ' को सन्देश पनि दिनुभयो । उहाँले सेवा सिक्नु परे श्रवणकुमारबाट, मर्यादा सिक्नु परे रामबाट, अहिंसा सिक्नु परे बुद्धबाट, मित्रता सिक्नु परे भगवान कृष्णबाट, लक्ष्य सिक्नु परे अर्जुनबाट, दान सिक्नु परे कर्णबाट र तपस्या सिक्नु परे महावीरबाट सिक्नुपर्ने ज्ञान उदाहरणसहित बडो सरल र सटिक रूपमा दिनुभयो । यी सबै शिक्षा मानवका लागि जीवनको मूल सूत्रहरु हुन् । उहाँका सन्देशहरु वर्तमान परिवेशमा झनै सार्थक र उपयोगी छन् । हामी सबैले यसलाई ग्रहण गर्दै जीवन पथमा यसको कार्यान्वयनका लागि अग्रसर हुन सक्नु पर्दछ ।

अन्त्यमा, भगवान महावीरले दिनुभएको जीवन-मार्ग-सूत्रहरुलाई पछ्याउँदै अघि बढ्न सके हामी सबै मानवताको सेवा गर्न सफल हुन सक्दछौं । महावीर जयन्तीले हामी सबैलाई ज्ञानमार्ग, मानव सेवा, अहिंसा तथा सत्यमार्गमा हिँड्न उत्प्रेरित गर्दै समाज र देशमा भाइचारा, बन्धुत्वभाव, मैत्रीभाव, अपनत्वभाव र एकताका लागि दत्तचित्त र सक्रिय भई लाग्न उच्च ऊर्जा प्रदान गरोस् भनी पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ वैशाख ९ गते आइतबार ।
ने.सं. ११४४ चौलाथ्व, त्रयोदशी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

विश्व श्रमिक दिवस, २०२४ को शुभकामना सन्देश

विश्व श्रमिक दिवस, २०२४ को अवसरमा समाज, देश र अर्थतन्त्रमा अतुलनीय योगदान पुर्‍याउने सबै परिश्रमी श्रमिकहरुको योगदानको सम्मान गर्दै स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली श्रमजीवि दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आजको यो दिवस श्रमिकहरुको त्याग र समर्पणलाई सम्झिने र उनीहरुलाई सम्मान गर्ने महत्वपूर्ण अवसर हो । श्रमिकहरु समाजका आधार स्तम्भ हुन्, जसले हाम्रा आवश्यकताहरुलाई पूरा गर्न अथक परिश्रम गर्दछन् । उनीहरुको योगदान हाम्रो अर्थव्यवस्थामा अमूल्य छ ।

विश्वभरका मजदुरहरुले सामना गरेका संघर्ष र चुनौतीहरुलाई स्वीकार गर्ने र उनीहरुको हित र अधिकारप्रति हाम्रो प्रतिबद्धतालाई पुनः दोहराउने अवसर पनि हो, विश्व श्रमिक दिवस । श्रमिकहरुको अधिकारको रक्षा र उनीहरुलाई प्रोत्साहन गर्न जरुरी छ । उनीहरुका लागि सुरक्षित र स्वस्थ कार्यस्थल उपलब्ध गराउन सक्नु पर्दछ ।

श्रमिक दिवसका अवसरमा श्रम र श्रमिकको सम्मान र अधिकारको रक्षा गर्दै थप समतामूलक र समावेशी समाजको निर्माण गर्ने प्रण गरौं । श्रमिकहरुका लागि सुरक्षित, निष्पक्ष र वृत्ति-विकासका लागि अनुकूल कार्यस्थलसहितको वातावरण निर्माणमा हामी सबैले सहयोग गर्न सक्नु पर्दछ । हामीले यस्तो विश्वको परिकल्पना गरौं, जहाँ प्रत्येक श्रमिकलाई सम्मानपूर्वक व्यवहार गरियोस्, उचित पारिश्रमिक, सभ्य कामको अवस्था र सामाजिक सुरक्षाको अधिकार प्रदान गर्ने वातावरण होस् । कार्यस्थलमा हुने शोषण, भेदभाव र असमानता उन्मूलनमा सबैले आ-आफ्नो स्थानबाट प्रयास गर्न जरुरी छ ।

अन्त्यमा, विश्व श्रमिक दिवस श्रम अधिकार र सामाजिक न्यायको लागि जारी संघर्षको सम्झना गर्ने दिन पनि हो । यो दिवसलाई हामीले एकता, करुणा र दृढ संकल्पहरुको नवीकरण गर्ने अवसरका रूपमा लिन सक्नु पर्दछ । यस अवसरमा श्रमिकहरुको विगतका संघर्ष र बलिदानहरुको सम्मान गर्दै सामाजिक-आर्थिक न्यायका लागि आफूलाई समर्पित गर्न सके मात्र यो दिवसको सार्थकता र महत्वको पुष्टि हुन सक्छ ।

धन्यवाद ।
२०८१ वैशाख १९ गते बुधबार ।
ने.सं. ११४४ चौलागा, अष्टमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

सीता जयन्ती, २०८१ को शुभकामना

[illegible]

धन्यवाद।

२०८१ जेठ ३ गते बिहीबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

गौतमबुद्ध जयन्तीको शुभकामना सन्देश

[illegible]

२०८१ जेठ १० गते बिहीबार।
नेपाल संवत ११४४ तछलाथ्व, पुर्णिमा।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

गणतन्त्र दिवस, २०८१ को शुभकामना सन्देश

१७औं गणतन्त्र दिवस, २०८१ को अवसरमा देश र विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा हार्दिक बधाई सहित सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका लागि विगतमा भएका जनआन्दोलन, जनसंघर्ष र मधेश जनविद्रोहका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान सहिदहरूको स्मरण गर्दै उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, त्यस क्रममा [illegible] र [illegible] परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

[illegible]

गणतन्त्र राजकीय शक्ति जनताको हातमा हुने महत्त्वपूर्ण राजनीतिक प्रणाली हो । [illegible]

[illegible]

'गणतन्त्र' को अर्थ- 'गण' को तन्त्र, अर्थात् 'आम नागरिकको शासन प्रणाली' हो । [illegible]

अन्त्यमा, नेपालको समृद्ध परम्परा, सांस्कृतिक विरासत, [illegible] गणतन्त्र दिवसलाई [illegible] गणतन्त्र दिवसको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

२०८१ जेठ १५ गते मंगलबार ।
(नेपाल संवत् ११४४ [illegible])

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

विश्व वातावरण दिवस, २०२४ को शुभकामना सन्देश

वातावरण संरक्षणमा विश्वव्यापी चेतना र कार्यलाई प्रोत्साहित गर्ने उद्देश्यका साथ मनाइने विश्व वातावरण दिवस, २०२४ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएको सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विश्व वातावरण दिवस वातावरणको लागि सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय दिवस हो । यो दिवस सन् १९७३ देखि संयुक्त राष्ट्र वातावरण कार्यक्रम (यूएनईपी) को नेतृत्वमा वार्षिक रूपमा विश्वभरी लाखौं नागरिकको सहभागितामा मनाइँदै आएको छ । यस वर्षको यो दिवस भूमि पुनर्स्थापना, मरुभूमिकरण र खडेरी प्रतिरोधमा ध्यान केन्द्रित गर्दै **'हाम्रो भूमि, हाम्रो भविष्य'** भन्ने मूल नाराका साथ नेपालमा पनि विविध कार्यक्रमको आयोजना गरी मनाइँदैछ । यो दिवसले जल, जमिन र जंगल लगायतका वातावरणलाई क्षति पुर्‍याउने कारक तत्वहरूको पहिचान गर्दै [illegible] विश्वास लिएको छु ।

विश्वले जलवायु परिवर्तनको संकट, प्रकृति र जैविक विविधतामा ह्रासीकरण, प्रदूषण र फोहोरमैला व्यवस्थापन जस्ता गम्भिर संकटको सामना गरिरहेको छ । यी संकटहरूले विश्वको पारिस्थितिकीय पद्धतिलाई आफ्नो चपेटामा पारेको अवस्था छ । [illegible] प्रभावित छन् । [illegible] यी गम्भिर संकट र समस्याबाट उन्मुक्तिका लागि सचेतना [illegible] आवश्यकता छ । वातावरणका लागि हानिकारक [illegible] आवश्यक छ ।

[illegible] वातावरणलाई सबैभन्दा बढी [illegible] यो संकट जति [illegible] गम्भिर हुन सक्छ । यो संकटबाट बच्नका लागि हामी सबै गम्भिर, सचेत, सतर्क र सावधान हुन अति आवश्यक छ । वृक्षारोपण, वनजंगल क्षेत्रको विस्तार, [illegible] उपकरणको उपयोग, जैविक इन्धनहरूको साटो सौर्य/विद्युतीय साधनहरूको प्रयोग गर्दै वातावरणलाई जीवनानुकूल बनाउन सकिन्छ । यतातिर पनि सबैको ध्यान जानु जरुरी छ ।

'[illegible] फर्काउन सकिन्न' भने झैं हामीले समयलाई पनि फर्काउन सक्दैनौं, तर [illegible] बढाउन सक्छौं, पानीको स्रोतहरूलाई पुनर्जीवित गर्न सक्छौं र माटोको उर्वरा शक्तिलाई फेरी पनि पहिलेको अवस्थामा ल्याउन सक्छौं । वातावरण, वनजंगल, पानीको स्रोत, माटोको उर्वरा शक्ति जोगाउने, संरक्षण र वृद्धि गर्ने अभिभारा, कर्तव्य र दायित्व हाम्रो सबैको हो ।

अन्त्यमा, वातावरण संरक्षण अभियानमा [illegible] हार्दिक धन्यवाद व्यक्त गर्दै विश्व वातावरण दिवसले वातावरण संरक्षणको साझा लक्ष्यमा एकजुट, दृढ संकल्प र प्रतिबद्ध भई अघि बढ्न प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ जेठ २३ गते बुधवार
(नेपाल संवत् ११४४ [illegible])

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

अन्तर्राष्ट्रिय योग दिवसको शुभकामना

अन्तर्राष्ट्रिय योग दिवस (जुन २१), २०२४ को अवसरमा देश र विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, सुस्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हरेक वर्षको जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवसका रुपमा नेपालसहित विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइन्छ । योग एउटा समग्र अभ्यास हो जसमा शारीरिक आसन, प्राणायाम (श्वास अभ्यास), ध्यान र नैतिक सिद्धान्त (यम र नियम) समावेश रहेको हुन्छ । यो मन, शरीर र आत्माबीच तादम्यता एवं सद्भावको भावलाई विकसित एवं त्वरित गर्ने प्रतिक पनि हो । यसले हामीलाई वर्तमानमा केन्द्रित हुँदै तनाव एवं नकारात्मकताबाट बच्न सिकाउँदछ । साथै, हामीलाई आफ्नो जीवनमा शान्ति र सद्भाव खोज्नमा सघाउँदछ । विश्व समुदाय र प्रकृतिबीच एकताको भाव खोज्ने एउटा माध्यम पनि योग भएकोले यसबाट विश्वमा शान्ति र शान्तिको आदर्शलाई बलियो एवं सुदृढ बनाउनमा पनि सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु ।

योगबाट हुने फाईदाहरुबारे सबैलाई दीक्षित गर्दै सिंगो मानव समुदायलाई योगाभ्यासप्रति थप प्रोत्साहित गर्न सके मात्र यो दिवसको सार्थकता, आवश्यकता र औचित्यताको पुष्टि हुन सक्दछ । मानिसको शारीरिक, मानसिक, भावनात्मक, सामाजिक एवं आध्यात्मिक आवश्यकताहरुलाई पुरा गर्नमा पनि यसबाट सहयोग पुग्दछ । पछिल्लो समय प्रचलनमा रहेका विभिन्न प्रकारका योगहरु फरक-फरक तरिका र उद्देश्यले गर्ने गरिन्छ । अन्तर्राष्ट्रिय योग दिवसको उद्देश्य योगाभ्यास र यसको फाईदाहरुबारे जनचेतना र जागरुकता बढाउने नै हो । त्यसैले योगको विभिन्न अभ्यासको माध्यमबाट शारीरिक, मानसिक एवं आध्यात्मिक लाभहरुको प्रचारप्रसार गर्ने विशेष अवसरका रुपमा हामीले यो दिवसलाई उपयोग गर्न सक्नु पर्दछ । यो दिवसले विश्वका सम्पूर्ण मानिसलाई राष्ट्रियता, धर्म र संस्कृति भन्दा माथि उठेर सबैलाई एउटै मञ्चमा ल्याउँदै विश्वव्यापी एकता अभिवृद्धि गर्न सहयोग गर्दछ ।

योगको समग्र दृष्टिकोण आम नागरिक र पृथ्वीको कल्याण गर्नु नै रहेकोले यसमा अन्तर्निहित अहिंसा, करुणा तथा सबै जीवित प्राणीहरुप्रति सम्मान प्रकट गर्ने सिद्धान्त-विश्वव्यापी शान्तिको बृहत्तर एवं व्यापक लक्ष्य अनुरुप हामी सबै सक्रियताका साथ अघि बढ्न जरुरी छ । योग दिवसले योगाभ्यासको फाईदाहरुबारे विश्वव्यापी जागरुकता बढाउँदै राम्रो स्वास्थ्यका लागि आदर्श जीवनशैली अपनाउनका लागि पनि प्रोत्साहित गर्दछ । यसले विश्वभर मृत्युको प्रमुख कारण तथा मुटु रोग, क्यान्सर र मधुमेह जस्ता नसर्ने रोगहरुको मुख्य जोखिमहरुको कारक 'शारीरिक निस्क्रियता'लाई निरुत्साहित गर्दै योगाभ्यासलाई नियमित दिनचर्यामा समावेश गर्न उत्प्रेरित पनि गर्दछ ।

अन्त्यमा, अन्तर्राष्ट्रिय योग दिवस शारीरिक अभ्यासलाई बढावा दिने उत्सव मात्र होइन कालजयी हाम्रा परम्परालाई स्मरण गर्ने महत्वपूर्ण दिन पनि हो, यो दिवसले मानव जातिलाई आफ्नो स्वास्थ्यप्रति जागरुकता प्रदान गर्दै योगाभ्यासबाट लाभान्वित हुने अवसर प्रदान गर्न सकोस् । यो दिवसबाट विश्वलाई एकताको सूत्रमा बाँध्न र योगको अनुकूलतामा समावेशितालाई अक्षुण्ण राख्न तथा स्वस्थ एवं खुशियाली मानव जीवनमा योगदान पुग्ने विश्वासका साथ अन्तर्राष्ट्रिय योग दिवसको फेरी पनि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ असार ७ गते शुक्रबार ।
नेपाल संवत् ११४४ तछलाथ्व, चतुर्दशी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

फोटो संग्रह खण्ड

औपचारिक समारोह

नव निर्वाचित उपराष्ट्रपति रामसहाय प्रसाद यादवको सपथग्रहण समारोह ।

तस्बिर सौजन्य : सूचना तथा प्रसारण विभाग ।

उपराष्ट्रपति कार्यालयमा सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवलाई स्वागत गर्दै ।

लैनचौरस्थित उपराष्ट्रपति भवन परिसरमा सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवले राष्ट्रिय झण्डोतोलन गर्नुहुँदै । साथमा उहाँकी धर्मपत्नि चम्पा देवी यादव ।

उपराष्ट्रपति भवन परिसरमा सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव सम्मान गारत ग्रहण गर्नुहुँदै ।

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव उपराष्ट्रपति कार्यालयमा पदभार ग्रहण गर्नुहुँदै । साथमा उहाँकी धर्मपत्नि चम्पा देवी यादव ।

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवले पदभार ग्रहण गरेपछि बधाई तथा शुभकामना दिन पुग्नु भएका उहाँकी भाउजु लालमति देवी यादव (स्वर्गवास भई सकेको) । साथमा सम्माननीय उपराष्ट्रपतिकी धर्मपत्नि चम्पा देवी यादव ।

काठमाडौंस्थित सैनिक मञ्च टुँडिखेलमा ७ चैत २०७९ मा घोडेजात्राको अवसरमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल, सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव सहित अति विशिष्ट व्यक्तित्वहरु ।

तस्बिर सौजन्य : सूचना तथा प्रसारण विभाग ।

